# अध्याय - एक

# अध्ययनको पृष्ठभूमी

## १. अध्ययनको परिचय

समाजको स्वाभाव प्रगतिशील र परिर्वतनशील हुन्छ । यसैका कारण हिजोको समाज भन्दा आजको समाज निश्चित रुपमा फरक छ भने भोलिको समाज आजको भन्दा फरक हुनेनैछ । यो सामाजिक परिर्वतनको सार्वभौमिक नियम हो । सामाजिक परिर्वतनले समग्र समाजलाई परिर्वतन र रुपान्तरण गर्दछ तर सामाजिक परिर्वतनको गतिमा एकरुपता भने नहुन सक्दछ । समाज सामाजिक सम्बन्धको जालो भएकाले एउटा सामाजिक पक्षमा परिर्वतन हुदाँ अन्य पक्षहरुमा पनि प्रभाव परी समग्र पक्षको परिर्वतन हुन्छ । अर्कातर्फ योजनावद्ध रुपमा पनि यी समग्र पक्षको परिर्वतन गरी सामाजिक परिर्वतन गर्न सकिन्छ ।

हिजोको घुमन्ते र शिकारी युग परिर्वतन हुदै आज विज्ञान र प्रविधिको युग सम्म पुगिसकेको छ । हिजो प्रयोग गरिने ढुङगे हतियार आज अन्तरिक्षबाट अन्तरिक्ष माहान्न सक्ने अवस्था सम्म पुगेको छ । भू उपग्रहका माध्यमबाट पनि आक्रमण सहज भएका छन् । सामाजिक परिर्वतनसँगै भएका यी सांस्कृतिक परिवर्तनले पनि समाजको स्वरुप बदलिरहेको छ । प्रथम विश्व भनेर चिनिने अमेरिका मात्र हैन दोस्रो विश्वका रुपमा रहेका वेलायत, जापन, तथा नेपाल जस्ता तेस्रो विश्वका राष्ट्रहरुमा पनि सामाजिक परिर्वतन भैरहेको छ । विभिन्न कारणहरु जस्तो औद्योगिकीकरण, पश्चिमिकरण, आधुनिकीकरण, शहरीकरणबाट मात्र होइन प्रविधि र माथि उल्लेख गरेभैंं योजनावद्ध रुपमा पनि विश्वमा सामाजिक परिर्वतन भैरहेको छ । सामाजिक परिर्वतनका विभिन्न सिद्धान्तहरुः जस्तो आर्थिक सिद्धान्त, प्रविधि सिद्धान्त, द्वन्द्व सिद्धान्त, उदविकास वादी सिद्धान्त समायोजन सिद्धान्त, सांस्कृतिक आदानप्रदान सिद्धान्त, एकता सिद्धान्त सांस्कृतिक अन्तरक्रिया सिद्धान्त जस्ता प्रमुख सिद्धान्तहरुले पनि सामाजिक परिर्वतनलाई व्याख्या र विश्लेषण गरेका छन ।

सामाजिक परिर्वतनका यस्ता विभिन्न तत्व र सिद्धान्तहरुले महिलाको सम्पत्ति सम्बन्धी अधिकारमा पारेको प्रभाव पारेको हुन्छ । यहाँ राजनैतिक परिर्वतनका कारण नेपालमा भएको समग्र सामाजिक परिवर्तन र नेपालको पहिलो लिखित कानुनको रुपमा रहेको १९१० को मुलुकी ऐनको परिमार्जित रुप २०२० को मुलुकी ऐनमा ११ औ संसोधनमा समेटिएका व्यवस्थालाई तुलनात्मक रुपमा उल्लेख गरिएको छ । त्यस्तै मानव सम्वन्ध आएको परिवर्तनले महिला अधिकारलाई कसरी आत्मसात गरेको छ भन्ने जस्ता कुराहरुलाई मुलुकी ऐन सँग जोडेर हेरिने छ ।

प्राचीन कालमा कानुन नै धर्म र धर्म नै कानुन थियो (श्रेष्ठ, २०५४:१६९) । किराँतहरुले मुँधुमको आधारमा काम गर्दथे (चेमजोङ्ग १९६१:१५) जो धर्मकै आधारमा बनाइएको थियो । यो

समयमा महिलाहरुलाई चरित्रहिनताको रुपमा लिइएको थियो । छोरीलाई विवाह नभए सम्म सम्पत्तिमा कुनै अधिकार दिइदैनथ्यो (रेग्मी, १९६९:२७३) । त्यसैले त्यस समयमा सम्पत्ति सम्बन्धी अधिकारमा महिलालाई वन्चित गराएको पाइन्छ । मध्यकालमा पनि महिलाहरुलाई अधिकारबाट वन्चित गरियो बहुविवाहलाई सामान्य रुपमा लिने (शाह,१९२०:१००) जस्ता व्यवस्था गरिए जुन महिला अधिकार विरुद्ध थिए । आधुनिक कालमा आएर पनि महिलाको अधिकारको व्यवस्था संरक्षण र संवर्द्धन विशेष रुपमा हुन सकेको छैन । राणाकालमा महिलाहरु पर्दा भित्र नै रहे भने नेपालको पहिलो तर कहिल्यै लागु नभएको संविधान नेपाल वैद्यानिक कानुन २००४, मा समानताको हक राखिए पनि त्यसले महिला अधिकार र सम्पत्ति सम्वन्धी अधिकारको संरक्षण गर्न सकेन । त्यसपछि बनेका अन्य संविधानहरु अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान, २०१९ र नेपाल अधिराज्यको संविधान २०४७ मा गरिएका समानता जस्ता व्यवस्थाहरु प्रर्याप्त भएनन् भने नेपाल अधिराज्यको संविधान २०४७ को धारा १७ मा गरिएको सम्पत्तिको हक सम्वन्धी शीर्षकमा महिलालाई सम्पत्तिको अधिकारको विशेष व्यवस्था गरिएन । जनआन्दोलन २ पछि निर्मित नेपालको अनतरिम संविधान २०६३ को धारा १९ मा सम्पत्तिको हकलाई भौतिक हकका रुपमा उल्लेख गरिएको छ ।

अहिले नयाँ संविधान बनेपछि पनि संविधान विपरित कानुनहरु परिवर्तन हुन सकेको छैन्न । जसले गर्दा महिलाले महिला भएकै कारणले सम्पत्ति सम्वन्धी हकबाट वन्चित हुन परिराखेको छ । प्रत्येक नागरिकको सम्पत्ति सम्वन्धी अधिकार नै यस्तो अधिकार हो । जुन पूर्ण व्यक्तित्व विकासको निम्ती आवश्यक पर्दछ । सन् १९१० सालको मुलुकी ऐनमा पनि पति मर्दा पत्नीले सती जानुपर्ने कमारा कमारी राख्न र विक्री गर्न पाउने जस्ता प्रावधान धेरै वर्षसम्म रही कालान्तरमा संशोधन हुँदा निषेध गरिए पनि पुरुषले धेरै महिलासँग बहुविवाह गर्न पाइने पत्नीलाई जारी गरेमा जारी खत भराई दण्ड सजाय दिलाई आफूले विवाहमा दिएको धनमाल फिर्ता गराउन पाउने जार काट्न पाउने, जातका आधारमा घटीबढी सजाय हुने कानुनी व्यवस्थाले महिलालाई भेदभाव मात्र होइन पुरुषको निजी चल सम्पत्तिको रुपमा परिभाषित गरेको थियो । महिला आन्दोलनको कारण १९१० को मुलुकी ऐनमा ११ औ शंसोधन भई २०५८ सम्म आइपुग्दा यसका विभिन्न महलहरुमा महिला अधिकार सम्वन्धी र सम्पत्ति सम्वन्धी व्यवस्था गरिएका छन् ।

महिला अधिकारका बारेमा गरिएका व्यवस्थाहरु भेदभाव पूर्ण र अपर्याप्त भएकोले त्यसका लागि महिला आन्दोलन विश्वव्यापी रुपमा म्यारी ओलस्टोन (१९७२) को अ भिन्डिकेशन अफ राइट अफ ओमेन भन्ने पुस्तकको प्रकाशन पछि समान अवसर समेतका लागि १९९५ को वेइजिङ्ग सम्मेलन हुदै अहिले सम्म आई पुगेको छ । यसै बीचमा महिला र विकास, विकासमा महिला र जेण्डर र विकास जस्ता अवधारणहरु विकशित भएका छन् भने अर्कोतर्फ उदार महिला आन्दोलन

आमुलवादी महिला आन्दोलन, माक्सवादी महिला आन्दोलन र समाजवादी महिला आन्दोलन जस्ता आन्दोलन भैरहेका छन् ।

यता नेपालमा हिन्दु धर्मले नेपाली महिलालाई देवीको रुपमा लिएपनि वास्तविक सामाजिक जीवन शोषित पीडित भएकाले त्यसबाट मुक्ति पाउन पंचायती व्यवस्था पूर्व नै १९१७ मा योगमया कोइरालाको अध्यक्षतामा गठित महिला समितिबाट शुरु भएको नेपाली महिला आन्दोलन आफ्नो अधिकारका लागि विभिन्न समयमा संघर्ष गर्दै अहिलेको अवस्था सम्म आई पुगेको छ ।

महिलाहरु यसरी आफ्ना हकअधिकारका लागि लड्दालड्दै पनि उनीहरुका अधिकारीले पूर्णता पाएको छैनन् । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ लाई नेपालले अनुमोदन गरिसकेको छ तर पनि त्यसमा व्यवस्था गरिएका अधिकारबाट महिला वन्चित छन् । "प्रत्येक व्यक्तिलाई एक्लै र अरुसँग मिलेर सम्पत्तिको स्वामी हुने अधिकार तथा कुनै पनि व्यक्तिलाई सम्पत्तिबाट जथाभावी तरिकाबाट वनिचत नगराइने" (धारा १७,(१) (२) (मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८) व्यवस्थाबाट महिला वन्चित त छदै छन् महिला विरुद्ध हुने सबै भेदभावको उन्मूलन सम्वन्धी महाँसन्धी १९७९ अनुमोदन गरेर पनि नेपालमा महिला त्यसबाट टाढेछन् । यस्ता थुप्रै अन्तराष्ट्रिय कानुनबाट प्राप्त अधिकार र मुख्य रुपमा तिनका आधारमा प्राप्त संवैधानिक तथा कानुनी अधिकारबाट समेत महिला वन्चित छन् । यस्तो अवस्थामा मुख्य रुपमा मुलुकी ऐनमा गरिएका महिला अधिकार (सम्पत्ति) सम्वन्धी व्यवस्थाका कमीकमजोरीलाई हटाई व्यवहारिक समस्या समाधान गर्नु वर्तमान अवस्थाको जल्दो वल्दो विषय भएकोले यो सान्दर्भिक परिवेशमा र शीर्षकमा अध्ययन गरिएको छ । साथै विषय वस्तुको सार्वजनिक महत्व कारण अध्ययन गर्न प्रेरित भएकोले पनि यसलाई छनौट गरिएको छ ।

## २. समस्या कथन

सामाजिक परिवर्तन हुदाँ विभिन्न पक्षहरुमा परिवर्तन भई मानिसहरुले आ–आफ्ना हक अधिकारको उपयोग गर्न पाउँछन् । अन्तराष्ट्रिय राजनीतिक परिवेशले विभिन्न राष्ट्रहरुमा प्रभाव पार्दा पनि त्यहाँको सामाजिक परिवर्तन हुन्छ । जसका कारण सबै तहका नागरिकहरु प्रभावित हुन्छन् । समाज परिवर्तन हुदाँ मानिसहरुले आफ्नो अधिकारको उपभोग गर्न पाउदछन् । तर हाम्रो संदर्भमा महिलाहरु प्राचीन काल देखि नै अधिकारबाट वंचित छन् ? उनीहरुलाई किन कठोर सजायको पात्र बनाईन्छ । किन भेदभाव युक्त कानुनी व्यवस्था विद्यमान छन् ? नेपालमा मुल कानुनमा महिला अधिकार संवन्धी संगम व्यवस्था भएपनि ती मुल कानुनको आधारमा बनाईएका कानुन किन भेदभाव युक्त व्यवस्था छन् ? किन अधिकार प्राप्त गर्नुपर्ने आधा हिस्सालाई व्यवास्था गरिन्छ ? मुलुकी ऐनमा गरिएका महिलाका सम्पत्ति सम्वन्धी अधिकार के के हुन ? महिलाले सम्पत्ति प्राप्त गर्ने श्रोतहरु के के हुन ? त्यसमा के के पर्याप्तता र अपर्याप्तता छन् ? जस्ता महिलाहरु

व्यवहारिकतामा आर्थीक अवस्थाबाट कमजोर हुनुमा के जिम्मेवार छ ? महिलाका आर्थिक अवस्थालाई कसरी वलियो बनाउन सकिन्छ ? महिलालाई सम्पत्तिको स्वामी कसरी बनाउन सकिन्छ भन्ने प्रश्नहरुको उत्तर यहाँ खोजिएको छ ? समस्या कथनको रुपमा रहेका यी प्रश्नहरुको उत्तरले व्यावहारिक समस्या समाधान गर्न र भोलिका दिनहरुलाई मार्ग निर्देशन गर्न सहयोग गर्नेछन् । यस तर्फ नसोचिए समानता मुलक समाजको कल्पना समेत गर्न सकिदैन र सामाजिक परिवर्तनले मूर्त रुप लिन सक्दैन ।

## ३. अध्ययनको उद्देश्य

यस अध्ययनको महिलाको साम्पत्तिक तथा व्यवहारिक पक्षको अध्ययन गर्नु हो । यसका अतिरिक्त यस अध्ययनका निम्न उद्देश्य रहेका छन् ।

१. महिलाको सांम्पतिक अधिकारको श्रोत र पृष्ठभुमि खोज्ने ।

२. मुलुकी ऐनमा रहेको महिलाको साम्पत्तिक अधिकारलाई उल्लेख गर्ने ।

३. महिलाको साम्पत्तिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय र राष्ट्रिय कानूनमा भएको व्यवस्थाको सैद्धान्तिक लेखाजोखा गर्ने ।

४. महिलाको साम्पत्तिक मानव अधिकारको बारेमा उल्लेख गर्ने ।

५. अध्ययन क्षेत्रका महिलाको साम्पत्तिक अवस्थालाई व्यवहारिकतामा हेर्ने ।

## ४. अध्ययनको औचित्य र महत्व

यस अध्ययनको निम्न औचित्य र महत्व रहेको छ ।

१. महिलाको साम्पत्तिक श्रोत र पृष्ठभूमीका बारेमा जानकारी हुन्छ ।

२. सम्पत्तिका सम्बन्धमा महिलाको पहुँच बारे खोजी हुन्छ ।

३. महिलाको साम्पत्तिक अधिकार सम्बन्धी कानूनी व्यवस्था र व्यवहारीक वास्तविकताको जानकारी हुन्छ ।

४. महिलाको सामपत्तिक मानव अधिकारको बारेमा जानकारी प्राप्त हुन्छ ।

५. थप अनुसन्धानको लागी मार्ग प्रशस्त गर्दछ ।

## ५. अध्ययनको सीमा

महिलाको साम्पत्तिक अधिकार जस्तो विषयलाई अन्राष्ट्रिय कानून, संविधान र ऐन कानूनका आधारमा उल्लेख गर्दा कुनै सीमा नराख्ने हो भने अत्यन्तै वृहत हुने र समय स्रोत साधनले नभ्याउने भएकोले यो अध्ययनमा सीमा वाधिएको छ । यो अध्ययनमा प्राचीन कालदेखि १९१० को मु.ऐन बन्दासम्मको समयमा भएका महिला अधिकारलाई अध्ययनको पृष्ठभूमिको लागि संक्षिप्त

रुपमा उल्लेख गरिएको छ भने १९१० मा बनेको मुलुकी ऐन र त्यसै बमोजिम बनी २०२० साल देखि लागू भएको मुलुकी ऐनमा ११ औं संशोधन २०५८ हुँदा त्यहाँ गरिएका महिलाका साम्पत्तिकको अधिकारलाई महल वमोजिम छुट्टाछुट्टै रुपमा उल्लेख गरिएको छ र यही सम्पत्ति सम्वन्धी अधिकारमा नै जोड दिएको छ । अन्तराष्ट्रिय कानून र संविधानमा गरिएको व्यवस्था मुलुकी ऐनमा गरिएको व्यवस्थालाई नै पुष्टि गर्ने आधारको रुपमा रहेका छन् । मुलुकी ऐनलाई त्यसका महल महलमा गरिएका विषय वस्तु विश्लेषण गरी तुलनात्मक अध्ययन गरिएको छ र ११ औं संशोधनलाई नै बढी महत्व दिइएको छ ।

## ६. अध्ययनको संगठन

यस शोधपत्रलाई निम्न ५ अध्यायमा विभाजन गरी विभिन्न शीर्षक उपशीर्षक अन्तर्गत रही अध्ययन गरिएको छ ।

अध्याय एक - अध्ययनको पृष्ठभूमी

अध्याय दुई - महिला सम्पत्तिका स्रोत

अध्याय तीन - महिलाको साम्पत्तिक अधिकार : मानव अधिकार तथा लैङिक अधिकार

अध्ययन चार - तथ्याङ्िय तालिकिकरण, विश्लेषण तथा प्रस्तुतीकरण

अध्याय पाँच - निष्कर्ष तथा सुझावहरु

## ७. पूर्व साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक समिक्षा

नेपालमा महिलाको साम्पत्तिक हक अधिकारका बारेमा पहिला के कहाँ उल्लेख गरिएको थियो भनेर हेर्दा, सर्वप्रथम संविधान मुलुकी ऐनलाई नै हेनुपर्दछ । लिखित रुपमा महिलाका साम्पत्तिक अधिकारलाई सबै भन्दा पहिला मुलुकी ऐनमानै उल्लेख गरिएको थियो । किन भने मुलुकी ऐन नै नेपालको पहिलो लिखित कानुन थियो । यस अध्ययनमा मुलुकी ऐनमा एघारौ र त्यस पछि वर्तमान सम्म सम्पत्ति संबन्धी अधिकारमा भएका संसोधनलाई एकल महिला (विधवा) र अन्य महिला (सधवा) का बारेमा गरिएका व्यवस्थालाई छुट्टाछुट्टै उल्लेख गरिउको छ तर त्यो भन्दा अगाडि मुलुकी ऐनको ऐतिहासिक पृष्ठभूमीलाई उल्लेख गर्नुपर्ने हुन्छ ।

मुलुकी ऐन नेपालको सबै भन्दा पुरानो लिखित कानुन हो । कानुन राज्य व्यवस्था सुचारु रुपले संचालन गर्नका लागि बनाउने गरिन्छ । राज्य व्ब्वस्था संचालन गर्ने कामका लागि व्यवस्थापिकाले कानुन बनाउने, कार्यपालिकाले कार्यान्वयन गर्ने र कार्यापालिकाले कार्यान्वयन गर्दा गल्ती, कमी कमजोरी गरेमा त्यसलाई सही रुपमा परिपालन गराउने काम स्वतन्त्र न्यायपालिकाले गर्दछ । आधुनिक खुल्ला लोकतान्त्रिक शासन प्रणालीमा सरकारका यी तीनवटै अंगमा शक्ति, प्रयक्तिकरण नियन्त्रण र संतुलनको सिद्धान्तको अवलम्वन गरिएको हुन्छ ।

मानिसलाई अनुशासित बनाइ अधिकार र कर्तव्य प्रति सचेत बनाउन नै कानुनको निर्माण हुदै आइरहेको हो । प्राचीन अवस्थामा कानुन र धर्म बीच घनिष्ट संबन्ध रहेको थियो । अहिले पनि धेर थोर धर्मबाट कानुन प्रभावित भैरहेकै अवस्थामा तत्कालीन समयमा त कानुन नै धर्म र धर्म नै कानुन भन्ने अवधारणा थियो । वास्तवमा मानव सभ्यताको विकास र राज्यको आधुनिकीकरणसंगै कानुनको अवधारण बढी विकसित भई मानिसहरु कानुन र आफ्ना अधिकार प्रति सचेत भएका हुन र राज्यले पनि आफ्ना नागरिकलाई विभिन्न हक अधिकार दिन लागेको हो । प्राचीन जंगली अवस्थामा मानिसहरु वर्वर अवस्थाबाट गुज्रीरहेका थिए यहि अवस्थाको अन्त गर्नको लागि र मानिसलाई नियन्त्रित र सम्यमित बनाउनका लागि कानुनको आवश्यकता भई निर्माण गरी अधिकारको व्यवस्था गरिएको हो । मुख्यतः मानिसहरुको धर्मप्रतिको विश्वास घट्दै जाँदा वा धर्मको परिपालन हुन छाडेपछि कानुनको आवश्यकता परेको हो यसरी बनाइएको कानुनले शान्ति सुरक्षा हक अधिकार निश्चित गरी राज्य व्यवस्था संचालन हुदै आइरहेको छ ।

नेपालमा कानुन विकासको संदर्भ व्यक्ति पूरानो छैन । लिच्छविकाललाई स्वर्णिय युगका रुपमा चिनिन्थ्यो । त्यस समयमा राजानै सर्वेसर्वा हुन्थे । किरांतकाल मल्लकालमा पनि धर्मकै भरमा शासन चलाउने गरेको पाइन्छ । शाहकालमा मुख्यगरी जंवगबहादुर राणाको बेलायत भ्रमण पछि १९१० साल पौस ७ गते विहिबारका दिनदेखि देशभरि लागू हुने गरी १६३ महलको मुलुकी ऐन जारी भएको थियो । त्यसबेला नेपालमा राजा सुरेन्द्र विक्रम शाह थिए । उक्त मुलकी ऐन हिन्दु धर्मबाट प्रभावित थियो । त्यहाँ महिलाका साम्पत्तिक अधिकारलाई सुरक्षित गरिएको थिएन ।

उक्त १९१० सालको श्री ५ सुरेन्द्र विक्रम शाहका पालाको मुलुकी ऐन विभिन्न समयका परिमार्जन भई चलिरहेको थियो । त्यसमा भएका सबै व्यवस्था धर्मबाटै प्रभावित भएका र त्यहाँ असमान व्यवस्था रहेकाले उक्त ऐनलाई व्यापक परिमार्जन गरी २०२० साल भाद्र १ गते देखि लागू गरिएको थियो । उक्त २०२० सालको मुलुकी ऐन जारी गर्दा तत्कालीन नेपाल कानुन सुझाव आयोगसँग संवद्ध विश्वनाथ उपाध्याय जो २०४७ सालको संविधान सुझाव आयोगका अध्यक्ष र सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायधिस समेत हुनुभएको थियो, उहाँको सुझावको प्रमुख सहयोग लिइएको थियो ।

यो मुलुकी ऐनमा १० औ पटक सम्म संसोधन हुदाँ पनि महिलाको साम्पत्तिक हक अधिकार र समानतालाई कुनै वास्ता गरिएन । यहि परिप्रेक्ष्यमा २०४६ सालको जनान्दोलनको सफलता पछि प्रजातन्त्रको पुनस्थापना र राजनीतिक सामाजिक परिर्वतन भई तत्कालीन नेपाल अधिकारको संविधान २०४७ लागु भई त्यहाँ समानताको हक, र सम्पत्तिको हक र अन्य हकहरुलाई समेत भौतिक हकमा उल्लेख गरियो तर यस्तो गर्दा पनि नेपालमा महिलाको सांपत्तिकको हकको पूर्ण प्रत्याभूती र समानता कायम हुन नसकेकोले सचेत महिला सुभेच्छक संघसंस्था आदिबाट महिलाको

सांपत्तिकको हकको प्रत्याभूती गरी नेपाल अधिराज्यको संविधान २०४७ को समानता र सम्पत्ति संबन्धी भौतिक हकको आधारमा तत्कालीन मुलुकी ऐनमा भएका महिलाका सांपत्तिकको अधिकार संबन्धी असमान व्यवस्था हटाउनका लागि सम्मानित सर्वोच्च अदालतमा रित राख्ने काम भयो । त्यसै अनुसार ने.का.प. २०५२ अंक ६ प्र. ४६२ निवेदक मिरा खनाल विरुद्ध तत्कालीन श्री ५ को सरकार, कानुन न्याय तथा संसदिय व्यवस्था मन्त्रालय समेत भएको मुद्धामा अंश र सम्पत्तिका बारेमा व्यापक व्याख्या भई समाजशास्त्री महिला कानुन व्यवसायी संघ संस्था सँग परामर्श गरी अध्ययन गरी दुई बर्ष भित्र उपर्युक्त विधेक संसदमा पेश गर्न आदेश गरेको थियो । ने.का.प २०५३ अंक ७ पृष्ठ ५३७ नि.नं. ६२२३ निवेदक चन्दा वज्रचार्य विरुद्ध संसद सचिवालय सिह दरवार समेत भएको रिट निवेदनमा मुलुकी एनमा अंशवडा लगायत अन्य महलमा भएका सम्पत्ती संवन्धी असमान व्यवस्था हटाइ कानुन बनाउन २ वर्ष भित्र विधेयक प्रस्तुत गर्न आदेश भएको थियो । सो रिट निवेदका माध्यमबाट सर्वोच्च अदालतले देखाएको न्यायिक सक्रियताका आधारमा मुलकी ऐनमा ११ औ संसोधन भएको थियो । ती रिट निवेदनमा सर्वोचच अदालतबाट बाभिएका कानुन हटाउने गरी २ बर्ष भित्र कानुन बनाउन आदेश भएको थियो तर ढिला गरी २०५८ सालमा मुलुकी ऐनमा संसोधन भयो र महिलाको साम्पत्तिकको अधिकारमा पनि प्रशस्त सुधार भयो तर त्यसबाट पनि अझ साम्पतिक हकको समानताको प्रत्याभूति नभएकाले त्यसलाई संसोधन गर्नेका लागि विभिन्न ठाउँबाट दवाव आइरहेको र सर्वोच्च अदालतमा रिट निवेदनहरु पुन परिरहेको अवस्थामा सर्वोच्च अदालतबाट विभिन्न आदेश र फैसला समेत भएको छन् । त्यस्तै लैगिक न्याय कायम गर्न भनी हाल मुलुकी ऐनमा संसोधन भएको छ र महिलाको सांपत्तिकको हकलाई सुरक्षीत गर्ने गरी परिर्वतन भईरहेको छ ।

सम्पत्ति मानव जीवनको महत्वपूर्ण पक्ष भएकाले यसलाई हक अधिकारका रुपमा स्थापित गरिनु पर्दछ भन्ने मान्यता रही आएको हो । नेपालमा संपत्ति कानुनलाई एउटै कानुनमा संहिताकरण गर्न सकिरहेको छैन । सम्पत्ति भोग, आर्जन, स्वमित्व, हस्तारण, वेचविखन, दानवकश आदि माध्यामबाट प्राप्त हुने गर्दछ ।

सम्पत्ति के हो भन्ने संदर्भमा हेर्दा यस भित्र मूर्त अमूर्त कुराहरु पर्दछन् भन्ने बुझिन्छ समग्रमा ती मूर्त र अमूर्त चिज वा वस्तु जसको उपयोगिता र मूल्य हुन्छ त्यसलाई सम्पत्ति भनिन्छ । यस अन्तर्गत घर जग्गा जमिन आदि अचल र नगद धन वाहन वस्तु आदि चल सम्पत्ति दुवै पर्दछन् । सम्पत्ति के लाई मान्ने बुझने भन्ने कुरा अत्यनत कठिन भएकाले सरल सहज रुपमा परिभाषित गर्न सकिदैन । सम्पत्ति संबन्धी अधिकार भित्र, प्रयोग गर्ने, उठाउने भोग गर्ने राख्ने वेचविखन हस्तान्तरण गर्ने आदि सर्वोच्च निश्चित अधिकार रहेको हुन्छ । यस्तो अधिकार कानुनी रुपमा रहेको हुन्छ । सम्पत्तिलाई भौतिक र अभौतिक रुपमा मान्ने गरिन्छ । भौतिक सम्पत्ति प्रत्यक्ष

देख्न छुन चिन्न सकिन्छ, यस अन्तर्गत घर, जग्गा, जमिन, सवारी साधन, गाई वस्तु दोपाया चौपाय, आदि सम्पत्ति पर्दछन् । भौतिक सम्पत्ति चल सम्पत्ति र अचल सम्पत्ति गरी दुई तहमा रहने हुन्छन् । सामन्यतया भौतिक सम्पत्ति अन्तर्गतका ती संपूर्ण सम्पत्ति जसलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन वा लैजान सकिन्छ त्यसलाई चल सम्पत्ति भनिन्छ । यस अन्तर्गत नगद, पैसा, सुन, चाँदी सवारी, हात्ती, घोडा आदि पर्दछन् । त्यस्तै भौतिक सम्पत्तिको अर्को पाटोका रुपमा अचल सम्पत्ति रहेको हुन्छ । अचल सम्पत्तिलाई चल सम्पत्तिको जस्तै गरेर एक ठाउँबाछट अर्को ठाउँमा पुऱ्याउन लैजान सकिदैन । यस अन्तर्गत घर जग्गा, जमिन, जंगल आदि पर्दछन् ।

सम्पत्तिको अर्को पाटो वा प्रकार अभौतिक सम्पत्ति हो । जुन सम्पत्तिलाई भौतिक सम्पत्ति जस्तै गरी प्रष्ट रुपमा देख्न छुन सकिदैन वा जसको कुनै आकार र स्वरुप हुदैन त्यस्तो सम्पत्तिलाई अभौतिक सम्पत्ति भनिन्छ । यस्ता सम्पत्ति अन्तर्गत बौद्धिक सम्पत्ति, कपि रायट, ट्रेड मार्क, व्यापारिक चिन्ह आदिलाई लिन सकिन्छ ।

सम्पत्तिमा स्वामित्व भएन भने त्यो सम्पत्ति माथि पूर्ण अधिकार नभएको मानिन्छ । वास्तवमा स्वमित्व भनेको कुनै चल अचल, भौतिक चीज वस्तु माथिको कुनै पनि व्यक्तिको अधिकार हो । सम्पत्तिमा स्वामित्व रहेमा त्यो सम्पत्ति विना रोकटोक आफूखुशी भोगचलन बेचविखन, लेनदेन आदि गर्न पाउने एकलौटी अधिकार रहेको हुन्छ । यस्तो अधिकार नेपाली महिलाले के कसरी प्रयोग गरिरहेका छन् भन्ने कुरा विश्लेषणको विषय बनिरहेको छ ।

सम्पत्ति मानिसको आवश्यकता सँग संम्बन्धित भएकाले यो गर्भ देखी मृत्यु पर्यन्त चलिरहन्छ । जस्तो कुनै बच्चा वच्ची गर्भमा रहँदै उसले अंशको अधिकार राख्दछ र यस्तै अन्य अधिकार पनि राख्दछ त्यस्तै जन्मैदेखि मृत्यु अगाडि जीवित रहँदा जीवन भर आफ्ना यी विभिन्न आवश्यकता पूरा गर्नमा पनि सम्पत्ति नै चाहिन्छ । कुरा यति मात्र फरक हो कि–त्यो आवश्यबता फरक फरक रहन सक्दछ । त्यस्तै मृत्यु पर्यन्त अन्तिम संस्कारमा पनि सम्पत्ति नै चाहिन्छ ।

सम्पत्ति मानव जीवनको महत्वपुर्ण पक्ष भएकाले कसैले कसैको सम्पत्ति हरण गऱ्यो भने त्यो हरण हुनेका लागि सह्य हुदैन । त्यसैले भनिन्छ मानिसले आफ्ना बाबुआमा छोराछारीको हत्या, अपहरण र यति सम्मकी आफ्नो श्रीमतीको अस्मिता हरण गरेको पनि सहन सक्छ तर आफ्नो सम्पत्ति हरण गरेको देख्न सहन सक्दैन । यस कुराले पनि सम्पत्तिको महत्वलाई पुष्टि गर्दछ ।

यसरी त्यस्ता भौतिक वा अभौतिक वस्तु जसको भौतिक मूल्य हुन्छ र उपयोगिता हुन्छ ती सम्पत्तिका रुपमा रहेको हुन्छन सम्पत्तिको अधिकार नेपालको आम कानुन (सामान्य कानुन) मुलुकी ऐनमा विभिन्न महलहरुमा यद्यपी कसरी रहेका छन् त्यसको विश्लेषण हुनु जरुरी देखिएको छ । मुलुकी ऐनका विभिन्न महलमा भएका महिलाका सांमत्तिको अधिकारको प्रत्याभूति हुनु जरुरी भएकाले त्यसलाई कसरी भएका छन ती सबैको विश्लेषण र व्याख्या गर्नु पर्ने अवस्था रहेको छ ।

सम्पत्तिको परिभाषा मान्यता भित्र नपर्ने गरी गरिएका व्यवस्थालाई उल्लेख गरी त्यसका कमीकमजोरी देखाउन र कसरी प्रत्याभूत गर्न सकिन्छ त्यसको निक्यौल गर्नलाई पनि नै यो अध्ययन गरिएको छ ।

महिलाको साम्पात्तिक अधिकारको बारेमा अन्तराष्ट्रिय सन्धी, संझौता वा कानुनहरुमा के व्यवस्था गरिएको छ भन्ने संदर्भमा हेर्दा पहिलो त सम्पत्ति समानताको हकलाई लिएर सम्मानित सर्वोच्च अदालतमा परेका रिट निवेदनहरुबाट पनि स्पष्ट हुन सकिन्छ दोस्रो संयुक्त राष्ट्रसंघको महांसन्धीमा महिलाको सम्पत्ति संबन्धी अधिकारलाई स्पष्ट उल्लेख गरेको पाइन्छ । महिला उपर हुने संपूर्ण भेदभाव अन्त गर्ने संयुक्त राष्ट्रसंघको महांसन्धी १९७९ को धारा १५ ले महिलाहरुलाई सम्पत्ति सम्बन्धी संम्पूर्ण अधिकारहरु पुरुष सरह नै हुने कुराको व्यवस्था गरेको छ र नेपालले सो महांसन्धीलाई, अनुमोदन गरी आफूलाई सम्मिलित गरिसकेको छ । मानव अधिकारेको विश्वव्यापी घोषण पत्र १९४८ मा पनि सम्पत्तिको अधिकारलाई उल्लेख गरिएको छ । उक्त महांसन्धीको व्यवस्था नेपाल सन्धी ऐन २०४७ को दफा ९ वमोजिम नेपालको राष्ट्रिय कानुन सरह लागु हुने व्यवस्था छ । अर्कोतर्फ नेपालको कानुन र नेपालले अनुमोदन, सम्मिलन, स्वीकृत गरेका सन्धी संझौता, महासन्धी आदि अन्तराष्ट्रिय कानुनका व्यवस्था आपसमा बाझिएमा अन्तराष्ट्रिय कानुनको व्यवस्थाले प्राथामिकता पाउने व्यवस्था छ । यी प्रावधानको आधारमा नेपाली महिलाको सम्पत्ति संबन्धी अधिकारमा पुरुष सरह समानता रहनु पर्ने भन्ने स्पष्ट हुन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा ११ को उपधारा (१) मा गरिएको सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् भन्ने मौलिक हक संबन्धी व्यवस्थाले उल्लेखीत महांसन्धीको धारा १५ (१) सँग सामित्यता राखेको पाइन्छ । त्यसैले यी सबै व्यवस्थाका आधारमा मुलुकी ऐनमा ११ औ संसोधन हुनुपुर्व र संशोधन पश्चात गरिएका व्यवस्थालाई बुझ्न सकिन्छ ।

नेपालमा भखर्र सामजिक राजनीतिक परिर्वतन भएको छ । जनआन्दोलन भाग २ (२०६२–०६३) पछि नेपालमा नयाँ अध्याय शुरु भएको छ । नेपाल अधिराज्यको संविधान २०४७ खारेज भई हाल नेपालको आन्तरिम संविधान २०६३ लागु भैरहेको छ । उक्त संविधानमा पनि महिलाको सम्पत्ति संबन्धी समानताको अधिकार का बारेमा उल्लेख गरेको पाइन्छ । यस संविधानको भाग ३, मौलिक हक अन्तरर्गत धारा १३ मा समानताको हकको व्यवस्था गरिएको छ । उक्त धारा १३ को उपधारा १ मा–सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वंचित गरिने छैन भन्ने व्यवस्था गरिएको छ त्यस्तै उपधारा २ मा–सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमा धर्म, वर्ण, लिङ्ग, जात, जाती, उत्पत्ती, भाषा वा वैचारिक आस्था वा ती मध्य कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको छ । उता मौलिक हक अन्तर्गत धारा १९ को उपधारा (१) मा सम्पत्तिको हक अन्तर्गत–प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही

सम्पत्ति आर्जन गर्ने भोग गर्ने, वेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्न हक हुने छ भन्ने व्यवस्था गरी सम्पत्तिको हकलाई सुरक्षीत नै गरेको छ । त्यस्तै धारा २१ मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक दृष्टिले पछि परेका महिलालाई राज्यको संरचनामा सहभागी हुने हकको व्यवस्था गरी यस भन्दा अगाडी राज्यबाट महिलाको आर्थिक सम्पत्तिक हकको सुरक्षा गर्न नसकेको कुरा पनि स्वीकार गरेको छ ।

सामाजिक परिवर्तनसँगै मुलुकी ऐनमा गरिएको महिला अधिकार शीर्षकमा यस भन्दा अगाडि अध्ययन अनुसन्धान भएका छैनन् । यस अध्ययनमा मुख्यत सामाजिक परिवर्तन पछि नेपालमा महिलाले कस्ता अधिकार पाए भन्ने कुरा मुलकी ऐनलाई आधार मानेर माथि उल्लेखित विधिको आधारमा निष्कर्षमा पुगिएको छ । अध्ययन अनुसन्धानमा साहित्यको पुनरावलोकन सुरु देखि अन्तसम्म निरन्तर चलिरहने प्रक्रिया भएकोले यस अध्ययनको सन्दर्भमा सार्न्दभिक ठहरिएका अध्ययन गरिएका विषयहरुलाई परिचय खण्डमा पनि केहि उल्लेख गरिएको छ भने यस विषयसँग सम्वन्धित विषयहरुलाई क्रमिक रुपमा पछिल्ला अध्यायहरुमा पनि उल्लेख गरिएको छ । अहिल सम्मको अध्ययनमा यस शीर्षकमा अध्ययन अनुसन्धान भएको नपाइएकोले कसले ? कहिले ? किन अध्ययन गरे ? त्यसका सवल दुर्वल पक्ष के हुन् ? अध्ययनको निष्कर्ष के हो ? आकार कस्तो छ भन्ने जस्ता विषयको आधारमा पूर्व साहित्यको पुनरावलोकन गर्नु परेन । वरु यस अध्ययनले आगामी दिनहरुमा गरिने यस्तै अध्ययनलाई निर्देशित गर्नेछ ।

सामाजिक परिवर्तन र महिलाको साम्पत्तिक अधिकारका बारेमा सैद्धान्तिक कुराहरु अध्ययनको सीमाभित्र रहेर उल्लेख गरिने छ । जुन कुराहरु पछिल्ला अध्यायले पुष्टि गर्ने छन् । सामाजिक परिवर्तन र महिला अधिकारका बारेमा लेख रचना पुस्तकका रुपमा लेखिएको भएपनि यस अध्ययनको सीमा (सम्पत्ति) लाई सम्वोधन गरी एकै ठाउँमा मुलुकी ऐन बमोजिम उल्लेख नगरिएकोले सन्दर्भ अनुसार पछि प्रस्तुत गरिएको छ ।

महिलाको साम्पतिक अधिकार सम्बन्धी अन्य राष्ट्रमा भएका व्यवस्थालाई हेर्दा–वंगलादेशमा हिन्दु महिलाको सांम्पतिक अधिकार ऐन १९३७, भारतीय उतराधिकारा ऐन १९२५, विवाहित महिलाको सांपतिक ऐन (म्यारिड वोमेन प्रोपटि याक्ट) १९७४ मुख्य रहेका छन् । भारतमा लैगिक समानता र विवेक विरुधका लागी महिलालाई सशक्तीकरण गर्ने राष्ट्रिय निति २००१, दशौ पञ्च बर्षिय योजना (२००२–२००७) र महिला आरक्षण ऐनको व्यवस्था गरिएको छ यस्ता व्यवस्था अन्य राष्ट्रमा पनि पाइन्छ । जसलाई सेन्टर फर प्रोडक्टिभ राइट २००४ मा उल्लेख गरिएको छ । यी समर्ग व्यवस्थाको आधारमा नेपालमा महिलाको सांपतिक अधिकारको लेखाजोखा गर्न सकिन्छ ।

## ८. अध्ययन विधि

यस अध्ययनमा मुलुकी ऐनमा रहेको महिलाको साम्पतिक अधिकारलाई एकल महिला (विधवा) र सधवा महिला गरि छुट्टाछुट्टै उल्लेख गरिने छ । यस अध्ययनमा मुलत अनुसन्धान पद्वतिका विभिन्न प्रक्रिया र ढाँचा अवलम्बन गरिने छ । यस अध्ययनमा नेपालको मुलुकी ऐन २०२० एघारौ संसोधन २०५८ समेतलाई आधार लिई त्यहाँ भएका महिलाका सम्पति सम्वन्धि अधिकारलाई खोजीने छ। यस अध्ययनमा एउटै ढाँचा मात्र नभइ विषयवस्तु विश्लेषण, वर्णनात्मक, व्याख्यात्मक, एतिहासिक र काराणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

### तथ्याङ्कको स्रोत

यस अध्ययनमा माथि उल्लेखित ढाँचाको अवलम्वन गरी निस्र्कषमा पुग्न गुणात्मक तथ्याङ्कको प्रयोग गरिने छ । संख्यात्मक तथ्याङ्कको लागी दितिय स्रोतको पनि प्रयोग गरिने छ । त्यसका लागि पुस्तकालयको आधार लिइने छ। संविधान, ऐन, कानुन, नजीर, पत्रपत्रिका, सरकारी, गैरसरकारी,, दस्तावेज प्रतिवेदन, लेख, रचना त्यस्तै अन्तराष्ट्रिय सन्धि सम्झौता त्यसका लागि प्रयोग गरिएको छ ।

### नमुना छनोट

मुलकी ऐनलाई समग्रता मानी त्यहाँ गरिएका महिलाका साम्पतिक अधिकार सम्बन्धि महल (व्यवस्था) लाई अध्ययनको लागी छनोट गरिने छ । मुलुकी ऐनका विभिन्न ४३ महल मध्ये महिलाको साम्पतिक अधिकारसँग सम्बन्धीत अंशवंडा, लेनदेन, लोग्ने स्वास्नी, स्त्री अंशधन धर्म पुत्र, अपुताली, दानवकस, जवरजस्ती करणी हाडनाता करणी, विहावारी, जारी गरि ११ वटा महललाई अध्ययनको उद्देश्य र सुविधा बमोजिम सम्भावना रहित नमुना छनोट विधि द्धारा एकाईहरु छनोट गरिन्छ। त्यस्तै व्यवहारीक अध्ययनका लागी कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स. वडा नं.९ र ३ रहेको ठूलाचौर गाउँलाई छनौट गरी त्यहाँका सबै ५० घरधुरीका महिलाहरुको आर्थिक साम्पत्तिक अवस्थाको अध्ययन गरिएको छ। यी महलहरुबाट गुणत्मक तथ्याङ्कहरु समेतको आधारमा निस्कर्ष निकालिने छ।

### तथ्याङ्क संकलनका उपकरण

यस विषय वस्तु विश्लेषणत्मक अध्ययनमा अन्तरवार्ता, अवलोकन प्रश्नावली अनुसुची जस्ता प्राथमिक तथ्याङ्क संकलनका उपकराण र प्रविधिको प्रयोग गरिने छैन । त्यसैले उक्त उपकरणहरुको वैधता र विश्वसनीयताको परिक्षणको प्रश्न यस अध्ययनमा रहने छैन । मुलुकी ऐनबाट छनोट गरिएका उपरोक्त एकाईका लागी द्धितिय तथ्याङ्कको संकलन गर्न पुस्तकालयलाई प्रमुख आधार र स्रोत मानिएको छ । त्यस्तै प्राथमिक स्रोत प्रश्नावली र अवलोकनबाट प्राप्त तथ्याङ्कलाई तालिकिकरण गरी प्रतिशतको आधारमा विश्लेषण गरिएको छ । साथै उक्त तथ्याङ्कहरुलाई स्तम्भ चित्र र पाइचार्टमा चित्रद्धारा प्रस्तुतीकरण गरिएको छ ।

# अध्याय - दुई

## महिला सम्पतिका श्रोत

मानिस र सम्पत्ति एकापसमा अन्तरसंवन्धित छन् । यी दुईमा एकको अभावमा अर्को फिक्का हुन्छन् । त्यसोत सम्पत्तिलाई मानवीय जीवनको अत्यावश्यक वस्तु नै मानिन्छ । सम्पत्ति प्राप्त गर्ने विभिन्न श्रोतहरु हुन्छन् ती मध्ये महिलाका सम्पत्तिका श्रोतहरुलाई नेपालको सामन्य कानूनमा यसरी उल्लेख गरिएको छ ।

### २.१ अंशवण्डा

अंश महिलाहरुको आर्थिक साम्पत्तिक अवस्थासँग प्रत्यक्ष जोडिने विषय हो । अध्ययन क्षेत्रका मात्र हैन नेपालकै सम्पूर्ण महिलाहरुले अंशवण्डाको आधारमा सम्पत्ति प्राप्त गर्न सक्दछन् । अंशको आधारमा सम्पत्ति प्राप्त गर्नेहरुमा बाबु, आमा, लोग्ने स्वास्नी, छोरा र छोरीहरुलाई समावेश गरेको छ नेपालको मुलुकी ऐनमा ११ औं संसोधन २०५८ हुनुपूर्व छोरीहरुलाई अंश दिने कानुनी व्यवस्था थिएन यसका लागि अविवाहित भई ३५ वर्ष सम्म कुर्नुपर्दथ्यो ।

अध्ययन क्षेत्रका विवाहित महिलाको साम्पत्तिक, आर्थिक अवस्थाका सन्दर्भ आमा र स्वास्नी भन्ने शब्दावलीको व्यवस्था भित्र रही उनीहरुको आर्थिक साम्पत्तिक अवस्थालाई हेरिएको छ । विवाहित स्वास्नी मानिसले आफ्नो लोग्नेबाट अंश पाउँछन् । लोग्ने नै भिन्न भैसकेकोमा अंश दावी गर्न पाउँदैन (ने.का.प. २०४० : १००) । अंश नैसर्गिक जन्मसिद्ध अधिकार हुँदा अरूले छाड्दैमा मान्य हुदैन (ने.का.प. २०४२ :१०४४) त्यस्तै अंश हक जस्तो नैसर्गिक हकलाई कानूनत : प्रचलन वा उपयोग गर्न नसक्ने नपाउने भन्न मिल्दैन (ने.का.प. २०४९ :६३४) भन्दै यस संवन्धमा सर्वोच्च अदालतले थुप्रै सिद्धान्त प्रतिपादन गरेको छ ।

अंशवण्डाबाट सम्पत्ति प्राप्त हुने भएता पनि विवाह गरिसकेको छोरीले अंश नपाउने व्यवस्था पनि गरिएको छ (अंश वंडाको २ नं.) अंशवण्डाबाट सम्पत्ति प्राप्त गर्दा सबै अंशियारले बराबर पाउँदछन् । कुनै अंशियार पुरुषका २ वा सो भन्दा बढी स्वास्नी रहेछन् भने सबैले लोग्नेबाटै बराबर अंश सम्पत्ति पाउने व्यवस्थालाई यसरी उल्लेख गरिएको छ । “कसैका सौता सौता स्वास्नी मात्र रहेछन् भने सबै सौताले आफ्ना लोग्नेका अंशमा ऐन बमोजिम बाँडी खान पाउँछन्” ( अंशवण्डाको ४) भनी कानूनी व्यवस्था गरिएको छ ।

स्वास्नी मानिसले अंश नपाउँदै लोग्ने मरेमा लोग्नेले पाउने सम्पत्ति स्वास्नीले पाउँछन् मर्नेका छोरी छोरी भएमा तिनीहरुले पनि बाबुकै अंशबाट अंश पाउँदछन् । विवाह भैसकेपछि

विवाहबारीको महल बमोजिम विवाह वहर भएकोमा ती दम्पत्तीबाट जन्मेका सन्तानले तिनीहरुबाटै अंश पाउँछन् ।

कसैलाई (समाज) थाह नदिइ नपाउने गरी विवाह गरी स्वास्नीलाई बाहिर राखेमा र बाहिर रोखकै अवस्थामा लोगनेको निधन भएमा त्यस्ती स्वास्नी मानिसले अंश सम्पत्तिमा दावा गर्न पाउँदिनन् । (अंश वंडाको ८ नं.) तर लोग्ने जीवीत छदै अंशमा दावी गरेकोमा प्रकाश गरी राखेको स्वास्नी कायम भएको छ । (ने का प २०२७ :८४)

कुनैपनि अंशमा दावीगर्ने व्यक्तिले (विवाहित महिला) मुडिइ विजयाहोम गरी सन्यास लिएको अवस्थामा सन्यास लिनु अगाडी अंश लिएको नभएपनि अंश लिन पाउँदैन र साम्पत्तिक अधिकार प्राप्त हुँदैन । विवाहित स्वास्नी मानिसले आफ्नो लोग्नेको जीउ छउन्जेल लोग्नेको मंजुरी विना अंश लिइ छुट्टिन पाउँदिनन । लोग्नेले स्वास्नीलाई इज्जत आमद अनुसार खान लाउन र आवश्यकता अनुसार शिक्षा दीक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । सो नगरे अंश दिनुपर्दछ (अंशवंडाको १०नं.) भन्ने व्यवस्था अनुसार स्वास्नी मानिसले उपरोक्त सर्त अनुसार अंशबाट सम्पत्ति प्राप्त गर्न सक्दछन् । यस संम्वन्धमा सर्वोच्च अदालतले "स्वास्नीलाई इज्जत आमद अनुसार खान लाउन दिइ राखेको पक्का सवुत गुजार्न नसके वादिले अंश पाउँछ (ने का प, २०३० : १) भनी सिद्धान्त प्रतिपादन गरेको छ ।

अंशवण्डा गरी फैसला बमोजिम अंश रकम वा खर्च पाउने भएकी स्वास्नी मानिसले अंशरकम वा खर्च नपाएमा सो व्यहोरा खुलाई मुद्दा छिन्ने अड्डामा दरखास्थ दिएमा पक्षहरु उही रहेछन् भने अड्डाले अंश, रकम वा खर्च नदिनेलाई पाँच हजार रूपैया सम्म वा एक महिना सम्म कैद वा दुवै सजाय गरी फैसला बमोजिम यथासक्य छिटो अंश, रकम वा खर्च दिलाइ दिनुपर्ने व्यवस्था गरिएको छ । (अंशवण्डाको १० (ग) )

एक पटक अंशवण्डा भैसकेपछि अंश दिनुपर्ने लोग्ने मानिसले अर्को विवाह गरेमा वा श्रीमती ल्याएमा त्यस्ती महिलाले लोग्नेसँग सँगै बसेका अंशियारहरु बीच वण्डा भई अंशबाट साम्पत्तिक हक प्राप्त गर्दथिन् । लोग्नेको शेष (विधवा)पछि अंशवंडा गर्दा काजक्रिया गरी बाँकी रहेको सम्पत्तिमा सबै अंशियार सरह महिलालाई अंश सम्पत्ति प्राप्त हुन्छ । कुनै महिलाले आफ्नो ज्ञान, सीप प्रयास र दान, वकस अपुताली र स्त्री अंशधनबाट छुट्टै रूपमा आफू खुशी गर्ने गरी पनि सम्पत्ति प्राप्त गर्दछन् ।

अंश नलिएका स्वास्नी मानिसलको चल अचल सम्पत्तिमा सांपत्तीक अधिकार रहने हुनाले त्यस्तो सम्पत्ति चलमा सबै र अचलमा आदिसम्म साम्पत्तिक हक भएको स्वास्नी मानिस समेतका अंशियारहरुको मंजुरी लिएर र अचलमा आदि भन्दा बढी व्यवहार चलाउनै परेपनि एक्काइस वर्ष नाघेका स्वास्नी मानिस र विधवा बुहारी समेतको मंजुरीले मात्र विक्री व्यवहार गर्नुपर्दछ ।

महिलाहरुले अंशबाट प्राप्त हुने सम्पत्ति सामान्य र स्वभाविक प्रक्रियाद्वारा प्राप्त नभएमा अदालती प्रक्रियाद्वारा मुद्दा गरी फैसला बमोजिम प्राप्त गर्न सकिन्छ ।

## २.२ स्त्री अंशधन

स्त्री अंशधन विवाहित महिलाको आर्थिक साम्पत्तिक अधिकारसँग जोडिएको अर्को महत्त्वपूर्ण व्यवस्था हो । महिलाको साम्पत्तिक अवस्थासँग स्त्री अंशधन सम्बन्धी व्यवस्था प्रत्यक्षत जोडिएको हुन्छ । स्त्री अंशधनको आधारमा मुलतः विवाहित महिलाहरुको सम्पत्ति संम्बन्धी व्यवहारिक अवस्थालाई बुझ्न सकिन्छ । स्त्रीअंशधनलाई दुई अंशमा लिन सकिन्छ । १. स्त्री अंश र २.स्त्री धन । स्त्रीले पत्नीको हैसियतले प्राप्त गरेको धनलाई स्त्री अंश (सम्पत्ति) भनिन्छ । दाइजो, पेवा, दान, वकस र यस्तै अन्य तवरबाट प्राप्त सम्पत्ति स्त्रीधन हुन्छ । समग्रमा स्त्रीधन अन्तर्गत महिलाको संपूर्ण सम्पत्ति पर्न आउँछ । विद्यायिकाले कानून बनाउनु पूर्व स्त्रीअंशधन स्त्री धनकै रुपमा रहेको थियो ।

मनुका अनुसार विवाहको समयमा अग्नि समक्ष दिइएको, विदाइको समयमा दिइएको, स्नेहवस दिइएको, दाजुभाइ, माता वा पिताबाट दिइएको छ किसिमको धन स्त्रीधन हो यसलाई मनुस्मृतीको नवौं अध्यायको १९४ औ श्लोकमा यसरी उल्लेख गरिएको छ ।

अध्यग्नयधावहनिकं दनं च प्रीतिकमर्णि

मातृभातृपितृ प्राप्त षडविध स्त्रीधनं स्मृतम । (मनुस्मृती) १९४ त्यस्तै यज्ञवलक्यले

पितृमाहपतिमावृदत्रमध्यग्नयुपागतम

आधिवेदनिकाधं च स्त्रीधन परिकिर्तिनम (यज्ञवल्लभ स्मृती) २/१४३/१४४ भन्ने उल्लेख गर्दै पिता, माता, पति वा दाजुभाइद्वारा दिइएको विवाहको समयमा अग्नि समक्ष प्राप्त भएको स्त्रीको नाताद्वारा दिइएको विवाह पछि दिइएको भेटी स्त्रीधन हुन्छ भन्ने उल्लेख गरेको छन् ।

समग्रमा अविवाहित, विवाहित, विधवा (एकल महिला) संवन्ध विच्छेद भएको महिलाले पाएको अंश अन्यधन र त्यसबाट बढे बढाएको सम्पत्ति स्त्रीअंशधन मानिन्छ । सामान्यत स्त्रीको भाग, कब्जा, एवं हकमा रहेको निम्न सम्पत्ति स्त्रीअंशधन भित्र पर्दछ ।

१. स्वआर्जनको चल अचल सम्पत्ति
२. दाइजो सम्पत्ति
३. पेवा सम्पत्ति
४. अपुताली सम्पत्ति
५. अंश सम्पत्ति
६. दान, वकस उपहारको सम्पत्ति
७. यि धन श्रोतबाट वढे बढाएको सम्पत्ति

मुलत विवाहित महिलाले अंशबाट पाएको सम्पत्ति स्त्रीअंशधन र अन्य सम्पत्तिलाई स्त्रीधनमा राख्ने गरिन्छ । मुलुकी ऐन गरिएको व्यवस्था अनुसार कन्या सधवामा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुशी गर्न पाउँछन् (मुलुकी ऐन स्त्रीअंशधनको महलको १ नं.) । भिन्न भै वा छुट्टिइ बसेको अवस्थामा कन्या सधवा वा विधवाले आफ्नो अंशहकको चल अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् । (पूवर्वत २ नं) भन्ने व्यवस्थाले सम्पत्ति माथि महिलाको पूर्ण स्वामित्व र अधिकार रहेको कुरा स्पष्ट गरेको छ । लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन २०६३ पूर्व मुलुकी ऐनमा (समानता) गरिएको (२ नं.) व्यवस्थाले महिलाको साम्पत्तिक अधिकार माथि अंकुश लगाएको थियो ।

दाइजो र पेवाबाट महिलाले सम्पत्ति प्राप्त गर्ने भएता पनि कस्तोलाई दाइजो र कस्तालाई पेवा भन्ने संदर्भमा स्पष्ट हुनु पर्दछ । मूख्यत स्वास्नी मानिसलाई माइती मावली पट्टीका नातेदार इष्टमित्रहरुले दिएको चल अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो अन्तर्गत पर्दछ भने लोग्ने वा लोगनेपट्टका अंशियारले सबै अंशियारहरुको मंजुरीको लिखत गरि दिएको र लोग्नेपट्टीका अरु नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई पेवा मानिएको छ । (मुऐन स्त्रीअंधको ४ नं)

माइतीबाट दिएको धन दाइजो भन्नुपर्नेमा पेवा भन्ने उल्लेख गर्दैमा त्यस्तो धन सम्पत्ति माइतीबाट दिएको होइन भन्ने स्थिति हुदैन (नेकाप २०४८ : ७४५) भन्दै सर्वोच्च अदालतले लिखतमा जुनसुकै शब्द प्रयोग भएपनि सोधनलाई अन्यथा नसंझी माइतीबाटै दिएको धन मानी त्यस्तो धन निजी एकलौटी हुन्छ भन्ने व्याख्या गरी सम्पत्तिको प्रत्याभूति गरेको छ । दाइजो पेवा अरु अशियारको भाग लाग्दैन (नेकाप २०३९ :१)

दाइजो पेवाबाट प्राप्त सम्पत्ति स्वास्नी मानिसले आफूखुश गर्न पाउँछन् । निजको मृत्युपछि भने यसले खानुभनी किटान गरी लिखत गरिदिएको रहेछ भने लिखत बमोजिम नै हुन्छ तर लिखत रहनेछ भने निम्न क्रम अनुसार उक्त सम्पत्ति प्राप्त हुन्छ :

१. आँफूसँगै बसेका छोराछोरी भए त्यस्ता छोराछोरीले,
२. त्यस्ता छोराछोरी नभए भिन्न बसेका छोराछोरीले,
३. त्यस्ता छोराछोरी नभए लोग्नेले,
४. लोग्ने नभए विवाहित छोरीले,
५. विवाहित छोरी नभए, छोराका छोरा (नाती) वा अविवाहित छोरी (नातीनी) ले,
६. छोराका छोरा वा अविवाहिती छोरी नभए हकवालाले,

## २.३ धर्मपुत्री

धर्मपुत्रीको आधारमा महिलाहरुले सम्पत्ति प्राप्त गर्न सक्दछन् । धर्मपुत्री वास्तवमा कुनै धर्म गरेर जन्माएको छोरी वा आफ्नी छारी होइनन् । धर्मपुत्रीत छोरी नहुनेले अर्काको छोरीलाई छोरी सरह बनाई राखेकी छोरी हुन् । धर्मपुत्री राख्ने सिद्धान्त कुनै धार्मिक वा परम्परागत सिद्धान्तमा आधारित छैन मुलुकी ऐनमा गरिएको ११ औ संसोधनले धर्मपुत्री राख्ने संबन्धमा रक्त सम्बन्धलाई जोड दिएको छैन जुनसुकै जातकाले जुनसुकै जात, जातिका व्यक्तिलाई पनि धर्मपुत्र/धर्मपुत्री राख्न सक्दछ । धर्मपुत्री राखिने व्यक्ति 'मानव' भए प्रयाप्त हुन्छ (श्रेष्ठ : २०६१ : ४१६)

धर्मपुत्रीले कागज भएकोमा बाहेक आँफूलाई जन्माउने बाबु आमा पट्टिको हक तथा अंशमा दावी गर्न पाउँदिनन । कानुनतः  तथा व्यवहारिकत कसैको धर्मपुत्री भैसकेपछि छोरीको हैसियतले आँफूलाई जन्मदिने बाबुआमा निजको प्रति कुनै उत्तरदायित्व हुँदैन । उनको सम्पूर्ण हक र दायित्व धर्मपुत्री राख्ने बाबु आमा पट्टी हुन्छ र निजहरुबाटै छोरी सरह अंश पाउछिन । वा धर्मपुत्रीको हक छोरी सरह हुन्छ । जेहोस यसरी धर्मपुत्री भैसकेपछि आर्थिक साम्पत्तिक हैसियत अधिकार प्राप्त हुन्छ । धर्मपुत्रीको व्यवस्था 'नारीवर्ष' १९७५ तदअनुसार २०३३ सालमो मुलुकी (छैटौं संसोधन) ऐन २०३३ ले सुत्रपात गरेको हो (श्रेष्ठ २०५४ : १५२) मुलुकी ऐनको ११ औ संसोधन हुँदा त्यस अघि भएको धेरै असमान व्यवस्थालाई हटाई नयाँ व्यवस्था गरिएको छ भने लैङिगक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्ने ऐन २०६३ ले मुलुकी ऐनलाई संसोधन गरी धर्मपुत्री सम्बन्धी व्यवस्थालाई बढी व्यवहारिक बनाइ लैङिगक समानता कायम गर्न खोजेको छ ।

धर्मपुत्री राख्न केही सर्तहरु रहेका छन् मुलत आफ्नो छोरी भएको व्यक्ति बाहेक अन्यले लिखत गरी धर्मपुत्री राख्न हुन्छ तर छोरी हुनेले धर्मपुत्री राख्न पाउने छैन (मुलुकी ऐनका धर्मपुत्र/धर्मपुत्री महलको २ नं)

एकपटक धर्मपुत्री भएकालाई पुन धर्मपुत्री दिन हुँदैन दिएको भए वदर हुन्छ । कारण एउटै व्यक्ति दुइ जनाको धर्मपुत्री हुन सक्दैन (श्रेष्ठ २०६१ : ४१७) धर्मपुत्री हुने र राख्नेको उमेरको हद ३० वर्ष राखिएको छ । धर्मपुत्रीको हक छोरी सरह हुन्छ । धर्मपुत्रीले आँफूलाई जनमाउने बाबुपट्टीको अंशमा दावी गर्न पाँउदैनन् । कुनै व्यक्तिलाई धर्मपुत्री राखिसकेपछि छोरी जन्मे भनेपनि अघि राखेको धर्मपुत्री वहर हुन सक्दैन छोरी सरह नै हुन्छ ।

कसैले बालिका जन्माइ फालेमा फालेको पत्ता लाग्यो भने बाबुआमा दुबैको सल्लाहले फालेको भए दुवैको अंश र त्यस बालिकाको समेत पाल्नेलाई दिलाई पाल्न लगाउनु पर्दछ । एकजनाको मात्र मतलब रहेछ भने जसले फालेको छ उसैको र बालिकाको अंश दिलाई दिनुपर्दछ ( धर्मपुत्र/ धर्मपुत्री महलको १० नं.) भन्ने व्यवस्थाले फालेको र पालेको बालिकाको हैसियतले सम्पत्ति प्राप्त हुने कुरालाई स्पष्ट गरेकोछ ।

धर्मपुत्री बदर भएको अवस्थामा त्यस्ता धर्मपुत्रीले जन्माउने बाबुपट्टीको अंश पाउँछन् तर धर्मपुत्री राख्नेले धर्मपुत्रीलाइ खान लगाउन नदिने, घरबाट निकाल गर्ने वा शिक्षा वा स्वास्थ्य उपचारको व्यवस्था गरेन भने त्यस्तो धर्मपुत्रीले धर्मपुत्री राख्नेसँग छोरी सरह अंश गरेर लिन पाउँछन् । तर एउटा मात्र छोरी हुनेले धर्मपुत्री दिन हुँदैन र दिएको भएपनि वदर हुन्छ । धर्मपुत्रीलाई छोरी सरह हक हुने कानुनी व्यवस्था भएको अवस्थामा विदेशी नागरिकलाई निजको आर्थिक स्थिति र चरित्र हेरी धर्मपुत्री लिन दिन स्वीकृती दिन सकिन्छ ।

## २.४ अपुताली

अपुतालीबाट हकवालाले सम्पत्ति प्राप्त गर्दछन् । सामान्यतया अपुताली भन्नाले व्यवहारमा छोरा नहुने भन्ने बुझिन्छ । शाब्दिक रूपमा अपुताली शब्द अपुत र आली मिलेर बनेको हो । यसको अर्थ छोरा वा सन्तान नभएको व्यक्तिको जायजेथा वा श्रीसम्पत्ती भन्ने हुन्छ । त्यसैले अपुताली भन्नाले निसन्तान व्यक्तिको जायजेथामा निजको मृत्यु पश्चात को उत्तराधिकारी को हुन्छ ? (श्रेष्ठ, २०६१:४२२) भन्ने बुझिन्छ । वास्तवमा अपुताली भन्नाले कुनैपनि व्यक्तिको मृत्यु पश्चातको उत्तराधिकारी हुन्छ र कसले निजको सम्पत्ती प्राप्त गर्दछ भन्ने हो । अपुतालीलाई सन्तान नहुने भन्नु भन्दा पनि हकवाला र उत्तराधिकारीको दृष्टिले हेर्न उपर्युक्त हुन्छ । अपुताली सम्पत्तीको स्वामित्वको निरन्तरता हो । मुलुकी ऐनको अपुतालीको महलमा सम्पत्तिको स्वामित्व हस्तान्तरण र निरन्तरता सम्बन्धमा व्यवस्था गरिएको छ । यहाँ हकवाला भनेको सम्बन्धित व्यक्तिको सात पुस्ता सम्मको सबैभन्दा नजिकको अंशियार हुन्छ । सात पुस्ता नाघेको टाढाको नातेदार हुन्छ (अपुतालीको १ नं. ) भन्ने व्यवस्था गरिएको छ मुलुकी ऐनमा हालसम्म (मूख्य ११ औ तथा लैङ्गिक समनता कायम गर्न केही नेपाल ऐन संसोधन गर्ने ऐन, २०६३) ले छोरीले अपुताली पाउने सम्बन्धमा थप सकरात्मक व्यवस्था गरेको छ । तर यसमा अझै थुप्रै बिभेद छन् । यहाँ मर्ने व्यक्तिको लोग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, छोराको वा निजको अविवाहित छोरी भएसम्म अरुले अपुताली नपाउने व्यवस्था छ । त्यस्तै छोरा नहुने विधवा बुहारीले छोरा सरह अपुताली पाउने र त्यस्ता कोही नभएमा विवाहिता छोरीले अपुताली पाउने र विवाहिता छोरी नभए निजको छोरा वा अविवाहित छोरी र निजहरु पनि नभए ऐन बमोजिम अन्य हकवालो अपुताली पाउने व्यवस्था छ ।

त्यसैले विवाहिता वा अविवाहिता छोरीको हैसियतले अध्ययन क्षेत्रका महिलाले अपुताली प्राप्त गरेका छन् छैनन् वा उनीहरुको अपुतालीको साम्पत्तिक अधिकार अवस्था कस्तो छ त्यसको यहाँ खोजि गरिएको छ ।

## २.५ लेनदेन

सम्पत्तिको लेनदेन कारोबार गर्दा कानून बमोजिम उमेर पुगेका अंशियारहरुको मन्जुरी, सहमती र सल्लाह हुनुपर्दछ । कानुन बमोजिम दावि रहने सम्पत्तिमा विवाहिता महिला श्रीमती, बुहारी, विधवा वुहारीको पनि अधिकार रहन्छ । उनीहरुको सहमति वेगर बिक्री बेचविखन गरिएको सम्पत्ती (अचल) मा तोकिएको हद म्यादभित्र उजुर गरी आफ्नो जति भाग बदर गराउन सकिन्छ । तर व्यवहारमा कति विवाहिता महिलासँग सल्लाह लिइ सम्पत्ति बिक्री गरिन्छ वा सल्लाह सहमती वा मन्जुरी बिना नै बिक्री व्यवहार लेनदेन गरिन्छ र त्यसमा कति महिलाले अदालती प्रक्रियाद्धारा आफ्नो साम्पत्तिक अधिकारको सुरक्षा गरेका छन् भन्ने सन्दर्भ अध्ययन क्षेत्रमा महिलाको अवस्थालाई उल्लेख गरिएको छ । त्यसले चल अचल सम्पत्तिको व्यवहार कारोबार गर्दा विवाहिता महिलासँग सरोकार राखे, नराखेको, आफ्नो भागको अचल सम्पत्ति अदालती प्रक्रियाद्धारा सुरक्षीत राखे नराखेको, उनीहरुको नाममा चल अचल सम्पत्ति कुन रहे नरहेको बुभ्न सकिन्छ ।

## २.६ दानबकस

दानवकस पनि सम्पत्ति प्राप्त गर्ने अर्को श्रोत हो । कसैले आफ्नो हक पुग्ने सम्पत्ति दानवकस गरी दिन हुन्छ । यसरी दिएको सम्पत्तिमा दानवकस पाउनेको हक अधिकार र स्वामित्व स्थापित हुन्छ । विवाहिता महिलाले पनि हकवाला भई वकसको रूपमा अन्यबाट दानबकस मार्फत सम्पत्ति प्राप्त गर्दछन् । त्यस्तो सम्पत्ति दानवकस गर्दा गर्ने व्यक्तिले आफ्नो खुश गर्न पाउने बाहेक अरुमा अंशियार र हक पुग्नेहरुको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान वकस गरिदिन हुँदैन । ठूलाचौरका विवाहित महिलाले दान वा वकसबाट सम्पत्ति प्राप्त गरेका छन् वा छैनन् वा आफ्नो हक लाग्ने सम्पत्ति निजको मन्जुरी वेगर अरुलाई दान वकस गरिदिएको छन् छैन वा तिनीहरुलाई थाहा छ छैन सो कुरा यस अध्ययनमा उल्लेख गरिएको छ ।

## २.७ करणी

करणी सम्बन्धी अपराधलाई गम्भिर प्रकृतिको फौजदारी अपराध मानिन्छ । आसय करणी वा जबरस्ती करणी वा जुनसुकै तवरको करणीको शिकार महिला हुन पुगेमा अदालती प्रक्रियाद्धारा अंश वा क्षतिपूर्तिमार्फत महिलाले सम्पत्ति प्राप्त गर्न सक्दछन् । यो स्वाभाविक नभई दाण्डिक, कानुनको उल्लंघन गरेबापत प्राप्त हुन्छ । जुनसुकै तवरको करणी, करणी गर्ने उद्योग, अप्राकृतिक मैथुन गर्नेबाट मनासीव माफिकको क्षत्तिपूर्ति स्वरुपको सम्पत्ती महिलाले प्राप्त गर्दछन् (आशय करणीको १ नं., जर्वजस्ती करणीको १० नं.) लुकेर हुने त्यस्ता अपराधको वास्तविक तथ्याङ्क प्राप्त नहुने भएतापनि जति अदालबाट ठहर भएका छन् तिनीहरुको क्षतिपूर्ति मार्फत मनाशिव माफिकको सम्पत्ति प्राप्त गर्दछन् । कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्ष भन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिइ वा नलिई करणी गरेमा जर्वजस्ती करणी ठहर्छ

(ज.ह को १नं) भनिएको छ । डर, त्रास, धाक, करकाप, अनुचित प्रभाव, झुक्यान, जोरजुलुम अपहरण, शरिर वन्धक राखी वा गरी लिएको मन्जुरीलाई मंजुरी मानिएको छैन । त्यस्तै होस ठेगानमा नरहेको अवस्थामा लिएको मंजुरीलाई पनि मंजुरी मानिएको छैन र यस्तो अवस्थामा करणी गरेमा जवर्जस्ती करणी मानी करणी गर्नेबाट पिडितले क्षतिपूर्ती मार्फत सम्पत्ति प्राप्त गर्दछन् ।

कसैले अपुताली खाने नियत राखी जर्वजस्ती करणी गरेको रहेछ भने निजले अपुताली खान पाउदैन बरु निजनै दण्ड सजायको भागी हुन्छ ।

## २.८ विहावारी, तथा लोग्ने स्वास्नीको संवन्ध विच्छेद

कानुन बमोजिम विवाहवारी हुन सक्ने अवस्था विद्ययमान भई विहावारी भैसकेपछि लोग्ने स्वास्नीको रूपमा सम्वन्ध स्थापित हुन्छ तर कानुनमा केही सर्तहरु उल्लेख गरिएको छ जुन अवस्थामा सम्बन्ध विच्छेद हुन सक्दछ । कानुनतः लोग्ने स्वास्नी दुवैले भिन्दाभिन्दै अवस्थामा एकअर्काको बीच रहेको लोग्ने स्वास्नीको सम्बन्ध नरहने गरी सम्बन्ध विच्छेद गर्न सक्दछन् तर अध्ययनको प्रकृति अनुसार स्वास्नी मानिसले लाग्नेसँग निम्न अवस्थामा संवन्ध विच्छेद लगर्न सक्ने व्यवस्था मुलुकी ऐनको लोग्ने स्वास्नीको महल तथा विहावारीको महलमा गरिएको छ ।

१. लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेमा,
२. स्वास्नीलाई घरबाट निकालेमा,
३. स्वास्नीलाई खान लाउन नदिएमा,
४. स्वास्नीको खोज खवर नलिइ, हेरविचार नगरी लगातार तीन वर्ष वा शो भन्दा बढी समय देखि स्वास्नीलाई छाडी अलग बस्ने गरेमा,
५. स्वास्नीको ज्यान जाने अंगभंग हुने वा अझ ठूलो कुनै शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपंञ्च गरेमा,
६. लोग्ने नपूंसक हुन गएमा,
७. लोग्नेलाई निको नहुने यौन सम्वन्धी कुनै रोग लागेमा,
८. लोग्नेले परस्त्रीसँग करणी गरेका ठहरेमा,

त्यस्तै दुवैको मंजुरीमा पनि सम्बन्ध विच्छेद हुन सक्दछ । यस्तो अवस्थामा स्वास्नी मानिसले लोग्नेसँग छुट्टै अंश लिइ दिइ बसेमा पनि स्वास्नी मानिसले अंश सम्पत्ति प्राप्त गर्दछन् भने उपरोक्त अवस्थामा अदालतमा संवन्ध विच्छेदको मुद्दा गरी सम्बन्ध विच्छेद गर्न सक्दछन् । यसरी सम्बन्ध विच्छेद हुने अवस्थामा अदालतले निजहरु बीच अंशवंडा गर्न लगाएर मात्र संवन्ध विच्छेद हुने निर्णय गर्नुपर्दछ । लोग्नेले अंश नपाएको अवस्थामा मासिक खर्च भराउनुपर्दछ । अंशवण्डा भएपछि सम्बन्ध विच्छेद भएको स्वास्नी मानिसको अंशमा परेको सम्पत्तिमा निजको हक हुनेछ भन्ने व्यवस्था (लोग्ने स्वास्नीको महलको ४ क नं.) भएकाले संवन्ध विच्छेदबाट महिलाले सम्पत्ति प्राप्त गर्न सक्दछन् ।

## २.२ महिला सम्पत्ति र विभेदकारी कानूनी व्यवस्था

आजको समय मानव अधिकारको समय हो । मानिस मानिस भएर बाँच्नका लागि जे जति अधिकार चाहिन्छ ती सबैलाई मानवअधिकार भनिन्छ । यस्ता मानव अधिकार महिला वा पुरुष भई जन्मको आधारमा मात्र फरक हुन सक्दैनन तर विश्वभर महिला र पुरुषले एकै प्रकारका हकाधिकार समानरुपमा प्रयोग भने अवश्य गर्न पाएका छैनन् । अझ भनौ यस्ता अधिकारहरु लिङ्गको आधारमा विभेदकारी हुन हुँदैन । यसो भएमा यसलाई मानवअधिकार विरुद्ध मानिन्छ । मानवअधिकार सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय कुनै व्यवस्थाले पनि लैङगिक विभेदलाई स्वीकार गरेको छैन । नेपालमा राष्ट्रको मुल कानून संविधान मानै यसलाई समानताको अधिकार भनी मौलिक हकमा राखिएको छ (धारा) खुल्ला प्रजातान्त्रिक व्यवस्थाको निर्देशक दर्शन विपरीत मानिने यस्ता व्यवस्था नेपालका विभिन्न कानूनहरुमा पाइन्छन् । तिनीहरु मूख्य रुपमा नागरिकता, सम्पत्ति, शिक्षा, रोजगार, स्वास्थ्य, करणी, विवाह मान्न सकिन्छ । अध्ययन क्षेत्रका विवाहित महिलालाई महिलाको साम्पत्तिक पहुँचमा विभेदकारी कानून रहे नरहेको बारेमा रहेको जानकारीलाई तालिका मा देखाइएको छ ।

आर्थिक तत्व मानवीय जीवनमा महत्वपूर्ण तत्वका रुपमा रहेको हुन्छ । मानिससँग प्रत्यक्ष सरोकार रहने भएकाले महिला र सम्पत्तिको संवन्ध पनि एकापसमा छुट्याउन नसकिने गरी जोडिएको हुन्छ । यिनीहरु एकको अभावमा अर्कोको कल्पना सम्म गर्न सकिदैन । त्यसैले आर्थिक न्यायलाई महिलाका लागि महत्वपूर्ण पक्ष र लक्ष्य मानिएका हुन्छ । जव महिलाको आर्थिक आधार सवल हुन्छन् तव तिनीहरु स्वायत्त हुन्छन् यस आधार उनीहरुले अवसर र छनौटको अवस्थामा पुगदछन् । तर पारिवारिक सम्बन्ध र मूख्य गरी त्यस्ता सम्बन्ध परम्परागत भूमिकालाई अनुसरण गरिइरहेको छ भने त्यस्तो अवस्थामा महिलाहरु आर्थिक रुपमा परनिर्भर रहन्छन् । त्यसैले आजका वर्षहरुमा कसरी आर्थिक न्याय प्राप्त गर्न सकिन्छ भन्नेमानै ध्यान केन्द्रित गरिने गरेको छ । (कानून र विकासका लागि महिला मंच २०००:७) विवाहित महिला सम्पत्तिका सम्बन्धमा विभेदकारी व्यवस्थाहरुलाई निम्न रुपमा उल्लेख गरिएको छ । विवाहित बाहेक अन्य महिलालाई पनि विभेदकारी कानूनका बारेमा जानकारी रहन सकोस भनि महिला र विभेदकारी कानूनलाई यहाँ उल्लेख गरिएको छ ।

### २.२.१ पैत्रिक सम्पत्तिमा छोरीलाई विभेद

छोरालाई जन्मसिद्ध रुपमा पैत्रिक सम्पत्तिमा अधिकार स्थापित गरेको छ र यसलाई छोरा जातको जन्म भर प्रत्याभूत गरिएको छ तर छोरीलाई विवाह पश्चात बाँकी रहे जति फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यस्तै छोरीको विवाहमा दशहजार भन्दा बढी खर्च गर्न नपाइने व्यवस्था गरेको छ । (सामाजिक सुधार ऐन २०३३) यसले महिला/छोरीलाई पैत्रिक सम्पत्तिमा दशहजार भन्दा बढीको प्रत्याभूति गरेको छैन ।

### २.२.२ बुहारी/छोरी/भरण पोषणमा विभेद

छुट्टै रही अंश नपाएको अवस्थामा छोरीलाई भरण पोषण खर्च बाबु आमाले दिनु पर्ने व्यवस्था गरिएको छैन र विभेद गरिएको छ । त्यसतै इज्जदआमद अनुसार खान लाउन दिएसम्म अंश दिन वाध्य गर्न नसकिने व्यवस्था छ (अंश वंडा को १०नं) तर यसमा परिवर्तन भएको छ र अदालतले छोरालाई पनि भरण पोषण दिनुपर्ने भन्ने नजिर प्रतिपादन गरेको छ (नेकाप अंश नि.नं. ३७०१:५)

### २.२.३ अपुतालीमा विभेद

अपुतालीको सम्पत्ति विवाहित छोरीले एक तिहाइ र अविवाहिताले दुइ तिहाइ पाउने व्यवस्था छ । त्यस्तै दाजु भाइ पछि मात्र छोरीलाई प्राथमिकतामा राखिएको छ ।

### २.२.४ वोनस प्राप्तिमा विभेद

कुनै उद्योग कलकारखानामा रोजगार गर्ने रोजकार वा कामदारले उसको निधन पछि वोनस प्राप्त गर्ने उत्तराधिकारी उल्लेख गरेको छैन भने छोराछोरी मध्य छोराले वोनस प्राप्त गर्ने व्यवस्था गरिएको छ बुहारीलाई छैन (वोनस ऐन २०३० दफा १०८(२) )

### २.२.५ निवृतिभरण र विभेद

निवृतिभरण मुल सैनिक सेवासँग संवन्धीत छ किनभने त्यहाँ विभेदकारी व्यवस्था पाइन्छ त्यहाँ निवृति भरणमा उत्तराधिकारी उल्लेख गरिएको छैन र त्यो सुविधा छोराले मात्र प्राप्त गर्दछ । त्यस्तै बुहारी भन्ने व्यवस्था छैन । (सैनिक नियमावली २०३३) त्यस्तै कुनै सेनाको २ भन्दा बढी श्रीमती रहेको अवस्थामा उसलाई इच्छाएको व्यक्तिले मात्र निवृतीभरण पाउने व्यवस्था छ यसले अरु श्रीमतीहरुलाई विभेद गरेको छ ।

### २.२.६ स्वास्थ्य सेवा निवृत्तिभरणमा विभेद

यसमा हकवालाले निवृत्तिभरण पाउने व्यवस्था गरेको छ जसले छोरा/बुहारी र छोरीलाई विभेद गरेको छ । यहाँ हकवालाको भन्ने स्पष्ट व्यवस्था छैन (स्वास्थ्य सेवा ऐन २०५३, दफा ५०(६)) ।

### २.२.७ संवैधानिक अङ्गका महान्यायधिवक्ता, संसद सचिवालयका महासचिव, सर्वोच्च अदालतका न्याधिसको निवृतिभरण र विभेद

यसमा पनि हकवाला भन्ने व्यवस्था गरिएको छ जसले श्रीमती, छोरा/बुहारी र छोरीमा विभेद गरेको छ वा बुहारी भन्ने व्यवस्था छैन ।

### २.२.८ विमा र विभेद

विमाकर्ताले इच्छाएको व्यक्ति उल्लेख नगरेको अवस्था भएमा निजको मृत्यु पछि सो सुविधा पाउने विवाहित र अविवाहित छोरी र दिदीबहिनीमा विभेद पाइन्छ ।

### २.२.९ लोग्ने सम्पत्ति र विभेद

सामान्य अवस्थामा वा मुलुकी ऐनमा गरिएको व्यवस्था बाहेक अन्य अवस्था जस्तो तुरुन्तै श्रीमतीले स्वइच्छाले श्रीमानसँग अंश लिने वा प्राप्त गरी बस्न पाउने व्यवस्था गरिएको छैन र विभेद गरिएको छ । जस्तो कुटपिट, विवाह विच्छेद आदी बाहेक सामान्य अवस्थामा अंश सम्पत्ति प्राप्त हुन सक्दैन ।

### २.२.१०भरण पोषण र विभेद

महिलाले निश्चित अवस्थामा मात्रै लोग्नेबाट सम्पत्ति प्राप्त गर्न सक्दछन् । यसमा पनि लोग्ने वा लोग्नेका बाबुआमाले हेरचाह नगरेमा मात्र भरण पोषण प्राप्त गर्दछन् ।

### २.२.११ दोश्रो विवाह, सम्पत्तिको प्राप्ति र विभेद

सम्बन्ध विच्छेद नहुँदै कुनै लोग्ने मानिसले श्रीमतीलाई अंश दिएमा वा लिएमा निजसँग संवन्ध विच्छेद नभएपनि अंश लिइ सकेपछि दोश्रो विवाह गर्न पाउँछ (विवाहबारीको ९ नं) यसले पहिलो श्रीमतीलाई त्यसैको आधारमा (अंश लिएको) आफ्नो एक्लो पारिवारिक जीवन विताउन वाध्य हुनुपर्दछ जुन विभेदकारी छ किन कि उनी सँगै सबै पारिवारिक जीवन विताउनबाट वञ्चित हुन पुग्दछिन् ।

### २.२.१२आधा भन्दा कम सम्पत्ति वेचविखन गर्नुपर्दा श्रीमती बुहारीको सहमती लिनु नपर्ने

पिता पुर्खाको पालाको आधाभन्दा कम सम्पत्ति वेच विखन गर्दा श्रीमती/ बुहारीको सहमति नचाहने र अंशवंडाको १९(१) व्यवस्थाले आधा सम्पत्तिबाट वञ्चित रहनेगरी मुख्य व्यक्तिसँग विभेद गरेको छ ।

### २.२.१३ वहुविवाहमा सजाय र विभेद

कसैले वहुविवाह गरेमा ३ वर्ष सम्म कैद र ५-२५ हजार सम्म जरिवानाको व्यवस्था गरिएको छ । यसरी सजाय भुक्तानी भैसकेपछि पनि दोस्रो विवाह शून्य हुँदैन र सजाय पछि वैद्य विवाह बन्न पुग्दछ । जुन शून्य हुनुपर्दथ्यो तर नहुने भएकाले विभेद रहेका पाइन्छ । यसरी सजाय पाई सकेपछि जेठी श्रीमतीले अंश पाउँदा अंशीयारमा कान्छी श्रीमती पनि पर्ने भएकीले सम्पत्तिमा सिमा लागेको हुन्छ ।

**२.२.१४ वहुविवाह, अंशियार र विभेद**

विवाह विच्छेद नभइ दोश्रो विवाह गरेकोमा दोश्रो श्रीमती समेतले श्रीमानको अंशमा समान हैसियत राख्दछिन् यसले वहुविवाहलाई प्रोत्साहन गरे जस्तो पाइन्छ ।

**२.२.१५ विधवा (एकल महिला) र सम्पत्तिमा विभेद**

विद्यमान नेपाली कानुनी व्यवस्थालाई हेर्दा विधवा (एकल महिला) को साम्पत्तिक अधिकारमा पनि विभेद रहेको पाईन्छ ।

**२.२.१६ लेनदेनमा विभेद**

श्रीमानको सहमती विना श्रीमतीले/बुहारीले लेनदेन कारोवार गर्न नसक्ने गरी विभेद गरिएको छ ।

**२.२.१७ श्रीमानको सतित्व र सम्पत्तिमा विभेद**

कुनै श्रीमतीले अरु कसैसँग संवन्ध भएको (करणी) गरेको स्वीकार गरेमा स्वत संवन्ध विच्छेद हुने र पहिलो श्रीमानको सम्पत्तिबाट वंचित गरी विभेद गरेको छ । जब कि यहि कार्य श्रीमानले गरेमा त्यस्तो हुने व्यवस्था छैन ।

**२.३ एकल महिला (विधवा) को साम्पत्तिक हक/ अवस्था**

नेपाली समाज पितृसत्तात्मक संरचना अनुसार चलेको छ । अज्ञानता, अशिक्षा अन्धविश्वास, गरिबी, रुढीवादी, कुसंस्कार, धर्म, संस्कृतीले यसलाई प्रभाव पारेको छ । मुलतः हिन्दु धर्ममा आधारित नेपाली समाजमा अझ बढी पितृसत्तात्मक संरचनाको जालोले जेलेको छ । यो संरचनाले नेपाली महिलालाई दोश्रो दर्जाको नागरिकको रुपमा राखेको छ । नेपाली समाजमा एकल महिलाहरु आर्थिक सामाजिक, सांस्कृतिक रूपमा शोषित पीडित, दमित छन् । अर्केलाई जिम्मा लगाउने जात भनेर छोरीलाई छिट्टै विवाह गर्न अभिभावक आतुर देखिन्छन् । त्यसो त लक्ष्मी मानेर विदा गरिएको छोरीको कुनै कारण वस पतिको निधन भएमा पनि दोस महिलाकै हुन्छ । विधवा भएपछि सबैको हेला उपेक्षा र तिरस्कार सहनु नि पनी बन्दछ । पतिको निधन भएपछि पवित्रताको नाउँमा विधवाले आजिवन सेतो बस्त्र लगाउनु पर्दछ भन्ने मान्यता छ । अनि सिन्दुर र पोतेका साथ नारीका सुन्दरताका प्रतिक टीका, चुरा र रातो बस्त्र त्याग गरेर कतिपय अवस्थामा त केश मुण्डन गरेर मृतककै नाउँबाट चिनिएर बस्नु र कुरुप चेहरा लिएर जीवन व्यत्तित गर्नु उनको कर्तव्य बन्दछ । हाँसखेल मनोरञ्जन, हाटबजार र परपुरुषसँग कुराकानी वर्जित हुन्छन् । उमेरदार भए निज विरुद्ध यौन दुराचार पति टोक्ने, अलच्छिनी, साइत विगार्नी जस्ता क्षुद्र आरोप अनी वृद्धा र कमजोर भए टुनामुना गर्ने वोक्सीको वात लाग्ने, अभक्ष खुवाउने र गाउँ निकाल्ने जस्ता अमानविय व्यवहार

सहनु उनको नियती नै बन्दछ । अविश्वासको कारणले विधवालाई शुभकार्यमा प्रवेश र उपस्थिती अपसकुन मानिन्छ । संकिर्ण सोचले गर्दा विधवाले घरभित्र वाहिर सबैको हेला, उपेक्षा र तिरस्कार स्वीकार गर्नुपर्दछ र महिला समानता र स्वतन्त्रता देखाउने अधिकारको रूपमा मात्र हुन्छन् (भण्डारी २०६२ : ३३) ।

आजभोलि विधवा महिलालाई एकल महिला भन्ने गरिएको छ । तर एकल महिला भनेको के हो ? भन्ने संबन्धमा मानिसहरु विच विभिन्न धारणा र अनविज्ञतानै व्यक्त गरेको पनि पाइन्छ । कसैले एकल महिलालाई विवाह नभएका महिलाहरु भनेर बुझ्ने गरेको पाइन्छ भने कसैले विवाह नभएकार र भएर पनि श्रीमानको निधन भएका महिला भनेर बुझ्ने गरेको पाइन्छ । एकल महिलाका बारेमा यस्ता अन्य बुझाइहरु पनि पाइन्छन् । जेहोस यो शब्द नेपाली समाजमा नयाँ नै हो । मानव अधिकारका लागि महिला एकल महिला समूहद्वारा २०५८ सालमा राष्ट्रिय तहमा गरेको भेलाले भने एकल महिलानै भन्ने उल्लेख गरेको छ । त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ को राज्यकाल निर्देशक सिद्धान्तमा एकल महिला नै उल्लेख गरेको पाइन्छ । यस्तो व्यवस्था अन्य केही कानूनमा पनि पाइन्छ ।

नेपाली समाजमा विधवा महिलाहरुको आर्थिक अवस्था कमजोर रहेको छ । सरकारले सामाजिक सेवा अन्तर्गत दिने विधवा भत्ताले यो महंगीमा छोप पनि पुग्दैन । अनि सबै तिरबाट अपेक्षित विधवाले गन्तव्य विहिन अध्यारो भविष्यको लागि अभाव र मानसिक पीडामा बाँच्नु पर्दछ । विधवाको समस्या भित्र उनीहरुको आफ्नो जीवनको मात्र व्यथा हुँदैन उनीहरुको छोराछोरीको खाने, लाउने, विद्यालय जाने आदि न्यूनतम आवश्यकताबाट वंचित हुनुपरेको पिडा समेत लुकेको हुन्छ । संविधानले लैङ्गिक समानताको लागि समानताको हकलाई मौलिक हक (नेपालको अन्तरिम संविधान २०६३ धारा १३) का रूपमा स्थान दिएको छ तर यस्तो अधिकार सुनिश्चित भएपनि महिला र पुरुषको बीचमा व्याप्त भेदभाव सामाजिक एवं सांस्कृतिक यातनाले गर्दा विधवा अपहेलित र उत्पीडित छन् ।

भेदभाव पूर्ण कानुनी व्यवस्थाले सम्पत्तिमा महिलाको हक पूर्णत स्थापित नहुँदा आर्थिक एवं शैक्षिक क्षेत्रमा महिलाहरु पछि परेका छन् । सम्पत्तिमा पहुँच र पकड नहुँदा उनीहरु सबैतिरबाट कमजोर स्थितीमा छन् । व्यवहारमा टाठा-बाठा महिलाले त समानताको हक नपाएको अवस्थामा विधवाले समानताको हक प्राप्त गर्न संभव छैन । मुलुकी ऐनको ११ औ संसोधन पूर्व पतिको सम्पतिमा विधवाको हक अत्यन्तै सिमित रहेको पाइन्छ । साविकमा तीस वर्ष उमेर नपुगे सम्म विधवाले अंश पाउने व्यवस्था थिएन । आफूखुशी ऋण खाएको हकवालाले तिर्न कर नलाग्ने, आफ्नो अंशको सम्पत्ति वेचविखनमा पनि छोरा भए निजको स्वीकृति चाहिने, छोराले पनि विधवा आमालाई दुःख दिइ सम्पत्तिमा वेदखली गर्ने, नाबालक सन्तान भएका उमेरदार विधवालाई जालझेलबाट यौन

दुराचारको वात लगाइ हकवालाले सम्पत्ति खोस्न सक्ने कानुनी दाउपेचद्वारा विधवाले पतिको सम्पतिको हकबाट विमुख हुनुपर्ने कठोर अवस्था थियो । (भण्डारी) २०६२ : ३४

मुलुकी ऐनमा भएको एघारौ संसोधन (२०५९ साल असोज १०) के विधवालाई थोरै भएपनि कानुनी संरक्षण प्राप्त भएको छ । जसअनुसार विधवाले आफ्नो ईच्छा आकाक्षा अनुसार जहिलेसुकै पनि अंश लिइ भिन्न भई बस्न पाउँछिन सन्तान नभए विधवाले अर्को विवाह गरेपनि आफ्नो अंश आफूखुश गर्न पाउँछिन् । पून विवाह गर्दा सन्तान नभएमा भने संपती अघिल्लो लोग्ने पट्टीका हकवालाले पाउँदछन् । संसोधित व्यवस्था अनुसार विधवा बुहारीले सासु ससुराको अपुताली खान पाउँदछन् । तर शो र पतिको अंश, अपुताली सम्पति प्राप्त गर्न सहज र सरल भने छैन । मुद्धा मामिला नै गरेर अंश वा अपुताली हक प्राप्त गर्न धेरै लामो समय लाग्छ भने मुद्धा मामिला गर्दा लाग्ने कानून व्यवसायीको शुल्क, सरकारी दस्तुर अदालत धाउने खर्च र समयको हिसाब गर्दा कहिले काँही नपाउने सम्पत्ति र भएको खर्चको हिसाब किताब बराबर वा खर्च बढी हुन सक्ने अवस्था पनि हुन सक्दछन् । यस समस्याबाट मुक्ति हुनका लागि विधवा (एकल महिला) का लागि पारिवारिक अदालत गठन हुन जरुरी देखिएको छ ।

केहि समय यता एकल महिलाले चुनौती दिन सक्ने क्षमता पनि राखेका छन् । सधै सेतो वस्त्रमा रहनुपर्ने सामाजिक लैङ्गिक, सांस्कृतिक धार्मिक परंम्परालाई चुनौति दिएर यिनीहरुले रातो टिका र सारीको अभियानलाई समेत अगाडी बढाएका छन् । रुपन्देही, दाङ, नवलपरासी, चितवनमा यस अभियान तीव्र रुपमा अगाडी बढेको पाइन्छ । यो अभियानले नवलपरासीमा ६१०, चितवनमा ५८०, रुपन्देहीमा १२९ दाङमा ७१५ महिला अभिनन्दित भएका छन् (पुन, २०६२ : ५८) र यो अभियान अन्यन्त्र पनि चलेको छ । यस्ता महिला १६ वर्ष देखि ८० वर्ष सम्मका छन् । तर घरपरिवार र समाजको डर धम्कीका कारण यस्ता कतिपय महिलाहरु बाटोमानै रातो बस्त्र फुकालेर पुरानै कपडामा घर फर्किने अवस्था पनि छ । यस्ता महिलाहरुमा पूनविवाहको खाँचो देखिएको छ तर पूर्नविवाह सजिलो भने छैन । वाहुन क्षेत्रीमा यो कार्य कमै पाइन्छ भने अरुमा केहि खुकुलै रहेको छ । रातो पहिरन लगाएका कतिपय युवा विधवाहरुले भने खुल्लमखुल्ला विवाह प्रस्ताव समेत राखने गरेका छन् । त्यसैले कलिला युवावस्थाका विधवालाई पूर्वविवाह गरिदिने काम अभियानकै रुपमा चलाउनु पर्ने खाँचो छ । (पुन, २०६२ : ५९)

नेपाली समाजको जगमा 'एकल महिला' सम्बन्धि सामाजिक वहस र अभियान आधि जस्तै बनेर भित्रिएको छ । खासगरी कट्टर हिन्दुवासी समाजले 'अछुत' वा अर्घेलो ठानी आफन्त-वृतबाटै पन्छाइदिने गरेको विधवा महिलाले 'एकल महिला' भन्ने नयाँ पहिचान पाउन थालेका छन् यद्यपी शब्दार्थका हिसाबले यो नयाँ संज्ञाको उपर्युक्तता बारे विवाद छ । (फुपाल २०६२ : ५८)

नेपाली समाजको संदर्भमा तनि अक्षरको 'विधवा' शब्द ले श्रीमानको निधन भएकी महिललाई मात्र नभएर एउटा विराट सामाजिक-सांस्कृतिक पिंजडालाई समेत संकेत गर्दछ । विद्यमान मान्यता अनुसार विधवाले हाँस्नु हुदैन, राम्री देखिनु हुदैन विधवालाई शुभकार्यमा अपशकुन ठानिन्छ र सांस्कृतिक माहोलबाटै अलग्याइन्छ । विधवाले कुनै पनि पुरुषको अनुहार हेर्नु हुँदैन र अर्कोका वच्चावच्चीलाई छुन पनि दिइदैन यि सारा कडा वन्धनहरुलाई चुडाल्दै गाउँ समुदायका एकल महिलाले सामाजिक विद्रोह शुरु गरेका छन् (फुयाल, २०६२ : ५७) ।

एकल महिलाले अहिले मुक्ति आन्दोलन चलाएका छन् आफ्नो अधिकारका लागि आफै पैरवी गर्न थालेका छन् । उनीहरुका गतिविधिमा सहयोग गर्ने महिला पुरुष पनि छन् तर यो मुक्ति आन्दोलन कुनै राजनीतिक दल वा शक्ति केन्द्र कुनै धार्मिक मठ वा समुदाय कुनै अन्तराष्ट्रिय मिसन वा कुनै करिश्मायुक्त नेताको आव्हानले शुरु भएको भने होइन ।

यस्ता एकल महिलालाई नेपालको कानुनमा कतै विधवा, कतै श्रीमानको मृत्यु (निधन) भएका महिला, भन्ने उल्लेख गरेको पाइन्छ नेपालको अन्तरिम संविधान २०६३ मा भने राज्यका निर्देशक सिद्धान्त अन्तर्गत एक ठाउँमा एकल महिला भन्ने उल्लेख गरिएको छ । एकल महिलाका साम्पत्तिक हक अधिकारका बारेमा नेपालको मुलुकी ऐनमा मुख्यत स्त्री अंशधनको महलमा उल्लेख गरिएको छ ।

**स्त्रीअंशधन**

स्त्री (महिला)को संपतीलाई सामान्यतया २ भागमा विभाजन गर्ने गरिन्छ ति हुन (१) पूर्ण अधिकार भएको सम्पत्ति र (२) सिमित अधिकार भएको सम्पत्ति । सामान्यतया यि सम्पत्ति मध्य पहिलो सम्पतिलाई स्त्रीधन र दोस्रो सम्पतिलाई स्त्री अंशधन भनिन्छ । यि मध्य पहिलो सम्पतिमा महिलाको निर्वाध र एकलौटी स्वामित्व प्राप्त हुन्छ भने दोस्रोमा सिमित स्वामित्व प्राप्त हुन्छ । स्त्री शब्दले काया सधवा विधवा स्वास्नी मानिसलाई समावेश गरेको छ । स्त्रीले पत्नीको हैसियतले प्राप्त गरेको धनलाई स्त्रीअंशधन भनिन्छ । जस्तो दाइजो, पेवा, दान वकस र अपुतालीबाट प्राप्त सम्पत्ति स्त्रीधन अर्न्तगत पर्दछ र स्वआर्जनको सम्पत्ति पनि स्त्री धन नै हुन्छ । एकल महिलाले आफ्नो ज्ञान, सिप, प्रयासबाट प्राप्त गरेको सम्पत्ति वा स्त्री धन आफू खुशी गर्न सक्छन् मुलुकी ऐनमा गरिएको व्यवस्था अनुसार कन्या, सधवा वा विधवा स्वास्नी मानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउँछन् (स्त्री अंशधनको १ नं) । यस व्यवस्था अनुसार एकल महिलाले एकल महिलाले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउँछन् भन्ने स्पष्ट हुन्छ ।

लैङ्गिक समानता कायम गर्न केहि नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले मुलुकी ऐनमा साविकमा रहेको स्त्रीअंशधनको २ नं को व्यवस्थालाई खारेज गरेको छ र त्यहाँ नयाँ व्यवस्था गरेको छ । जसअनुसार भिन्न भएको कन्या, सधवा वा विधवाले आफ्नो अंश हकको चल अचल सम्पत्ति आँफू खुश गर्न पाउँछन् । (स्त्रीअंशधनको २ नं.) यो व्यवस्था अनुसार विधवा एकल महिलाको साम्पत्तिक अवस्था र पहुँचमा वृद्धि र विकास भएको छ । साम्पत्तिक पक्ष केहि मजबुत हुन सक्ने भएको छ । तर यस व्यवस्था गर्नका लागि एकल महिलाहरु सम्मानित सर्वोच्च अदालतको ढोका असाधारण अधिकार क्षेत्रका आधारमा

घच्घच्याउन वाध्य भएका थिए । जुन कार्य मानवअधिकारका लागि महिला एकल महिला समूहको अध्यक्ष लिलि थापाले नै गर्नुभएको थियो । नेपाल सरकाले ६० वर्ष उमेर पुगेका असहया, विधवालाई भत्ता दिने व्यवस्था गरेको छ । यो उमेर ७५ पुगेपछि बृद्ध विधवाले पनि बृद्ध भत्ता प्राप्त गर्दछन् ।

**अंशवण्डा**

एकल महिलाको साम्पत्तिक व्यवस्था मुलुकी ऐनको अंशवंडाको महलमा पनि गरिएको छ । यहाँ सम्पूर्ण महिलाको साम्पत्तिक व्यवस्था पाइन्छ । यस संबन्धमा अघिल्लो अध्यायमा नै उल्लेख गरिएको छ । एकल महिलाको अंशवण्डा र साम्पत्तिक अवस्थाका केहि थप विषयहरु यहाँ उल्लेख गरिएको छ । मुलुकी ऐनमा भएको एघारौं संशोधन २०५८ पछि एकल महिला (विधवा) ले अंश सम्पति प्राप्त गर्न सक्ने व्यवस्थामा उदारता देखिएको छ । र यस अघि भएको ३० वर्षको उमेरको हद समाप्त गरिएको छ । नयाँ गरिएको व्यवस्था अनुसार 'विधवा' स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउछे । सन्तान नभएका विधवा वा विधुरले अर्को विवाह गरेमा निजले आफ्नो अंश आफू खुश गर्न पाउँछन् । सन्तान भएका विधवा वा विधुरले अर्को विवाह गरेमा सन्तान नाबालक भए सम्म त्यस्ता सन्तानको पालनपोषण र शिक्षा दिक्षाको व्यवस्था सोही सम्पतिबाट गर्नुपर्छ । सो काममा वाहेक त्यस्तो सम्पति बडा र वेचविखन गर्न पाउँदैनन् । सन्तान सावालक भएपछि आफ्नो अंश भाग आफूखुश गर्न पाउँछन् । त्यसती विधवाले अर्को विवाह गरि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पति अघिल्लो लोग्नेपट्टिका कुनै सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो लोग्ने पट्टिको हकवावाले पाउँछ (अंशवंडाको १२ नं.)

त्यस्तै एकल महिलाले स्त्री अंश धन, अपुताली, दान, वकस, त्यस्तै आफ्नो ज्ञान सिप प्रयासबाट प्राप्त गरेको सम्पति पनि आफू खुश गर्न पाउँछन् (अंशवंडाको १८ नं.) वा निजि आर्जनको सम्पति आफूखुश गर्न पाउँछन् ।

चलअचल, सम्पति जग्गा विक्तिव्यवहार वा खर्च गर्ने संबन्धमा एकल महिलाको कानुनी हैसियत र भूमिकालाई यसरी उल्लेख गरिएको छ । "अंश नलिएका स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारी हुने मानिसको चल अचल सम्पतिमा देहायमा लेखिए बमोजिम हुन्छ ।

"पिता पुर्खाको पालाको चल अचल गैह्र सम्पतिको हकमा चलमा सबै र अचलमा अघिसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, अविवाहित छोरी, वा विधवा बुहारीको मंजुरी नभएपनि आफूखुश गर्न पाउँछ । अचलमा आधि भन्दा बढि भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा अविवाहित छोरी र विधवा बुहारीको मंजुरी लिइ मात्र खर्च गर्न हुन्छ । मंजुरी नलिइ गरेको सदर हुदैन ( अंश वंडाको १९ नं) यसले पैत्रिक सम्पत्तिमा विधवा बुहारीको अधिकारलाई स्थापित गरेको छ ।

# अध्याय - तीन

## महिलाको साम्पत्तिक अधिकार : मानवअधिकार तथा लैङ्गिक अधिकार

### १. मानव अधिकारको परिचय :

सम्पत्ति मानवीय जीवनको अपरिहार्य तत्व भएकाले मानवीय जीवनमा सम्पतिको आवश्यकता र अपरिहार्यता रहन्छ । यो तत्व महिलाहरुका लागि पनि पुरुष सरह बराबरी महत्वका रुपमा रहने गर्दछ । सम्पतिको अधिकार मानव अधिकार भित्र पर्दछ । महिला पुरुषले सम्पतिको बराबरी प्रयोग र हिस्सेदारी राख्न पाउनु लैङ्गिक न्याय र अधिकार पनि हो । त्यसैले विवाहित महिलाको साम्पतिक हक अधिकार अवस्था र पहुँचलाई मानव अधिकारको दृष्टिबाट विश्लेषण गर्न सकिन्छ ।

ऐतिहासिक अवस्थालाई हेर्ने हो भने मानिसहरु महिला पुरुष दुवै अदिम समाजमा पूर्ण स्वतन्त्र थिए । यो अवस्थामा महिला पुरुषमा आर्थिक साम्पत्तिक हक अधिकार र अवस्था र पहुँचमा विभेद थिएन । मानिसहरु त्यसपछि दास, अर्ध स्वतन्त्र र कृषक हुदै पूर्ण स्वतन्त्रतामा परिणत भए । प्राकृतिक र नैसर्गिक स्वतन्त्रता कृत्रिम र वैधानिक स्वतन्त्रतामा परिणत भए । विकाससँगै श्रमिक संख्या वृद्धि हुदै गयो । उनीहरुले १४ देखी १८ घण्टा सम्म कार्य गर्दै जानुपर्ने भयो जुन कुरा श्रमिकका लागी चित्त बुझ्दो थिएन । त्यसैका कारण आफ्ना हक अधिकारको संरक्षणको लागि आफ्नो राष्ट्रिय कानूनमा आफ्ना हकाधिकारको व्यवस्था गरी सम्मान गर्ने कार्य तर्फ लागे, फलत मानवअधिकारको सैद्धान्तिक तथा व्यवहारिक पक्ष सामाजिक मान्यताका साथ अगाडी बढ्यो । आज मानवअधिकारकै कारण विश्वभर विश्वयुद्ध, शितयुद्ध र अन्य राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, साम्पत्तिक घटना घटिरहेका छन् । तर औपचारिक रुपमा सबै राष्ट्रका नागरिकहरुले एकै समयमा एकै नासको अधिकारको उपयोग गर्न पाउने मानव अधिकारको सृजना संयुक्त राष्ट्रसंघको स्थापना पछि मात्र संभव भयो (शर्मा, २०५४:१)

मानिस, मानिस भएर बाँच्नका लागि आवश्यक पर्ने अधिकारहरुलाई समेटेर संयुक्त राष्ट्रसंघको विधान र सो विधान अनुसार मानवअधिकारको विश्वव्यापी घोषणा पत्र - १९४८ जारी भएको छ । यसका आधारमा महिलाको आर्थिक साम्पत्तिक अधिकार लगायत अन्य अधिकारको संराक्षणका लागि महासन्धीहरु पनि भएका छन् । जेहोस संयुक्त राष्ट्रसंघको विधानको प्रस्तावनामानै - मौलिक मानव अधिकारमा मानवीय व्यक्तिको मर्यादा र मुल्यमा ठूला र साना राष्ट्रहरुमा एवं नर नारीको समान हकमा विश्वास पुन दृढ गराउन भन्ने व्यवस्था गरिएको छ (मासानेट, एवकारियन, १९७० : ४६५), (संयुक्त राष्ट्रसंघको विधानको प्रस्तावना १९४५) यसले महिला मानव अधिकारको प्रत्याभूति र त्यसभित्र साम्पत्तिक अधिकारलाई सुनिश्चित गरेको छ ।

मानवअधिकार वास्तवमा प्रत्येक व्यक्तिलाई मानवीय वातावरणमा भय रहित तथा सम्मानित रुपमा स्वतन्त्र तवरले बाँच्न पाउने नैसर्गिक शास्वत एवं मौलिक रुपको प्राकृतिक अधिकार हो (दाहाल, २००२:१०१) वृहत नेपाली शब्दकोषले मानवअधिकारलाई सन् १९४८ को विश्वव्यापी घोषणा पत्रको आधारमा परिभाषित गरेको छ । जसलाई यसरी उल्लेख गरिएको छ "मानव मात्रले पाउने आधारभूत राजनीतिक, सामाजिक, आर्थिक, नागरिक हक तथा स्वतन्त्रता" ( वृहत नेपाली शब्दकोष २०४० : १०६९)

विश्वविख्यात मानवअधिकार वादी व्यक्ति जोसे डब्लु डियक्नोका अनुसार मानवअधिकार भनेको कानूनी अवधारणा मात्र होइन, मानवअधिकार मानिसको लागि अनिवार्य आवश्यकता पनि हो, मानवअधिकालाई अस्वीकार गर्नु भनेको मानवतालाई अस्वीकार गर्नु हो (प्याकुरेल १९९८ : ३२९) यसैबाट हामी के भन्न सक्छौं भने साम्पत्तिक अधिकार आधारभूत मानवअधिकार हो किनकि सम्पति मानवीय जीवनको अनिवार्य आवश्यकता हो र यो बिना जीवन बिताउन गाहो पर्दछ । तर महिलाको साम्पत्तिक मानवअधिकारको प्रत्याभूति नहुनाले उनीहरुको मानवअधिकारको अस्वीकार र असमान गरिएको छ । जून मानवतालाई नै अस्वीकार गरे सरह मानिन्छ र यस्तै देखिएको छ हामी कहाँ पनि । मानवअधिकार संसारका हरेक नागरिकले जन्म वर्ण, लिङ्ग आदि कुनै किसिमका भेदभाव विना समाज वा राज्यबाट पाउने अधिकार हो । जस अन्तर्गत मूलतः बोल्ने, लेख्ने, सभा सम्मेलन गर्ने, मात्र होइन कानूनबाट समाज संरक्षण पाउने, आफूखुशी धर्म तथा रितिरिवाज मान्न पाउनुपर्ने, संघ संस्था खोल्न पाउनुपर्ने, गाँसबाँस, रोजगारी यातनाबाट मुक्ती पाउनु पर्ने सहभागी समान साम्पत्तिक अधिकार रहनुपर्ने जस्ता अनेकौ अधिकार पर्दछन् । वास्तवमा मानव भएर बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण हक अधिकारहरु नै मानवअधिकार हुन । जसमा महिला पुरुष, बालक श्रमिक, कृषक आदि सबै सामाजिक संरचनाका हक समावेश हुन्छन् ।

त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को आधारमा मानिसहरुका चाहना र आवश्यकतालाई राष्ट्रिय कानून द्वारा उपलब्ध गराउने प्रतिबद्धता र संभावनालाई मानव अधिकार भनिएको छ । (नन्द, १९९३ : २७७)

संविधान र कानूनद्वारा प्रत्याभूत गरिएका मानवोचित हक अधिकारहरुलाई लिखित बद्ध मानवअधिकार भनिन्छ । यसैका लागि साथसाथै सामाजिक, सांस्कृतिक र प्रथागत रुपमा मानव विकासको क्रममा स्वभाविक रुपमा विकसित मानविय मूल्य र मान्यताहरु मानव अधिकारको परिभाषा भित्र समेटिएको हुन्छ (इन्सेक, २००१ : २१)

मानव अधिकार भन्नाले व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग संम्बन्धित संविधान तथा अन्य कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकार

सम्बन्धि अन्तराष्ट्रिय सन्धि संझौतामा निहित अधिकार सम्झनु पर्दछ (मानव अधिकार आयोग ऐन २०५३)

मानव भएका नाताले प्राप्त अधिकारहरु अहरणिय एवं आधारभूत हुन । यी अधिकारबाट वञ्चित गर्नु अन्याय एवं स्वेच्छाचारी हुन जान्छ (त्रिपाठी २०४६ : १) मानव अधिकारहरु सर्वव्यापी रुपमा स्वीकार गरिएता पनि सर्वमान्य परिभाषा गर्न भने कठिन छ । मानवअधिकारलाई आजको साझा शब्दावली मानिने गरेको भएपनि साम्पत्तिक अधिकारलाई हेर्दा भने कुनै द्विविधा पाईदैन । मानव अधिकारको अर्थ खोज्दा यसलाई प्राकृतिक, नैसर्गिक, मौलिक अधिकार आदि भनिएतापनि मानवअधिकारलाई मूलतः मानविय (नरनारी) को मूल्य र मर्यादाको तत्वको केन्द्रविन्दुको रुपमा लिनु पर्दछ । अर्को शब्दमा बाँच्नका लागि आवश्यक पर्ने अधिकार सबै मानवअधिकार हुन । जुन अन्तर्गत साम्पत्तिक अधिकार स्वत समावेश भएको हुन्छ । यसै आधारमा संयुक्त राष्ट्रसंघको संरचना भित्र मानव अधिकारको संरक्षण सम्बन्धि व्यवस्थाहरु निहित भएको पाईन्छ । यि अधिकारहरु नैसर्गिक अहरणिय अधिकार  हुन । अमेरिकी स्वतन्त्रता आन्दोलन, फ्रान्सिसि घटनाक्रम, संयुक्त राष्ट्रसंघ हुदै यि अधिकारहरु समाहित गरिएिका हुन (राष्ट्रिय समिति नेपालको अन्तिम प्रतिवेदन १९९८ : १)

पश्चिमी अवधारणा अनुसार मानवअधिकारहरु व्यक्तिकेन्द्रित एवं सर्वव्यापक हुन र सापेक्षिक होइनन् । त्यसैले यसै अवधारणा अनुसार नागरिक तथा राजनैतिक अधिकारलाई प्रथम पुस्ताको मानवअधिकारबाट पुकारिन थालेको हो । शोभियत धारणा अनुसार मानवअधिकार निरपेक्ष नभइ सापेक्षित कुराहरु हुन, केन्द्रविन्दु राज्य हो । यस अनुसार आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरुलाई दोश्रो पुस्ताको मानवअधिकारको संज्ञा दिइएको हो । तेश्रो विश्वको अवधारणामा विकास, वातावरण संम्बन्ध जस्ता अधिकारलाई तेश्रो पुस्ताको मानव अधिकारको संज्ञा दिइएको हो । जे होस् मानव नै मानवअधिकारको केन्द्र विन्दु हो (राष्ट्रिय समिति नेपालको अन्तिम प्रतिवेदन, १९९८ : ५६)

मानवअधिकारलाई ऐतिहासिक र सामाजिक परिवेशबाट छुट्याएर बुझ्न र मुल्याङ्कन गर्न सकिदैन । मानव अधिकारको संम्बन्ध समाजमा मानिसको जीवन पद्धतिसँग जोडिएको हुन्छ । विश्वव्यापी रुपमा स्वतन्त्रताको महाअधिकार पत्र-१२१५, अधिकार पत्र १६२८, विल अफ राइट १६८९ जस्ता अधिकारसँग संबद्ध दस्तावेजहरु विद्यमान समाजबाटै उत्पति भएका थिए (कृष्ण, १९८६ : ३) यस्तै अरु व्यवस्थाहरु पनि समाजबाटै भएका कुरामा कुनै सन्देह गर्न सकिदैन । स्वतन्त्रताको महाअधिकार पत्र देखि संयुक्त राष्ट्रसंघ अन्तर्गत गरिएका व्यवस्थाहरु र राष्ट्रिय कानूनमा गरिएका व्यवस्थाहरु मानवअधिकारको ऐतिहासिक विकाससँगै संम्बन्धित छन् । यसै क्रममा विभिन्न राष्ट्रहरुमा गरिएका राष्ट्रिय कानूनी व्यवस्थाहरुको पनि महत्वपूर्ण स्थान छ । यसका साथ साथै नेपाल जस्तै कतिपय राष्ट्रहरुमा भएका असमानपूर्ण व्यवस्थाहरु जुन महिला र पुरुषका

विचमा विभेदकारी छन् तिनीहरु भने विचारणीय बनेका छन् । मानवअधिकारको ऐतिहासिक उत्पतिलाई पश्चिमी अनुभव र सिद्धान्तसँग जोडिए पनि पूर्वीय अवधारणा र आधारसँग पृथक राख्न सकिदैन । यथार्थमा १९४५ पछि मात्र मानवअधिकारहरुलाई तिव्रतर रुपमा अन्तरराष्ट्रिय पहल तथा राष्ट्रहरुको वैद्य विषयको रुपमा लिन थालेको हो । (राष्ट्रिय समिति नेपालको अन्तिम प्रतिवेदन १९९८ : १९) जेहोस औपचारिक रुपमा संयुक्त राष्ट्रसंघको स्थापना पछि मात्रै मानवअधिकारको सैद्धान्तिक तथा व्यवहारिक अभ्यास भएको भएतापनि प्राकृतिक अवस्था देखिनै यसको विकास भएको पाइन्छ ।

महिलाको साम्पतिक अधिकारलाई महिलाको मौलिक मानव अधिकार मानिन्छ । मानव भएर बाँच्नका लागि आवश्यक पर्ने आधारभूत अधिकारहरु मौलिक हक तथा अहरणिय अधिकारको रुपमा रहेका हुन्छन् । यी अधिकारहरुको अभावमा मानव मानव भएर बाँच्न सक्दैन । यस्ता अधिकारहरु अन्तर्गत पनि महत्वपूर्ण अधिकारका रुपमा रहेको साम्पतिक अधिकार महिला र पुरुष दुवैका लागि बराबर सरोकारको विषय भएपनि महिलाहरुको साम्पतिक अधिकार भने सुनिश्चित भएको छैन । महिलाको साम्पतिमा पहुँच पुग्न नसकेका कारण नै महिलाहरु नै बढी गरिबीको संचालमा जेलिएका छन् । अन्तरराष्ट्रिय कानून तथा राष्ट्रको मुल कानून संविधानमा समानताको हक र साम्पतिक हकलाई व्यवस्थित गरिए पनि अन्य कानून र व्यवहारिकतामा महिलाहरु साम्पतिक हक अधिकारबाट वञ्चित हुन पुगेका छन् जून मानवअधिकारको दृष्टिकोणबाट अमानवीय व्यवस्था, व्यवहार र क्रियाकलाप मानिन्छन् ।

## २) मानवअधिकार तथा साम्पत्तिक अधिकारको विकास र सम्बन्ध

मानवअधिकार र साम्पत्तिक अधिकारको सम्बन्ध अन्योन्याश्रित छ । साम्पत्तिक अधिकारको सैद्धान्तीक तथा व्यवहारिक प्रत्याभूती नभएसम्म मानवअधिकारको प्रत्याभूती भएको मान्न सकिदैन । त्यस्तै यदि मानवअधिकारको प्रत्याभूती भएको भन्ने मानिन्छ भने महिला मानवअधिकार अर्न्तगत महिलाको साम्पत्तिक हकाधिकारको पनि स्वत प्रत्याभूती भएको मान्न सकिन्छ । तर सैद्धान्तिक तथा व्यवहारिक दुवै रुपमा महिलाको साम्पत्तिक हक अधिकारको संरक्षण र प्रत्याभूती नभएसम्म महिला मानवअधिकारको संरक्षण भएको मानिदैन । जुन लैङ्गिक न्याय र अलैङ्गिक अधिकार विपरित पनि रहेको हुन्छ । त्यसैले मानवअधिकारको विकास सँगै साम्पत्तिक अधिकारको पनि सँगसँगै विकास भएको पाइएतापनि महिलाको साम्पत्तिक अधिकाको मूलत व्यवहारिक प्रत्याभूती भएको छैन । प्राकृतिक अवस्थामा र आदिम समाजमा महिला पुरुष बीच समानताको अवस्था रहेको मानिएतापनि व्यवहारिक रुपमा समाजमा पुरुषकै बोलवाला बढी भएको र त्यसैले अहिलेसम्म निरन्तरता पाएको भन्ने कुरा वर्तमान सामाजिक हैसियत र व्यवस्थाले पनि प्रष्ट गरेको छ ।

### ३.२.१ स्वतन्त्रताको महानअधिकार पत्र (म्याग्नाकार्टा) १२१५

स्वतन्त्रताको अहानअधिकार पत्र १२१५ मा गरिएका व्यवस्थाहरु आधुनिक राष्ट्रिय सामाजिक व्यवस्थाको पृष्ठभूमिको रुपमा रहेको पाइन्छ । म्याग्नाकाट जसलाई मानवअधिकारको प्रमुख श्रोत मानिन्छ त्यहाँ मूलत :

- व्यक्तिगत स्वतन्त्रताको अवधारणा
- कानूनको सर्वोच्चताको सम्बन्ध
- उचित कानुनी प्रक्रियाको सिद्धान्तलाई अवलंवन गरिएको थियो । त्यसका आधारमा राष्ट्रहरुले मानवअधिकारको प्रत्याभूति दिनेगरी कानून बनाउन थालेका थिए । यी सिद्धान्तहरुले साम्पत्तिक अधिकारलाई पनि सँगसँगै समाहित गरेको थियो तर महिलाको साम्पत्तिक अधिकारले भने अझसम्म प्रत्याभूती पाउन सकेको छैन ।

सन् १२१५ मा पारित म्याग्नाकार्टाको उत्पत्ति तत्कालिन राजाहरुको असिमित अधिकारमा अंकुश लगाउने उद्देश्यले भएको थियो । (उप्रेती, श्रेष्ठ, थापा, २०५४:२४) तर विद्यमान नेपाली समाजमा महिलाहरु पुरुषबाट शोषित छन् र उनीहरु माथि अंकुश नलगाएसम्म महिलाको साम्पत्तिक अधिकार सुरक्षित हुन सक्ने देखिदैन ।

कुल ६३ दफाको यस अधिकार पत्रले बेलायती जनताहरुका लागि सम्पत्तिको अधिकार, मनोमानी सजाय विरुद्धको अधिकार र स्वतन्त्रताको अधिकार बहाली गरेको थियो । यसले उचित कानूनी प्रक्रियालाई पनि अवलम्बन गरेको थियो । यसलाई प्रथम कानूनी दस्तावेजमात्रै नमानेर मानवअधिकारको प्रथम सुत्रधार नै भनिन्छ (इन्सेक, २०५५:२०) । कानुनको उचित प्रक्रियाको सिद्धान्त अन्तर्गत व्यक्तिगत स्वतन्त्रता र सम्पत्तिको अधिकारलाई सार्वभौम सम्पन्न वैध शक्ति प्राप्त अधिकारीहरुले पनि उल्लघंन गर्न सक्दैनथे । (वसु, १९९४:४२) यसरी म्याग्नाकालमा मानवअधिकार अन्तर्गत साम्पत्तिक अधिकारलाई समाविष्ट गरिएको थियो ।

### ३.२.२ अधिकार पत्र-१६२८

मानवअधिकार र साम्पत्तिक अधिकारको सम्वन्ध सँगै रहेको र सँगसँगै विकास भएको कुरा अधिकार पत्र १६२८ बाट पनि पृष्टि हुन्छ । बेलायती समाजमा विकास भएको यो अधिकार पत्र मुलत पूर्वजहरुले बनाएको कानून जुन म्याग्नाकर्ता थियो त्यसको कार्यान्वयन गरेर आफ्नो स्वतन्त्रताको प्रत्याभूती गर्न प्रतिवद्ध थिए यस घोषणापत्र वा अधिकार पत्रले नागरिक मौलिक स्वतन्त्रतालाई संरक्षण गरेको थियो । जनताको मौलिक हक तथा नागरिक स्वतन्त्रताको प्रश्नमा निकै उपलब्धी मुलक रहेको यस अधिकारपत्रलाई बेलायतीहरु दोस्रो महानअधिकारपत्र भन्दछन् ( केसी, २०५४:२३) यसले साम्पत्तिक अधिकारलाई संरक्षण गरेको थियो ।

### ३.२.३ विल अफ राइटस (१६८९)/ नागरिक अधिकारपत्र

यो अधिकारपत्रले पनि मानवअधिकारसँगै साम्पत्तिक अधिकारको पनि सँग सँगै विकास भएको भन्ने पनि गरेको पाइन्छ । बेलायतमा गौरवमय क्रान्ति १६८८ पछि बनेको यो नागरिक अधिकारपत्रमा महिला र पुरुष दुवैलाई बिना भेदभाव साम्पत्तिक अधिकार व्यवस्था भएको थियो । यो अधिकार पत्रको मौलिक अधिकारको विकासको लागि एक साधनको रुपमा ठूलो भूमिका रहेको छ । (वसु, १९९४:४२) यसको विकासमा सहिष्णुता ऐन १६९५ जस्ता ऐनहरुको पनि महत्वपूर्ण भूमिका रहेको छ । यसमा कानूनको सर्वोच्चता, कानून समक्ष समानता, जस्ता व्यवस्था थिए । यो दस्तावेजनको यस्ता अधिकारलाई अझ परिमार्जन र विकशित गरिदिएले थिए (इन्सेक, २०५५:२०) यसमा गरिएको  समानता र स्वतन्त्रताको अधिकारले साम्पत्तिक अधिकारलाई सँगै अवलम्बन गरेको थियो ।

### ३.२.४ अमेरिकी स्वतन्त्रताको  घोषणापत्र : (१७७६) मानवअधिकार र साम्पत्तीक अधिकार

मुलत यूरोपमा फैलिएको मानवताको व्यवहारबाट अमेरिकापनि अलग रहन सकेन फलत अमेरिकी स्वतन्त्रता सग्रामले राज्य र जनताका मौलिक हकलाई जोड्ने काम गऱ्यो । बेलायती औपनिवेशबाट स्वतन्त्रता भएपछि अमेरिकीहरुले मौलिक हक र स्वतन्त्रताको बारेमा गम्भिर रुपमा सोच्न थाले । त्यसैले अमेरिकी घोषणा पत्रमा लेखिएको छ की “सबै मानिसहरु समानरुपले जन्मेका हुन्छन् । उनीहरुलाई श्रृष्टिबाट नै केही अउल्लंघनीय निश्चित अधिकारहरु प्रदान गरिएका हुन्छन त्यस अर्न्तगत जीवन, स्वतन्त्रता र आनन्द(सुख) को खोजी जस्ता अधिकारहरु पर्दछन्” (राष्ट्रिय समिति नेपालको अन्तिम प्रतिवेदन १९९८:२२) (शर्मा, २०५४:२२) त्यस्तै घोषणापत्र मसौदा गर्ने सन्दर्भमा जेफसर्नले उक्त तिनै अधिकारको बारेमा बोलेका थिए (वसु, १९९४:४५) यसमा जीवनको स्वतन्त्रता, समानता, विचार स्वतन्त्रताको अधिकारसँगै सम्पत्तिको अधिकार पनि उल्लेख गरिएको थियो । यसरी यो घोषणापत्र मानवअधिकार स्थापनामा कोशेढुङ्गाको रुपमा रहेको छ । (नेपालको अन्तिम प्रतिवेदन, १९९८:२२) पछि अमेरिकी नागरिक अधिकार पत्र, १७८९ पारित भई बेलायतमा भएसरहका नागरिक अधिकार समावेश गरिए । पछि १७९१ मा संविधान मानै स्वीकार गरियो र संसोधन गर्न नसकिने गरियो (इन्सेक, २०५५:२०)

### ३.२.५ मानवअधिकारको फ्रान्सीसि घोषणापत्र, १७८९ र साम्पत्तीक अधिकार

ऐतिहासिक रुपमा मानवअधिकार र साम्पत्तिक अधिकारको संरक्षण र विकास गर्नमा फ्रान्सेली घोषणापत्रको अग्रणी स्थान रहेको छ, मातृत्व, समानता र वैयत्तिक स्वतन्त्रताको लागि भएको फ्रान्सेली घोषणा क्रान्ति अन्तत फ्रान्सेसी घोषणापत्र १७८९ जारी गरी मानवअधिकारको विकासमा अहम भूमिका निर्वाह गरेको पाइन्छ । यस घोषणा पत्रले फ्रान्सेली नागरिक तथा

राजनीतिक दुवै अधिकार प्रदान गरेको थियो (इन्सेक, २०५५ : २०) पछि यिनलाई संविधनमानै अंगिकार गरिएको थियो, (१७९:१मा) । घोषणाको धारा १ मानै सबै मानिसहरु समानता र स्वतन्त्रतासँगै जन्मन्छन् र रहन्छन् भन्ने उल्लेख गरिएको छ । यसले १९४८ को मानवअधिकारको घोषणा पत्रलाइ प्रारुप दिएको थियो । जीवन स्वतन्त्रता, समनता र भातृत्व प्रजातन्त्रसँग सम्बन्धित हुन्छन् जो फ्रान्सेली आन्दोलनका योगदान हुन् । (काफ्ले, २०२२:१२९)

### ३.२.६ संयुक्त राष्ट्रसंघ, मावअधिकार तथा साम्पत्तिक अधिकार

मानवअधिकारको संरक्षण र सम्वर्धनमा संयुक्त राष्ट्रसंघको स्थापनापछि महत्वपूर्ण योगदान पुगेको पाइन्छ । यसले अन्य हक अधिकार सँगै साम्पत्तिक अधिकारकमो पनि संरक्षण गरेको थियो, महिला र पुरुष बीच समानताको व्यवस्था गरेको थियो । हुनत दोस्रो विश्वयुद्धले संसारको सभ्य एवं मानवतावादी चेतनालाई हल्लाइदियो एवं भविश्यको कुनैपनि कालमा क्षतिपूर्ति गर्न नसकिने गरी मानवताको हानी गऱ्यो । यो युद्ध मानवतावादी सोच एवम् मूल्यको पराजय थियो । राष्ट्रसंघको समयमा मानवताको रक्षा हुन सकेन । यसको क्षमताले राष्ट्रिय कानुनलाई पनि प्रभावित गरेको कुरा विवितै छ । संयुक्त राष्ट्रसंघ तत्कालिन राष्ट्रहरुको आपसी सहमतिको परिणाम थियो । (त्रिपाठी, २०४६:८१) ।

यो मानवअधिकार संरक्षणको केन्द्र बनेको छ तर संयुक्त राष्ट्रसंघको वडापत्रमा मानवअधिकारको संरक्षण सम्बन्धी ठोस व्यवस्था छैन (शर्मा, २०५४:११८) तर यसमा गरिएका व्यवस्थाले मानवअधिकार र साम्पत्तिक अधिकार (दुवै महिला पुरुष) को संरक्षणमा टेवा पुऱ्याएको छ । यसको प्रस्तावमानै मौलिक मानवअधिकारमा मानवीय व्यक्तिको मर्यादा र मूल्यमा ठुला र साना राष्ट्रहरुमा एवं नरनारीको समानहकमा विश्वास पूर्णदृढ गराउने (प्रस्तावना, संयुक्त राष्ट्रसंघको वडापत्र : १९४५) भन्ने व्यवस्था थियो । संयुक्त राष्ट्रसंघिय प्रणाली अर्न्तगत गरिएका व्यवस्थाहरुको पूर्ण क्षेत्र र यथार्थ अर्थ मानवअधिकार सम्बन्धी काम गर्ने संयुक्त राष्ट्रसंघिय मञ्चहरुमा १९४६ पछि भए गरेका व्यवहारहरुबाट पुष्टि हुन्छ (नेपालको अन्तिम प्रतिवेदन १९९८:३०) अर्न्तराष्ट्रिय स्तरमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानविय समस्याहरु र मानवअधिकार हक एवं मौलिक स्वतन्त्रता हक प्रतिको सम्मानको भावना बढाउने सहयोग गर्नु नै मूख्य सिद्धान्त र उद्देश्य हो । (संयुक्त राष्ट्रसंघबारे आधारभूत तथ्यहरु, १९९८:३) (संयुक्त राष्ट्र संघको विधानको धारा : १ र ३)

त्यस्तै वडापत्रको, आर्थिक, सामाजिक र मानविकी प्रकृतिको समस्या समाधानमा भेदभाव नगरिने (धारा, १ र ३), महिला र पुरुषको सहभागितालाई कुनै रोकावट नगरी समानतालाइ मानवअधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी सम्मान तथा पालना गर्ने (धारा ८), जाती, लिङ्ग या भाषा धर्मको भेदभाव बिना सबैका लागि मानवअधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी

सम्मान तथा पालना गर्ने (धारा, ५५(८)) सबैका लागि मानवअधिकार मौलक स्वतन्त्रताहरुको सम्मान र पालनाको अभिवृद्धि गर्ने उद्देश्यका लागि सुझावहरु प्रस्तुत गर्न सक्ने (धारा ६२(२)), मानवअधिकारको संरक्षणका लागि आर्थिक सामाजिक परिषदले समिति गठन गर्न सक्ने (धारा, ६८) जस्ता व्यवस्थाले साम्पत्तिक अधिकारको अभिवृद्धि गर्ने व्यवस्था गरेका छन् र संयुक्त राष्ट्रसंघका विभिन्न अंगहरुले पनि त्यसतर्फ कार्य गर्दछन्/ गरिरहेका छन् ।

### ३.२.७ मानवअधिकारको विश्वव्यापी घोषणापत्र : १९४८

संयुक्त राष्ट्रसंघको सबैभन्दा ठूलो उपलब्धी मानवअधिकार कानूनको एक छुट्टै निकायको श्रृजना गर्नु हो । मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ द्धारा सर्वप्रथम पहिलो पल्ट विश्वव्यापी र अन्तराष्ट्रिय स्तरमा सुरक्षित तथा मान्यताप्राप्त मानवअधिकार संस्था प्रदान गरेको छ । जसबाट राष्ट्रहरु र जनताहरु लाभान्वित हुन सक्दछन् । ती अधिकारको प्रवर्धन, संरक्षण गर्न सरकारलाई सहायता गर्न संयन्त्रको पनि स्थापना गरेको छ । १९४८ पछि महिला, बालक, अपाङ्ग अल्पजात सबै समूहका मानिसहरुले अधिकार पाएका छन् (संयुक्त राष्ट्रबारे आधारभूत तथ्यहरु, १९९८:१३१) यो घोषणाले तिनीहरुका लागि गरिरो आशा उत्पन्न गरेको छ, जो यसबाट बञ्चित तुल्याइएका थिए । (त्रिपाठी, २०४६:९२) । यो घोषणा पत्रको एकमात्र  विशेषता यो रहेको छ कि सन् १९४८ अघि विभिन्न राष्ट्रहरुमा स्थापित भैसकेका संवैधानिक तथा नागरिक अधिकारहरु मध्य बढी प्रचलित अधिकारहरुलाई एक ठाउँमा एकत्रित गरी अन्तराष्ट्रिय स्तरको साझा मापदण्डको घोषित गरिएको छ (शर्मा, २०५४:१४०) यो संयुक्त राष्ट्रसंघको महत्वपूर्ण घोषणा थियो । वडापत्रको धारा ६२ (२) मा मानव अधिकारको संवर्धन र विकासका लागि सुझावको व्यवस्था थियो, त्यसैको फलस्वरुप १९४८ को १० डिसेम्वरमा साधारणसभाले मानवअधिकारको घोषणा पत्र १९४८ लाई स्वीकार गऱ्यो पछि यसलाई विश्वव्यापी घोषणा १९४८ पनि भनियो । यसमा सबै मानिसहरु अधिकार र मर्यादामा समान र स्वतन्त्र भई जन्मन्छन् (घोषणापत्रको धारा (१)) भन्ने व्यवस्था छ । जाती रंग, लिङ्ग, भाषा, धर्म, सम्पत्ति सामाजिक उत्पत्ति, जन्मका आधारमा विनाभेदभाव उपभोग गर्ने अधिकार (धारा (२) ) रहने व्यवस्था यसमा गरिएको छ । यसमा धारा ३–२१ सम्म राजनीतिक नागरिक अधिकारहरु, र आर्थिक सामाजिक साँस्कृतिक अधिकारहरु २२-२७ सम्म र २७-३० सम्म व्यक्ति, समाज संयुक्त राष्ट्रसंघ घोषणाका बारेमा उल्लेख गरिएको छ । ३० वटा धारा मध्य स्वतन्त्रताको अधिकार, समानताको अधिकार, मौलिक हकको संरक्षण, नागरिक हक, विवाह र परिवारको हक, नागरिकताको हक धर्म, रोजगारी, शिक्षा, सहभागी, जस्ता हकको व्यवस्था गरिएको छ । यस घोषणापत्रको धारा १७ मा सम्पत्तिको हक अधिकार सबैलाई हुने व्यवस्था गरेको छ । जसले महिलाको समान साम्पत्तिक हकलाई पनि मान्यता दिएको छ ।

### ३.२.८ नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धि : १९५२

यो महासन्धी राजनीतिक अधिकारसँग सम्बन्धित भएपनि नागरिक अधिकार अन्तर्गत महिलाको साम्पत्तिक हक अधिकार  र सो बमोजिम व्यवहारिक पहुँच नहुनमा राजनीतिक सहभागिताको अभाव पनि जिम्मेवार हुने गर्दछ किनकि महिलाको सहभागिता बिना राजनीतिक निकाय र मञ्चमा उनीहरुको साम्पत्तिक अवस्था र अधिकारका बारेमा बहश हुन नसक्ने भएकोले सोको प्रत्याभूतिका लागि नारीको राजनीतिक अधिकार सम्बन्धी यो महासन्धीले साम्पत्तिक अधिार सँग पनि सामिप्यता राख्दछ । यो संयुक्त राष्ट्रसंघको वडापत्र बमोजिमकै महासन्धी हो । यसमा पुरुष सरह निर्वाचित हुन सक्ने (धारा (१) ), सार्वजनिक निकायमा भेदभाव बिना निर्वाचित हुन पाउने (धारा (२) ) सार्वजनिक पदग्रहण र कार्य गर्न पाउने (धारा ३) जस्ता अधिकारको व्यवस्था गरिएको थियो जसलाई नेपालको वैधानिक कानून २००४ देखि अन्तरिम संविधान २०६३ सम्ममा अंगिकार गरिएको छ तर व्यवहारिक प्रत्याभूती हुन भने सकिरहेको छैन ।

### ३.२.९ सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्राष्ट्रिय महासन्धी : १९६५

जातिय भेदभावका घटनालाई रोक्नका लागि यो महासन्धी पारित भएको थियो । यसको उद्देश्य जातजाती, लिङ्ग भाषा वा धर्मको आधारमा भेदभाव गर्न नपाइने व्यवस्था लागू गर्ने रहेको छ । यसलाई पनि नेपालको संवधैधानिक र अन्य कानूनमा स्वीकार गरिएको छ ।

### ३.२.१० महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि : १९७९

यो महासन्धी ३ सेप्टेम्बर १९८१ देखि लागू भएको छ । यस महासन्धीमा महिला विरुद्ध भेदभाव भन्नाले जस्तोसुकै वैवाहिक स्थिति भएपनि राजनीतिक आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रका महिला र पुरुषको समानताको आधारमा महिलाहरुद्धारा मानवअधिकार हक र मौलिक स्वतन्त्रताको उपयोग, प्रयोग वा मान्यतालाई प्रभावित पार्ने वा रद्द गर्ने, प्रभाव हुनेगरी वा यस्तो उद्देश्यले लिङ्गको आधारमा गरिने कुनैपनि अपराध वा प्रतिबन्धलाई जनाउँछ भनिएको छ (धारा-१) यसमा महिलाका बढी अधिकारको व्यवस्था गरिएको छ । (शर्मा, २०५४:२०६-२०७) यसलाई पनि नेपालका संविधानहरु र कानूनमा स्वीकार गरेको छ ।  यसको धारा १४ मा ग्रामिण महिलाको अधिकार, धारा १६ मा विवाह तथा परिवारको समान अधिकार, धारा १३ मा आर्थिक अधिकार त्यस्तै सम्पत्तिको स्वामित्वको समान अधिकारको व्यवस्था पनि गरिएको छ । त्यस्तै व्यवस्थाहरु आर्थिक सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र-१९६६ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकला १९६५, यातना तथा क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४, जिउमास्ने बेच्ने तथा अरुको बेश्यावृत्तिको शोषण दमनका लागि व्यवस्था भएको

महासन्धी १९४९ र नेपाली कानुनहरु पनि साम्पत्तिक अधिकारसँग सम्बन्धीत छन् । नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि अमि सन्धि यस प्रकार छन् :

मानव अधिकारको विविध पक्षहरुलाई समेट्ने गरी तयार भएका महासन्धिहरु लगायत महिला अधिकार विषयमा केन्द्रीत महासन्धि र सम्मेलनहरुमा समेत संयुक्त राष्ट्र संघको सदस्यको रुपमा नेपालले सहभागिता, सम्मिलन र प्रतिबद्धता जाहेर गरेको छ ।

नेपालले अनुमोदन गरेका तथा सम्मिलन जनाएका मानव अधिकार विषयक अन्तर्राष्ट्रिय महासन्धिहरु निम्नानुसार रहेका छन् :

| **अन्तर्राष्ट्रिय महासन्धिहरु** | **नेपालले अनुमोदन गरेको वा सम्मिलन जनाएको मिति** |
|---|---|
| १. दासत्व महासन्धि, १९२६ | ७ जनवरी १९६३ (सं.) |
| २. दासत्व महासन्धिको संशोधित आलेख, १९५३ | ७ जनवरी १९६३ (सं.) |
| ३. नरसंहारसम्बन्धी अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धि, १९४८ | १७ जनवरी १९६९ (सं.) |
| ४. महिलाहरुको राजनीतकि अधिकारसम्बन्धी महासन्धि, १९५३ | २० अप्रिल १९६६ (सं.) |
| ५. दासत्व, दास व्यापार तथा त्यस्तै अन्य अभ्यास उन्मूलन सम्बन्धी महासन्धि, १९५६ | ७ जनवरी १९६३ (सं.) |
| ६. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६ | ३० जनवरी १९७१ (सं.) |
| ७. नागरिक तथा राजनीतिकअधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६ | १४ मे १९९१ (सं.) |
| ८. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ | १४ मे १९९१ (सं.) |
| ९. नागरिक तथा राजनीतिकअधिकारसम्बन्धी अन्तराष्ट्रिय अनुबन्धको इच्छाधीन आलेख, १९६६ | १४ मे १९९१ (सं.) |
| १०. जातीय भेदभाव हटाउने तथा सजाय गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३ | १२ जुलाई १९७७ (सं.) |
| ११. महिलाविरुद्धका सम्पूर्ण भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७९ | २२ अप्रिल १९९१ (अ.) |

| | |
|---|---|
| १२. यातना तथा क्रुर र अमानवीय व्यवहार तथा सजायविरुद्धको महासन्धि, १९८४ | १४ मे १९९१ (सं.) |
| १३. खेलकुदमा जातिगत भेदभावविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८५ | १ मार्च १९८९ (अ) |
| १४. बाल अधिकार महासन्धि, १९८९ | १४ सेप्टेम्बर १९९० (अ) |
| १५. जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिका शोषणको दमनसम्बन्धी महासन्धि, १९४९ | २७ डिसेम्बर १९९५ (सं.) |
| १६. मृत्युदण्ड उन्मूलन गर्ने व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोश्रो इच्छाधीन आलेख, १९८९ | २६ सेप्टेम्बर १९९७ (सं.) |

अन्तर्राष्ट्रिय सन्धिपत्रहरुमा हस्ताक्षर तथा सम्मिलन गर्ने सस्य राष्ट्रले महिला र पुरुष सबैले समाज रुपले उपभोग गर्न पाउने गरी आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक एवं राजनीतिक अधिकारहरु उपलब्ध गराउनु पर्ने हुन्छ । उपर्युक्त महासन्धिहरुको अतिरिक्त नेपालले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धिहरुमा पनि अनुमोदन तथा सम्मिलत जनाएको छ ।

**अन्तर्राष्ट्रिय श्रम संगठनको नेपाल पक्ष भएका महासन्धिहरु**

| **अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरु** | **नेपालले अनुमोदन गरेको वा सम्मिलन जनाएको मिति** |
|---|---|
| १. औद्योगिक प्रतिष्ठानहरुमा साप्ताहिक बिदा लागु गर्ने सम्बन्धी महासन्धि (नं. १४) | १० डिसेम्बर, १९८६ (अ.) |
| २. संगठन गर्ने र सामूहिक सौदावाजीसम्बन्धी सिद्धान्त प्रयोग महासन्धि (नं.९८) | ४ अक्टोबर, १९९६ (अ) |
| ३. समान कामकोलागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि, १९५१ (नं.१००) | ६ अक्टोबर, १९९६ (अ) |
| ४. रोजगार तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि, १९५८ (नं. १११) | १९ सेप्टेम्बर, १९७४ (अ) |
| ५. बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि (नं.१२९) | १३ सेप्टेम्बर, २००१ |
| ६. विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि, १९७९ (नं. १३१) | १९ सेप्टेम्बर, १९७४ (अ.) |

| | |
|---|---|
| ७. रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि (नं.१३८) | ४ अक्टोबर, १९९६ |
| ८. अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीइ सहमतिसम्बन्धी महासन्धि (नं.१४४) | २१ मार्च, १९९५ (अ.) |
| ९. बाल श्रमका निकृष्ट रुपहरुको उन्मूलनसम्बन्धी महासन्धि (नं.१८२) | १३ सेप्टेम्बर, २००१ |

**<u>नेपालले हस्ताक्षर गरेका तर सम्मिलन तथा अनुमोदन नभएका संयुक्त राष्ट्रसंघीय महासन्धि</u>**

| **महासन्धिहरु** | **नेपालले हस्ताक्षर गरेको मिति** |
|---|---|
| १. बाल अधिकार महासन्धिको बाल अश्लीलता प्रदर्शनविरुद्धको इच्छाधीन आलेख | अक्टोबर २००१ |
| २. बाल अधिकार महासन्धिको सशस्त संघर्षमा बालबालिका प्रयोगविरुद्धको इच्छाधीन आलेख | अक्टोबर २००१ |
| ३. महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | १८ डिसेम्बर, २००१ |
| ४. वेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचबिखनविरुद्धको सार्क महासन्धि, २००२ | ५ जनवरी, २००२ |
| ५. दक्षिण एशियामा बाल कल्याण प्रबर्द्धनको निम्ति क्षेत्रीय समन्वयसम्बन्धी सार्क महासन्धि, २००२ | ५ जनवरी, २००२ |

*<u>श्रोत : राष्ट्रिय कार्ययोजना २०६१ : १-३</u>*

## ३.३ मानवअधिकार र साम्पत्तिक अधिकार सम्बन्धी अन्य नेपाली कानूनी व्यवस्था

महिलाको मानवअधिकार अन्तर्गतको साम्पत्तिक अधिकारलाई नेपालको कानुनहरुमा कसरी स्वीकार गरिएको छ भन्ने बारेमा नेपालको वैधानिक कानून २००४, नेपालको अन्तरिम शासन संविधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७ र वर्तमान नेपालको अन्तरिम संविधान २०६३ मा भएका विभिन्न व्यवस्थाहरुलाई माथिनै उल्लेख गरिसकिएको छ । त्यस्तै मुलुकीऐनका विभिन्न महलहरु, साम्पत्तिक अधिकारसँग सम्बन्धित नागरिक अधिकार ऐन-२०१२ पनि उल्लेखनिय छ ।

नेपालमा मुलकानुन (संविधान) पछि ऐनका रुपमा जनताहरुलाई अधिकार प्रदान गरी मानवअधिकार र साम्पत्तिक अधिकारको व्यवस्था गरिएको नागरिक अधिकार ऐन २०१२ नै पहिलो

ऐन हो । त्यसमा महिला र पुरुषका अधिकारहरुलाई मानव अधिकारको रुपमा स्वीकार गरिएको छ । तत्कालिन राजा महेन्द्रको २०११ सालमा फाल्गुण २१ गतेको शाही घोषणा बमोजिम नागरीक अधिकार ऐन २०१२ जारि भएको थियो । (श्रेष्ठ, २०५४:२८४)

यो ऐन अधावधी जीवन्त छ मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा भएका धेरै विषय र व्यवस्थाहरुलाई यस ऐनले अंगालेको पाइन्छ । (दाहाल, १९९८: ३३९) नागरिक हक प्रदान गर्ने ऐनको अभाव रहेको अवस्थामा सोको अभावलाई यस ऐनले पूरा गरेको थियो । यसमा समस्त नागरिक सोको अभावलाई यस ऐनले पूरा गरेको थियो । यसका व्यवस्थाहरु बढो महत्व राख्ने खालका छन् । धर्म, जात-जाती वा लिङ्गको आधारमा भेदभाव नगरिने व्यवस्था, समानताको हक सम्बन्धी व्यवस्था त्यस्तै, विशेष वर्गको लागि विशेष व्यवस्था गर्न सकिने, वाकस्वतन्त्रता -दफा ६) त्यस्तै घरज मगर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने, पेशा रोजगार छान्ने अधिकार सम्बन्धि व्यवस्था यसमा गरिएको छ । यिनै र यस्ता व्यवस्थाहरु पछि संविधान र मुलुकी ऐनमा गरिएको थियो त्यसैले महिलाको साम्पत्तिक अधिकारलाई पनि नागरिक अधिकारको रुपमा यस ऐनमा समावेश गरिएको छ ।

त्यस्तै नेपाल सन्धि ऐन २०४७ पनि महत्वपूर्ण छ । यस ऐनको दफा ९ अनुसार संसदबाट सम्मिलन, स्वीकृती वा समर्थन भएका अन्तराष्ट्रिय सन्धि अभिसन्धिहरु र सम्झौताहरु, संविधानमा अनुवंधहरु नेपाल कानून सरह नै लागु हुने व्यवस्था छ । यसैको आधारमा अन्तराष्ट्रिय कानून अन्तर्गत सन्धी अनुवंध अभिसन्धी विभिन्न मितिमा अनुमोदन, समिलन स्वीकृती भई नेपालमा नेपाल कानून सरह लागु भैरहेका छन्, ती सन्धीहरु जो महिलाको साम्पत्तिक अधिकारसँग र अरु विषयसँग सम्बन्धित छन् । तिनीहरुलाई तल माथि उल्लेख गरिएको छ र सोही बमोजिम नेपालमा लागू भएका छन् तर व्यवहारिक अवस्था भने त्यो सैद्धान्तिक व्यवस्था भन्दा भिन्न खालको छ । त्यस्तै श्रमऐन २०४८ र मानवअधिकार ऐन २०५३ जुन मानवअधिकार कानूनको छाता कानूनका रुपमा रहेको छ  (ऐर, २०५७:३८) यसले पनि नारी स्वतन्त्रता र उनीहरुको साम्पत्तिक अधिकारको संरक्षणलाई व्यवस्था गरेको छ । त्यस बाहेक अन्य व्यवस्थाहरु पनि पाइन्छन् तर साम्पत्तिक अधिकार सम्बन्धी व्यवस्था यिनै कानूनहरुमा प्रमुख रुपमा गरिएका छन् । त्यसैले महिलाको साम्पत्तिक अधिकार भनेको महिला मानवअधिकार र लैङ्गिक अधिकार पनि हो ।

### ३.४ लैङ्गिक अधिकार

महिला र पुरुषले बिना भेदभाव समान रुपमा अधिकारको प्रयोग गर्न पाउनु पर्ने मानव अधिकार लैंगिक अधिकार पनि हो । मानिस जन्मदा समानता र स्वतन्त्रतासँगै जन्मन्छन् । तर उषाकालदेखि नै केहि मानिसहरुले वहुसंख्यक मानिसहरु उपर अनेकौ प्रकारका दमन, शोषण, भेदभाव र अत्याचार गर्दै आएका छन् । यस्ता अन्याय र अत्याचारका विरुद्ध मानिसहरु संगठित भई

आवाज उठाइरहेका पनि छन् । फलस्वरुप समानता र स्वतन्त्रताका अधिकारहरुलाई राष्ट्रिय अन्तराष्ट्रिय दस्तावेजहरुमा लेखबद्ध गरिएको पाइन्छ । र यसको शुरुवात मूख्यत संयुक्त राष्ट्रसंघको स्थापना पनि भएको हो । नेपालम थुप्रै कानुनहरु अझै भेदभाव पूर्ण रहेका छन् नेपालमा नवौं र दशौं पञ्चवर्षिय योजनामा महिला र पुरुष बिच भेदभाव हटाइ महिलालाई समान हक प्रदान गर्न सबै ऐन कानुनको पुनरावोलकन गरी समानतामुलक कानुनको निर्माण गर्ने उल्लेख गरिएको थियो जुन लैङ्गिक न्याय सम्बन्धिको प्रयास मानिन्छ ।

सन् १९९५ मा वेइजिङ्गमा भएको चौथो विश्वमहिला सम्मेलन पश्चात लैंगिक समानता तथा महिला सशक्तीकरण : राष्ट्रिय कार्य योजनमा समेत भेदभाव पूर्ण कानूनहरु संसोधन गर्ने नीति रहेको थियो । अझैपनि सम्पत्ति सम्बन्धी मुलुकीऐनका २६, व्यवस्था अन्य ७ वटा ऐनहरु र ५ वटा नियमावली समेत ३८ कानुनहरु जुन सम्पत्तिसँग सम्बन्धीत छन् तिनीहरु भेदभावपूर्ण लैङ्गिक अधिकार बिरुद्ध रहेका छन् (वकालत पत्र : ३)

महिला विकास र लैङ्गिक न्यायका सन्दर्भमा विश्वघोषणाको पनि सान्दर्भिकता र महत्व रहेको छ । सन् १९७५ मा सर्वप्रथम अन्तराष्ट्रिय नारीवर्षका रुपमा शुरु गरिएको अभियान तथा नारी विकास दशकले आत्मसात गरेको समानता, विकास र शान्तिको वहुआयामिक उद्देश्यलाई निरन्तरता प्रदान गर्न संयुक्त राष्ट्रसंघबाट मेक्सिकोमा आयोजना गरिएको पहिलो अन्तराष्ट्रिय सम्मेलन, कोपनहेगनमा सन् १९८० मा भएको दोस्रो, नौरवीमा सन् १९८५ मा भएको तेस्रो तथा वेइजिङ्गमा सन् १९९५ मा भएको चौथो विश्व सम्मेलनबाट पारित प्रस्तावहरुलाई अद्धितिय मानिएको छ । वहुआयामिक सहभागिता कार्यको दृष्टिकोणका कारण वेइजिङ्ग कार्ययोजना विश्वमा लैङ्गिक समानता र सशक्तीकरणका लागि एक बलियो र भरपर्दो आधार रहेको पाइन्छ । यसले महिला मानवअधिकारको संरक्षण गर्ने, गरिबी कम गर्ने, सहभागिता बढाउने, सबै प्रकारका हिंसा भेदभाव हटाउने, शिक्षा स्वास्थ्यमा पहुच र पारिवारिक सामानतालाई प्रोत्साहन गर्ने कार्य गर्ने आव्हान गरेको थियो यसले १२ वटा सरोकारका क्षेत्र निर्धारण गरेको थियो । (राष्ट्रिय कार्ययोजना, २०६१:४-५)

तिनीहरु यसप्रकार छन् :

१) महिला र गरिबी ।

२) महिला र शिक्षा तथा तालीम ।

३) महिला र स्वास्थ्य ।

४) महिला विरुद्ध हिंसा ।

५) महिला र सशस्त्र संघर्ष ।

६) महिला र अर्थतन्त्र

७) शक्ति संरचना र निर्णय प्रकृयामा महिला ।

८) महिला विकासका लागि संस्थागत संरचना ।

९) महिला र मानवअधिकार ।

१०) महिला र स्वास्थ्य ।

११) महिला र वातावरण ।

१२) बालिका ।

यी क्षेत्रका बारेमा २००० को जुन ५-९ मा भएको संयुक्त राष्ट्रसंघको महासभाको विशेष सत्रमा समेत छलफल भएको थियो र त्यहाँ महिला अधिकारका लागि सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र कानुनी क्षेत्रमा समान अधिकार समेत हुनुपर्ने ठहर गरिएको थियो । तर नेपालमा आर्थिक स्रोत साधनमा महिलाको पहुँच र नियन्त्रण ज्यादै कम छ। भूमीमाथीको महिलाको स्वामित्व भएको परिवार करिब ११ प्रतिशत, घरमाथि महिलाको स्वामित्व भएको परिवार करिब ६ प्रतिशत र महिला घरमूली भएको घरपरिवार करिब १५ प्रतिशत रहेको छ । साथै महिलाले घरेलु तथा कृषि कार्यमा गर्ने योगदानको लेखाजोखा राष्ट्रिय लेखामा गरिएको छैन । महिलाको आर्थिक अवस्था सुधार्न समुदाय स्तर सम्म आवश्यक र सम्भावित आय आर्जन र लगानीको क्षेत्र र समुदायको पहिचान गरी आर्थिक स्रोत साधनको परिचालन र ऋण प्रवाह कम भएको देखिन्छ । ( राष्ट्रिय कार्ययोजना २०६१ : १५) त्यस्तै नेपाली महिलाले दिनको सरदर १२ घण्टा काम गर्दछन्, कृषि कार्यको ६० प्रतिशत उत्पादन महिला श्रमबाट हुने गर्दछ । करिब ११ प्रतिशत (१०.८४) महिलाको मात्र भूमी माथि स्वामित्व छ । गैह्र कृषि क्षेत्रमा १७.५ महिलाले मात्र रोजगारी गर्दछन् । त्यस्तै पुरुषको साक्षरता ६२.७ प्रतिशत हुँदा महिलाको ३४.९ प्रतिशत मात्र रहेको छ ।

# अध्याय - चार

## तथ्यांकिय तालिकिकरण, विश्लेषण तथा प्रस्तुतिकरण

### क) अध्ययन क्षेत्रका महिलाहरुको साम्पत्तिक अवस्थाको तालिकिकरण तथा विश्लेषण

तालिका नं. १

**संम्पत्ति मानविय जीवनको अपरिहार्य तत्व हो भन्ने कुरामा सहमतिको अवस्था**

| क्र.सं. | सहमतीको अवस्था | संलग्न संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहमत | ४१ | ८२ |
| २ | असहत | - | - |
| ३ | थाहा छैन | ९ | १८ |
| जम्मा | | ५० | १०० |

*श्रोत : स्थलगत अध्ययन ।*

८२ प्रतिशत महिलाले सम्पतिलाई मानवड़ी जीवनको नभई नहुने अपरिहार्य तत्व मानेका छन् । अपरिहार्य तत्व होइन भन्ने सहमत नहुनेको संख्या र प्रतिशत शून्य रहेको छ भने थाहा छैन भन्नेहरु १८ प्रतिशत छन् । यीनीहरु साम्पतिक पंहुचबाट टाढै रहे भएका, शिक्षाको कमि भएका र सम्पति प्रति खासै चासो नभएकाहरु छन् ।

तालिका नं. २

**भिन्न र संगोलमा बस्दाको अनुभव स्तरको अवस्था र बैंक खाता विवरण**

| क्र. सं. | छुटिभिन्न भएको अवस्था | संख्या | प्रतिशत | भिन्न वस्दा स्तरमा फरक पाउने | संख्या | प्रतिशत | बैंक खाता | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | छ | २७ | ५४ | पाए | २७ | ५४ | छ | - | - |
| २ | छैन | २३ | ४६ | पाइन | २३ | ४६ | छैन | ५० | १०० |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

*श्रोत : स्थलगत अध्ययन*

भिन्न र संगोलमै रहेबसेको अवस्था सो समयमा आर्थिक साम्पत्तिक पक्षमा भएको परिवर्तन र पँहुचको स्तर तथा चल अचल सम्पत्तिको व्यवहारमा बैंक खाताको प्रयोग भए नभए तर्फ यस

तालिकाले स्पष्ट गरेको छ । जसअनुसार ५४ प्रतिशत महिला छुट्टिभिन्न भएका र ४६ प्रतिशत महिला यद्यपी संगोलमै रहेका छन् । यसले एकात्मक परिवार तर्फको सुझाव बढ्दो रहेको कुरालाई पुष्टि गरेको छ । त्यस्तै भिन्न बस्नेहरु सबैले संगोलमा रहंदा बस्दाको भन्दा आफ्नो आर्थिक साम्पत्तिक स्तर र पहुंचमा फरक पाएको छन् र भिन्न बस्ने सबैले यस्तो अनुभव गरेका छन् । यसले संयुक्त परिवारमा रहेको अवस्थामा महिला माथि अझ बढी साम्पत्तिक आर्थिक असमानता रहने कुरालाई पुष्टि गरेको छ । सत प्रतिशत सँग बैंक खाता नभएको अवस्था छ । यसले चल अचल सम्पत्तिको व्यवहार कारोबारमा उनीहरु टाढै रहेको स्पष्ट गर्दछ ।

**तालिका नं. ३**

**महिला मानवअधिकार तथा लैङ्गिक समानताको जानकारी**

| क्र. सं. | महिला मानव अधिकारको जानकारी | संख्या | प्रतिशत | लैङ्गिक समानताको जानकारी | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | छ | १० | २० | छ | १३ | २६ |
| २ | छैन | ३१ | ६२ | छैन | २९ | ५८ |
| ३ | अलिअलि छ | ९ | १८ | थाह छैन | ८ | १६ |
| ४ | आवश्यक परे जानकारी राख्छु | | | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० |

***श्रोत : स्थलगत अध्ययन***

मानिसले मानिस भएर बाँच्न पाउने अधिकार सामन्यत मानव अधिकार हो । यसभित्र सबै तहका समूहका मानिसहरु पर्दछन् तर यस्तो संवेदनशील विषयमा मात्र २० प्रतिशत महिलालाई मानवअधिकरका बारेमा जानकारी रहेको पाइन्छ । त्यस्तै ६२ प्रतिशत महिलाहरु महिला मानवअधिकार के हो ? आफूहरुले के के अधिकार पाउनु पर्दछ र आफ्ना अधिकार के के हुन् ? भन्ने तर्फ अनविज्ञ नै छन् । त्यस विषयमा उनीहरुलाई केही थाहा छैन । तर १८ प्रतिशत भने अलिअलि जानकारी राख्ने बताउछन् । यसरी धेर थोर जानकारी भएको अवस्था हेर्दा पनि त्यो मात्र ३८ प्रतिशत हुन्छ भने ६२ प्रतिशत संख्या आधारभूत महिला मानवअधिकारका बारेमा जानकारी राख्दैनन् । यस अवस्थाले मानवअधिकार शिक्षाको उपलब्धतालाई इंकित गरेको छ । त्यस्तै अवस्था छ लैङ्गिक समानता बारेको जानकारी पनि । लैङ्गिक समानता के हो ? भन्ने बारे मात्र २६ प्रतिशतले जानकारी राख्दछन् भने ५८ प्रतिशतलाई यसका बारेमा कुनै जानकारी नै छैन । यस्तै थाहा छैन भन्नेहरु १६ प्रतिशत छन् । यीनीहरुले एकिन साथ भन्न नसकेपनि यो प्रतिशत समेत जानकारी नराख्ने समूहमै पर्दछ ।

## तालिका नं. ४

### सम्पति प्राप्तीका लागि मुद्दा गरे नगरेको, पैत्रिक सम्पत्ति पाए नपाएको, चल सम्पत्ति आफूखुश गर्न पाउने नपाउने अवस्था र चल सम्पति खर्च हुने शीर्षक

| क.सं. | सम्पति प्राप्तिका लागि मुद्दा गरेको | संख्या | प्रतिशत | पैत्रिक अचल सम्पति पाए नपाएको अवस्था | संख्या | प्रतिशत | चल सम्पति आफूखुश व्यवहार गर्न पाउने नपाउने | संख्या | प्रतिशत | चल सम्पति खर्च गर्ने शीर्षक | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | छ | १ | २ | छ | - | - | पाउँछु | १४ | २८ | पारिवारि खर्च | ४२ | ८४ |
| २ | छैन | ४९ | ९८ | छैन | ५० | १०० | पाउँदिन | १२ | २४ | व्यक्तिगत खर्च | २ | ४ |
| ३ | | | | | | | नगद ..सम्पति छैन | ३ | ६ | पठनपाठन खर्च | ६ | १२ |
| ४ | | | | | | | थाहा छैन | २१ | ४२ | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

*श्रोत : स्थलगत अध्ययन*

सम्पति मानवङी जीवनको अपरिहार्य तत्व भएतापनि चल अचल पारिवारिक सम्पति माथि महिलाको नियन्त्रण छैन । मानवअधिकार र लैङ्गक अधिकारको सचेतताको कमिका कारणले पनि हो, यहाँका महिलाहरु मुद्धा मामिला र अदालती प्रकृयाको अनुसरण गरी आफ्नो साम्पत्तिक अधिकार संरक्षण गर्न सकेका छैनन् । वाध्यात्मक अवस्थामा मात्र २ प्रतिशतले मुद्धा गरी सम्पति प्राप्त गरेको अवस्था छ । भने हाल कसैको मुद्धा रहेको अवस्था छैन । मुद्धा गरी अंश वा सम्पति लिएपछि पुरुषसँग व्यवहारिक सम्बन्ध विच्छेद हुने, श्रीमानलाई अर्को विवाह गर्न बाटो खुल्ने र आफ्नो स्वआर्जनबाट सम्पति प्राप्त गर्ने माध्यम नभएको अवस्था एकातर्फ भने अर्कोतर्फ गृहिणी र कृषि कार्यको आर्थिक मुल्य महत्व नहुदा उनीहरु सम्पतिमा परनिर्भर नै रहेका छन् । ९८ प्रतिशतले कुनै मुद्धा नगरेका र हाल मुद्धा गर्नेले संख्या र प्रतिशत शून्य रहेको छ ।

पैत्रिक अचल सम्पत्तिमा समेत उनीहरु टाढा छन् । मुलतः वैवाहिक महिलाहरुले आफ्नो वैवाहिक सम्बन्ध रहने अवस्थामा बाबुआमाबाट कुनै जग्गा जमिन अचल सम्पति प्रदान गर्न नचाहने र प्रदान गरेपनि विवाह पछि बाँकी जति फिर्ता गर्नु पर्ने अवस्था (हाल फकाउनु नपर्ने) भएका हुँदा र मुद्धाको रोहवाट लिदा माइतीसँग सम्बन्ध बिग्रने कारणले महिलाहरु मुद्दा गर्दैनन् । शत प्रतिशतले पैत्रिक अचल सम्पत्ति नपाएको अवस्था छ । यसले त्यही कुरालाई पुष्टि गरेको । यो अवस्थाले प्रत्रिक सम्पत्तिमा पहुंच पुऱ्याउन कदम चाल्नुपर्ने नै देखिन्छ ।

चल नगद सम्पति नरहने र सुन चाँदी दोपायाँ चौपायाँ रुपी चल सम्पत्ति रहेको अवस्थामा २८ प्रतिशतले आफूखुशी व्यवहार गर्न पाउँछन् ३० प्रतिशतले आफूखुशी व्यवहार गर्न पाउँदैनन् भने ४२ प्रतिशतलाई पाउने नपाउने भन्ने बारे थाहा नै छैन । सामान्यतया चल सुन सम्पति रहेपनि यो जुनसुकै बेला विक्रि नगरिने, श्रृङगारको चीज पनि भएकाले चल भएपनि जुनसुकै बेला विक्री हुँदैन । महिलालाई समस्या परेको बेला उनीहरुले आफूखुशी गर्न पाउँदैनन् । महिलाको चल सम्पत्तिको खर्च शीर्षकहरुमा ८४ प्रतिशतले पारिवारिक खर्चमा नै खर्च गर्दछन् २४ प्रतिशतले मात्र वैयक्तिक खर्च गर्दछन् र १२ प्रतिशतले पठनपाठनमा खर्च गर्ने गर्दछन् ।

**तालिका नं. ५**

**अचल सम्पतिको आफूखुश गर्न पाउने नपाउने, अंश लिएको अवस्था, दानवकस अपुताली र धर्मपुत्रीका माध्यामबाट प्राप्त अचल सम्पति विवरण**

| क्र. सं. | अचल सम्पतिको आफूखुश व्यवहार गर्न | संख्या | प्रतिशत | अंशको अवस्था | संख्या | प्रतिशत | अचल सम्पति प्राप्त संख्या | संख्या | प्रतिशत | दानवकश, अपुताली, धर्मपुत्रीबाट प्राप्त अचल सम्पत्ति | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाउँछु | १ | २ | लिएको छु | ३ | ६ | अचल सम्पत्ति छ | ८ | १६ | छ | | |
| २ | पाउँदिन | | | लिएकी छैन | ४७ | ९४ | अचल सम्पत्ति छैन | ४२ | ८४ | छैन | ५० | १०० |
| ३ | आफ्ना नाउँमा अचल सम्पति छैन | ४१ | ८२ | | | | | | | | | |
| ४ | थाह छैन | ८ | १६ | | | | | | | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | ५० | ५० | १०० | | ५० | १०० |

*श्रोत : स्थलगत अध्ययन*

अचल सम्पति भने २ प्रतिशतले मात्र आफूखुशी व्यवहार गर्न पाउँछन् । त्यसमा पनि आफ्नो मरणोपरान्तको संस्कारका लागि छुट्टयाउनु पर्ने अचल सम्पति समेतको सिमा त रहेकै हुन्छ । ८२ प्रतिशतको नाउँमा कुनै अचल सम्पति नै छैन । अचल सम्पति हुने १६ प्रतिशत महिलाका पनि आफूखुशी व्यवहार गर्नमा सिमाहरु रहेका छन् । यसमा १६ प्रतिशतलाई आफूखुशी व्यवहार गर्न पाउने वा नपाउनेमा थाह छैन । किनकि विक्री गर्न लागेको र त्यसमा समर्थन वा अवरोध रहेको अवस्था छैन । समर्थन वा अवरोधको आंकलन गर्न नसकिएको कुरा उक्त तथ्यांकबाट पुष्टि गर्दछु । त्यस्तै दानवकस, अपुताली र धर्मपुत्रीका माध्यामबाट पनि कसैले अचल सम्पति प्राप्त गरेका छैनन् ।

## तालिका नं. ६

## दैनिक कार्य तथा कार्य विवरण

| क.सं. | उठ्ने समय | संख्या | प्रतिशत | सुत्ने समय | संख्या | प्रतिशत | गर्ने काम | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ५ बजे पहिले | १३ | २६ | ८ बजे | | | कृषि | ५० | |
| | ५ बजे | ३४ | ६८ | ९ बजे | २४ | ४८ | गृहिणी | | १०० |
| | ६बजे | ३ | ६ | १० बजे | २६ | ५२ | व्यापार | | |
| | ६ बजे पछाडी | | | १० बजे पछाडि | | | गृहिणी घरेलु स्वरोजगार | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | राजनीति | ५० | १०० |

***श्रोत : स्थलगत अध्ययन***

दैनिक कार्यलाई यस तालिकाले देखाएको छ । जसअनुसार २६ प्रतिशत महिला ५ बजे पहिल्यै नै उठेर आफ्नो काम शुरु गर्दछन् । ६८ प्रतिशत ५ बजे आसपास उठ्दछन् र ६ प्रतिशत ६ बजे उठ्दछन् । त्यस्तै ४८ प्रतिशत ९ बजे र ५२ प्रतिशत १० बजे बेलुकी सुत्ने गर्दछन् । कार्य प्रकृतिमा भने सत प्रतिशतले कृषि कार्य गर्दछन् र उनीहरुले नै गृहिणी र घरेलु कार्य पनि गर्दछन् । त्यस्तै उनीहरु सबै नगद प्राप्त नहुने, नदेखिने श्रम कार्य नै गर्ने गर्दछन् । उठे देखि नसुते सम्मका सम्पूर्ण कार्य उनीहरुले नै गर्दछन् तर आर्थिक साम्पत्तिक अधिकारमा उनीहरु पछाडि नै छन् । जसले गर्दा साम्पत्तिक आर्थिक अवस्था कमजोर बनेको छ । तराई खानु गोरुका वल पहाड खानु आइमाइ ( महिला) का भर भन्ने नेपाली समाजमा उखानै छ यो यथार्थ भएपनि उनीहरुको श्रमको कुनै मूल्य छैन र आर्थिक अवस्था कमजोर छ सामान्य घरेलु चिज यद्यपी सलाइ किन्न पनि मूख्य मानिसकै भरपर्नु पर्ने अवस्था छ ।

## तालिका नं. ७

## चल अचल सम्पत्तिको विक्रि व्यवहारमा घरमुलीले सल्लाह लिने नलिने, लिनु पर्ने नपर्ने र महिलाको सम्पत्ति सुदृढ नहुनका कारणहरु

| क.सं. | चल अचल सम्पतिको विक्री व्यवहारमा घरमुलीले सल्लाह लिने नलिने | संख्या | प्रतिशत | सल्लाह लिनु पर्छ पर्दैन | संख्या | प्रतिशत | महिलाको सम्पति सुदृढ र सुरक्षित नहुनाका कारण | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | लिनुहुन्छ | १४ | २८ | पर्छ | ५० | १०० | पुरुष प्रधान समाज | १० | २० |
| २ | लिनुहुन्न | ५ | १० | पर्दैन | | | सम्पतिलिई अर्को विवाह गर्ने भन्ने डर | १७ | ३४ |
| ३ | अलिअलि लिनुहुन्छ | १३ | २६ | | | | महिलालाइ सम्पति दिनुहुन्न भन्ने मान्यता | ७/२ | १४ |
| ४ | थाह छैन | १४ | २८ | | | | सम्पतिको सुरक्षा गर्न सक्दैनन् भन्ने मान्यता | १४ | २८ |
| ५ | आफै घर मुली | ४ | ८ | | | | माथिका सबै | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

***श्रोत : स्थलगत अध्ययन***

चल अचल सम्पत्तिको विक्री व्यहारमा २८ प्रतिशत महिलासँग घरमुलीले सल्लाह लिने गर्दछन्, १० प्रतिशतसँग कुनै सल्लाह लिईदैन, २६ प्रतिशतसँग अलिअलि मात्र सल्लाह लिइन्छ, २८ प्रतिशत महिलालाई सल्लाह लिने नलिने बारे थाहानै छैन र८ प्रतिशत महिला मात्र आफै घर मुलि छन् । यस्ता घर मुली महिला अंश जिउनी लिएर बसेका र श्रीमानको निधनभएपछि मुख्य मानिस बनेका छन् । तर सल्लाह लिनुपर्ने कुरामा भने सतप्रतिशत सहमत छन् वा सत् प्रतिशतले नै चल अचल सम्पत्तिको बिक्रीव्यवहारमा घरमुलिले परिवारका सदस्य (महिला) सँग सल्लाह लिनुपर्दछ भन्दछन् । त्यस्तै उनीहरु मध्य ३० प्रतिशतले पुरुषप्रधान समाजका कारण ३४ प्रतिशतले श्रीमतिले सम्पत्ति लिई अर्को विवाह गर्दछन् भन्ने डरका कारण, १४ प्रतिशतले महिलाले सम्पत्तिको संरक्षण गर्न सक्दैन भन्ने मान्यताका कारण र२८ प्रतिशतले यी सबै कारणले गर्दा महिलालाई सम्पत्ति नदिइने र महिलाले सम्पत्तिको प्रयोग गर्न नपाउने हुँदा महिलाको साम्पत्तिक अवस्था सुदृढ र सुरक्षित नहुने गरेको धारणा राखेका छन् ।

## तालिका नं. ८

**घर व्यवहार चलाउने मूख्य मानिस, विभेदकारी कानूनको प्रभाव, विभेदकारी कानुन हटाउनु पर्ने नपर्ने विचार र सम्पत्तिमा महिला पुरुष बिच बराबरी हक रहनुपर्ने व्यवस्था ।**

| क्र. सं. | घरव्यवहार चलाउने मूख्य मानिस | संख्या | प्रतिशत | विभेदकारी कानुनको प्रभाव | संख्या | प्रतिशत | विभेदकारी कानुन हटाउनु पर्ने ठान्नु हुन्छ | संख्या | प्रतिशत | महिला पुरुष बिच बराबरी हकको व्यवस्था हुनुपर्दछ । | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तपाई आफै | ७ | १४ | छ | १६ | ३२ | ठान्दछु | २२ | ४४ | पर्दछ | ३८ | ७६ |
| २ | लोग्ने | ३४ | ६८ | छैन | २ | ४ | ठान्दीन | | | पर्दैन | २ | ४ |
| ३ | ससुरा/बुवा | ४ | ८ | थाहा छैन | ३२ | ६४ | थाहा छैन | २८ | ५६ | थाहा छैन | १० | २० |
| ४ | छोरा | १ | २ | | | | | | | | | |
| ५ | बाबु | ४ | ८ | | | | | | | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

***श्रोत : स्थलगत अध्ययन***

घर व्यवहार चलाउने मूख्य व्यक्तिका सन्दर्भमा पनि महिला अत्यन्तै कम छन् जसमध्ये १४ प्रतिशत महिला मात्रै आफै मूख्य मानिन्छन् । ७६ प्रतिशत लोग्ने मानिस मूख्य छन् ८ प्रतिशत महिलाका ससुरा/बाजे मूख्य मानिस छन् ।

महिलाको सम्पत्ति सम्बन्धी व्यवस्थामा ३२ प्रतिशत महिलाले विभेदकारी कानुनको प्रभाव रहेको उल्लेख गरेका छन्, ४ प्रतिशतले विभेदकारी कानुनको प्रभाव नरहेको र बाँकी ६४

प्रतिशतलाई विभेदकारी कानुनको प्रभाव छ छैन भन्ने बारे कुनै जानकारी छैन वा थाहा नै छैन । समग्रमा ६८ प्रतिशत महिला महिलाको साम्पत्तिक अधिकार सम्बन्धी कानुनका बारे कुनै जानकारी राख्दैनन् । यसले कानुनी शिक्षाको आवश्यकतालाई देखाएको छ । त्यस्तै ४४ प्रतिशत महिलाले विभेदकारी कानुन हटाउनु पर्दछ भन्ने ठान्दछन् । त्यस्तै ५६ प्रतिशत महिलालाई विभेदकारी कानून हटाउने वा नहटाउने बारे थाहा छैन त्यस्तै महिला र पुरुष बिच सम्पत्तिमा बराबरी हकको व्यवस्था हुनुपर्दछ भन्ने ७६ प्रतिशत पर्दैन भन्ने ४ प्रतिशत र थाहाछैन भन्नेहरु २० प्रतिशत रहेका छन् ।

तालिका नं. ९

**महिलाको साम्पत्तिक अधिकारका बारेमा जानकारी पाउन ध्यान पुऱ्याउनु पर्ने पक्ष महिलाको साम्पत्तिक अधिकारका बारेमा विद्यालय शिक्षाको आवश्यकता, श्रीमान/श्रीमति बिच बराबरी सम्पत्ति रहने व्यवस्था र सम्पत्तिमा पहुँच**

| क्र. सं. | साम्पत्तिक अधिकारको बारेमा जानकारी प्राप्त गर्ने पक्ष | संख्या | प्रतिशत | साम्पत्तिक अधिकारका बारेमा जानकारी पाउन विद्यालय शिक्षा | संख्या | प्रतिशत | श्रीमान श्रीमतिबीच बराबरी सम्पत्ति रहने व्यवस्था र साम्पत्तिमा पहुँच पुग्न सक्ने अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आफै सचते रहनु पर्दछ | १० | २० | आवश्यक देख्छ | २४ | ४८ | सक्छ | ३३ | ६६ |
| २ | अनिवार्य कानुनी शिक्षा पाउनुपर्दछ | १० | २० | आवश्यक देख्दिन | ४ | ८ | सक्दैन | | |
| ३ | प्रचारपसार हुनुपर्दछ | ३ | ६ | थाहा छैन | २२ | ४४ | थाहा छैन | १७ | ३४ |
| ४ | तालिमको व्यवस्था हुनुपर्दछ | ६ | १२ | | | | | | |
| ५ | माथिका सबै | १३ | २६ | | | | | | |
| ६ | थाहा छैन | ८ | १६ | | | | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

*श्रोत : स्थलगत अध्ययन*

महिलाले आफ्नो साम्पत्तिक अधिकारका बारेमा जानकारी कसरी पाउने भन्ने बारेमा वा जानकारी प्राप्त गर्ने पक्षमा २० प्रतिशतले आफै सचेत हुनुपर्ने, २० प्रतिशतले अनिवार्य कानुनी शिक्षा पाउनुपर्ने, ६ प्रतिशतले अधिकारका बारेमा प्रचारप्रसार हुनुपर्ने, १२ प्रतिशतले तालिमको व्यवस्था हुनुपर्ने, २६ प्रतिशतले उल्लेखित सबै पक्षको जानकारीको व्यवस्था हुनुपर्ने विचार राख्दछन् भने १६ प्रतिशतलाई त्यस सम्बन्धी थाहा नै नभएको अवस्था रहेको छ त्यस्तै ४८ प्रतिशतले साम्पत्तिक अधिकारका बारेमा जानकारी पाउन विद्यालय शिक्षाको आवश्यकता देखेका छन् र ८ प्रतिशतले आवश्यकता देखेका छैनन् भने ४४ प्रतिशतलाई त्यसका बारेमा थाहा छैन । त्यस्तै ६६ प्रतिशतले श्रीमान र श्रीमती बिच बराबरी सम्पत्ति रहने व्यवस्था हुनुपर्दछ, यसले महिलाको सम्पत्तिमा पहुँच पुग्न सक्छ भन्ने ठानेका छन् तर ३४ प्रतिशतलाई सम्पत्ति बराबरी रहने व्यवस्था भएमा सम्पत्तिमा पहुँच पुग्न सक्दछ वा सक्दैन भन्नेबारे थाहा छैन ।

## तालिका नं. १०

## महिलाको आर्थिक अवस्था सुधार गर्न गर्नुपर्ने कुराहरु, साम्पत्तिक अधिकारका बारेमा रहेको कानुनी जानकारी र महिला पछाडी पर्नुमा साम्पत्तिक पहुँचको अभाव

| क्र.सं. | महिलाको आर्थिक अवस्था सुधार्न गर्नुपर्ने कार्य | संख्या | प्रतिशत | आर्थिक साम्पत्तिक हकका बारे कानूनी जानकारी | संख्या | प्रतिशत | महिला पछाडि पर्नुमा सम्पत्ति नहुनु जिम्मेवारी | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभेदकारी कानुन हटाउने | २ | ४ | राखेकी छु | ७ | १४ | हो | ३१ | ६२ |
| २ | चल अचल सम्पत्तिमा महिला पुरुषबीच बराबरी व्यवस्था गर्ने | ८ | १६ | राखेकी छैन | २६ | ५२ | होइन | २ | ४ |
| ३ | गृहणी कार्यको आर्थिक महत्व | १७ | ३४ | आवश्यक पर्दा राख्ने बुझ्ने गर्दछु | १४ | २८ | थाहाछैन | १७ | ३४ |
| ४ | सबै गर्नु | १९ | ३८ | थाहा छैन | ३ | ६ | | | |
| ५ | थाहा छैन | ४ | ८ | | | | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

श्रोत : स्थलगत अध्ययन

महिलाको आर्थिक अवस्था सुधार गर्न गर्नुपर्ने कार्य मध्य ४ प्रतिशतले विभेदकारी कानुन हटाउनु पर्ने, १६ प्रतिशतले चल अचल सम्पत्तिमा बराबरीको व्यवस्था गर्ने, ३४ प्रतिशतले गृहिणीकार्यको आर्थिक महत्व दिनुपर्ने कार्य गर्नु पर्ने गरी विशिष्टीकरणमा जोड दिएका छन् भने ३८ प्रतिशतले उल्लेखित सबै कार्य गर्नुपर्ने विचार व्यक्त गरेका छन् तर ८ प्रतिशतलाई के कार्य गर्नेबारे थाहा रहेको छैन । त्यस्तै १४ प्रतिशतले साम्पत्तिक अधिकारका बारेमा जानकारी राखेका छन्, ५२ प्रतिशतलाई जानकारी छैन, २८ प्रतिशतले आवश्यक पर्‍यो भने जानकारी राख्ने बुझ्ने गर्दछौं भन्छन् भने ६ प्रतिशतलाई कुनै थाहा छैन । त्यस्तै महिला पछाडी पर्नुमा सम्पत्तिमा पहुँच नहुन पनि जिम्मेवार हो भन्ने ६२ प्रतिशत होइन भन्ने ४ प्रतिशत हो वा होइन भन्ने बारे वा थाहा छैन भन्नेमा ३४ प्रतिशत रहेका छन् ।

## तालिका नं. ११

## साम्पत्तिक विभेदमा प्रथा परम्परा, धर्म संस्कृतिको प्रभाव, एकल महिलाको अवस्थामा सुधार गर्न गर्नुपर्ने कार्यहरु र भूमिमा (जमिनमा) हक बराबरी गर्नुपर्ने आवश्यकता

| क.सं. | विभेदमा प्रथा परम्परा धर्म संस्कृति जिम्मेवार | संख्या | प्रतिशत | एकल महिलाको अवस्था सुधार्न के गर्नुपर्ला ? | संख्या | प्रतिशत | भूमिमा हक बराबरी गर्नुपर्ने आवश्यकता | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ठान्दछु | २७ | ५४ | कानुन परिवर्तन गरेर | ३ | ६ | छु | ४५ | ९० |
| २ | ठान्दिन | ८ | १६ | धर्मको प्रभाव कम गरेर | ७ | १४ | छैन | | |
| ३ | थाहा छैन | १५ | ३० | पितृप्रधान सोधको अन्त गरेर | १९ | ३८ | थाहा छैन | ५ | १० |
| ४ | | | | सम्पत्तिको प्रत्याभूति गरेर | ५ | १० | | | |
| ५ | | | | माथिका सबै गरेर | १६ | ३२ | | | |
| ६ | | | | | | | | | |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

***श्रोत : स्थलगत अध्ययन***

महिला र पुरुष हुने साम्पत्तिक विभेदमा प्रथा, परम्परा, धर्म संस्कृति जिम्मेवार छ भन्ने ५४ प्रतिशतले ठानेका छन्, भने १६ प्रतिशतले जिम्मेवार ठानेका छैनन् त्यस्तै ३० प्रतिशतलाई जिम्मेवार रहे नरहेको बारे थाहा छैन अनविज्ञ छन् । त्यस्तै एकल महिलाको अवस्था सुधार गर्न ६ प्रतिबतले कानुन परिवर्तन गर्नुपर्ने, १४ प्रतिशतले धर्मको प्रभाव कम गर्नुपर्ने ३८ प्रतिशतले पितृप्रधान सोच र समाजको अन्त गर्नुपर्ने, १० प्रतिशतले सम्पतिको प्रत्याभूति गर्नुपर्ने ३२ प्रतिशतले उल्लेखित सबै कुराको अन्त हुनुपर्ने ठानेका छन् । त्यस्तै भूमिमा हक बराबरी हुनुपर्ने आवश्यक छ भन्नेमा ९० प्रतिशत र थाहा छैन भन्ने १० प्रतिशत रहका छन् ।

<u>तालिका नं. १२</u>

**अचल सम्पत्ति विवाहित महिलाको नाममा किन किनिन्छ वा राखिन्छ, साम्पत्तिक विवाद हेर्न पारिवारीक अदालतको आवश्यकता रहने नरहने र महिलाको सम्पत्ति संरक्षण नहुनाका समस्या र चुनौतीहरु**

| क्र. सं. | अचल सम्पत्ति विवाहित महिलाको नाममा किन किनिन्छ र राखिन्छ ? | संख्या | प्रति शत | पारिवारीक अदालतको आवश्यकता | संख्या | प्रतिश त | महिला सम्पत्ति संरक्षण नहुनाका समस्या र चुनौती | संख्या | प्रति शत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति दिएको छ भन्ने देखाउन | १५ | ३० | छ | १८ | ३६ | राजनीतिक कार्यगत प्रतिबद्धताको कमि | २ | ४ |
| २ | यथार्थमानै सम्पत्ति दिन र मालिक बनाउन | | | छैन | ३ | ६ | विभेदयुक्त प्रथा परम्परा संस्कृती | ४ | ८ |
| ३ | राजस्व कम लिन | ८ | १६ | थाहा छैन | २९ | ५८ | परम्परागत भूमिको निरन्तरता | ५ | १० |
| ४ | भागवण्डा नगर्न | २२ | ४४ | | | | शिक्षा, स्वास्थ्य, रोजगार नीति निर्माणमा महिलाको सहभागित नहुनु | १९ | ३८ |
| ५ | थाहा छैन | ५ | १० | | | | आर्थिक स्रोतको अपरिचालन | | |
| | | | | | | | लैङ्गिक सचेतताको अभाव | | |
| | | | | | | | सबै | २० | ४० |
| जम्मा | | ५० | १०० | | ५० | १०० | | ५० | १०० |

***<u>श्रोत : स्थलगत अध्ययन</u>***


अचल सम्पत्ति महिलाको नाममा किनि रहे भएको अवस्थामा पनि ३० प्रतिशतलाई त्यो खाली महिलालाई सम्पति दिइएको छ भन्ने देखाउन मात्र किनिन्छ र राखिन्छ भन्ने लागेको छ राजस्व कम तिर्न किनिन्छ र राखिन्छ भन्नेहरु १६ प्रतिशत छन् । अन्य अंशियारलाइ भाग वण्डा नलाग्ने गर्न वा ठग्न र आफूमा सिमित र सुरक्षित गर्न वा मूलत सम्पतिको भाग वडा नगर्नका लागि महिला नाममा किनिन्छ र राखिन्छ भन्नेहरु ४४ प्रतिशत छन् । १० प्रतिशतलाई भने यसबारे थाहा छैन यसबाट महिलाका नाममा सम्पति किने रहे भएको अवस्था भएपनि त्यो वास्तवमा नै सम्पति मालिक बनाउने उद्देश्यले नभएको स्पष्ट हुन्छ ।

वर्तमान र परिवर्तित हुने कानून अनुसार महिलाको साम्पतिक अधिकारलाई व्यवहारिक प्रत्याभूति गर्न र महिलाका सम्पति सम्बन्धी छिटो, छरितो, सुलभ र न्यायमा पहुंच पुग्ने गरी पारिवारिक अदालतहरुको गठन गर्नुपर्ने आवश्यकता ३६ प्रतिशतलाई लागेको छ ६ प्रतिशतलाई यस्तो लागेको छैन भने ५८ प्रतिशतलाई यसबारे थाहा छैन । त्यसैगरी महिलाको सम्पतिको संरषण नहुनु वा त्यसमा समस्या र चुनौती रहनुमा विभिन्न कारणहरु रहेका छन् त्यसमध्य मूख्यत राजनतिक कार्यगत प्रतिबद्धको कमिका कारण सम्पतिको संरक्षण नभइ यसमा समस्या र चुनौती रहेका हुन भन्ने ४ प्रतिशत प्रथा परम्परा र संस्कृति भन्ने ८ प्रतिशत, परम्परागत भूमिकाको निरन्तरता भन्ने १० प्रतिशत, शिक्षा स्वास्थ्य, रोजगार नीति निर्माणमा महिलाको सहभागिता नहुनु भन्ने ३८ प्रतिशत र यी सबै हुन् भन्नेहरु ४० प्रतिशत रहेका छन् ।

## ४.२ प्रतिशतको आधारमा चित्रिय प्रस्तुतीकरण


चित्र नं. १

तालिका नं.१ सँग सम्बन्धित
सम्पत्ति अपरिहार्य तत्व हो भन्ने विषयमा सहमतीको अवस्था





चित्र नं. २

तालिका नं.२ सँग सम्बन्धित
भिन्न र संगोलमा बसेको अवस्था




## चित्र नं. ३

### तालिका नं.३ सँग सम्बन्धित
### महिला मानवअधिकारका बारेमा भएको जानकारी





### लैङिक समानताको बारेमा रहेको जानकारी




चित्र नं. ४

तालिका नं.४ सँग सम्बन्धित


सम्पत्ति प्राप्तीका लागि मुद्दा गरे नगरेको अवस्था तथा पैतृक अचल सम्पत्ति पाए नपाएको अवस्था




चल सम्पत्ति आफूखुशी व्यवहार गर्न पाउने नपाउने अवस्था




चल सम्पत्ति खर्च शिर्षक




चित्र नं. ५


तालिका नं. ५ सँग सम्बन्धित

अचल सम्पत्ति आफूखुशी व्यवहार गर्न पाउने नपाउने अवस्था




चित्र नं. ६

तालिका नं. ६ सँग सम्बन्धित
दैनिकी कार्य





चित्र नं. ७

तालिका नं. ७ सँग सम्बन्धित
चल अचल सम्पत्तिको विक्रि व्यवहारमा घरमुलीले सल्लाह लिने नलिने अवस्था




## महिलाको सम्पत्ति सुदृढ र सुरक्षित नहुनका कारण





### चित्र नं. ८


### तालिका नं. ८ सँग सम्बन्धित
### घर व्यवहार चलाउने मूख्य मानिस



## महिलाको साम्पात्तिक अधिकारमा विभेदकारी कानुनको प्रभाव





## महिला पुरुष बीच सम्पत्तिमा बराबरी हकको व्यवस्था हुनु पर्दछ




## चित्र नं. ९

## तालिका नं. ९ सँग सम्बन्धित

## महिलाको साम्पत्तिक जानकारी पाउन ध्यान पुऱ्याउनु पर्ने पक्ष





## साम्पत्तिक अधिकारका बारेमा जानकारी पाउन विद्यालय शिक्षाको आवश्यकता




## चित्र नं. १०

### तालिका नं. १० सँग सम्बन्धित
### महिलाको आर्थिक अवस्था सुधार्न गर्नु पर्ने कार्य





### आर्थिक साम्पात्तिक हकका बारेमा कानुनी जानकारी राखे नराखेको अवस्था




चित्र नं. ११

तालिका नं. ११ सँग सम्बन्धित

साम्पात्तिक विभेदमा प्रथा परम्परा, धर्म संस्कृतिको प्रभाव





भूमिमा महिला पुरुष बीच बराबरी हक रहनु पर्ने आवश्यकता




## चित्र नं. १२

## तालिका नं. १२ सँग सम्बन्धित
## अचल सम्पत्ति महिलाको नाउँमा किन्ने वा राख्ने कारण




## पारिवारिक अदालतको आवश्यकता



# अध्याय - पाँच

# निष्कर्ष तथा सुझाव

समाजको प्रकृति स्वभावत परिवर्तनशील हुन्छ यो सार्वभौमिक नियम नै हो । सामाजिक परिवर्तनले समाजको रुपान्तरण गर्दछ । त्यसैले हिजोको घुमन्ते र शिकारी युग परिवर्तन हुदै आज विज्ञान र प्रविधिको युगमा परिवर्तन भएको छ । विश्व व्यापीकरण सँगै विश्व नै साँघुरिएको छ र एउटा गाउँ र समाजमा परिवर्तन भएको छ । यसले विश्वको जुनसुकै समाजमा भएको परिवर्तनले बाँकी सबै समाजलाई प्रभावित गर्ने गरेको छ । समाजको परिवर्तन प्रविधि, औद्योगिकरण आधुनिकिकरण, शहरीकरण र योजनाबद्ध रुपमा हुने गर्दछ । त्यस्तै सामाजिक परिवर्तनका विभिन्न सिद्धानतहरु रहेका छन् यसमा आर्थिक, प्रविधि, द्वन्द्व, उद्विकास, समायोजन, सांस्कृतिक आदानप्रदान, एकता र सांस्कृतिक अन्तरक्रिया जस्ता सिद्धान्तहरु बढी महत्वपूर्ण रहेका छन् ।

यी सबै सिद्धान्तहरुले सम्पत्ति सम्बन्धी विषयलाई पनि प्रभाव पारेका छन् तर पनि आर्थिक सिद्धान्तले सम्पत्तिसँग बढी सामिप्यता राखेको हुन्छ । नेपालमा विभिन्न समयमा राजनीतिक परिवर्तन भएका छन् र यी परिवर्तनले समाजको परिवर्तन समेत गरेका छन् । त्यसै यी परिवर्तनले साम्पत्तिक सिद्धान्तलाई पनि आत्मसात गरेका छन् तर महिलाको साम्पत्तिक अवस्थामा सुधार हुन सकिरहेको छैन । प्राचिन कालमा कानुन नै धर्म र धर्म नै कानुन थियो उक्त समयमा विभिन्न अधिकार जस्तै साम्पत्तिक अधिकारबाट पनि महिलालाई बन्चित गरिएको थियो । महिलालाई चरित्रहिनताको रुपमा मात्र होइन विवाह नभएसम्म त छोरीलाई कुनै सम्पत्तिमा अधिकार नै हुदैनथ्यो महिलालाई सम्पत्तिको स्वामित्वबाट पूरै बन्चित गरिएको मत्र थिएन बरु उनिहरु नै सम्पत्तिको रुपमानै रहेका थिए । प्राचिन र मध्यकाल मात्र होइन आधुनिक काल र त्यसमा पनि एक्काइसौ सताब्दीको पहिलो दशकसम्ममा आइपुग्दापनि महिलाको साम्पत्तिक अधिकार र साम्पत्तिक स्वमित्वले व्यवहारिक स्वरुप लिन सकिरहेको छैन ।

मुलुकीऐन नेपालको पहिलो लिखित कानुन हो र यो नै सम्पत्तिका सम्बन्धमा व्यवस्था गरिएको राष्ट्रिय कानुन पनि हो तर ११ औं संसोधन २०५८ र त्यसपछि लैंगिक समानता कायम गर्न केहि नेपाल ऐन संसोधन गर्ने ऐन २०६३ ले मुलुकी ऐनको एघारौ संसोधन पछाडि पनि संसोधन गरेको छ र यस अन्तर्गत साम्पत्तिक सम्बन्धि व्यवस्था भएका महलहरुमा पनि परिवर्तन भएकाछन् तर पनि तिनीहरु अझपनि सैद्धान्तिक रुपमा विभेदयुक्त त छँदैछन् तर भएका सैद्धान्तिक व्यवस्थाले पनि व्यवहारिक रुप लिन सकिरहेको छैन र महिलाको सम्पत्तिमा स्वामित्व बढ्न पाएको

छैन । अझसम्म नेपालमा सम्पत्तिको बारेमा व्यवस्था गर्ने छुट्टै सम्पत्ति कानुन बन्न सकिरहेको छैन र छरपष्ट रुपमा रहेका यस्ता कानुनी व्यवस्थाले महिलाको सम्पत्तिको सुरक्षा गर्न सकेको छैनन् । महिला अधिकारका लागि विश्वव्यापी रुपमा विभिन्न आन्दोलन, सम्मेलन, कार्य र प्रयास हुँदै आइरहेका छन् । समानताका लागि भएका यी कार्यहरुसँगै विकसित भैरहेका छन् । अर्कोतर्फ सम्पत्ति सम्बन्धि अधिकार समेत सबैखाले अधिकारको संरक्षण गर्नका लागि उदार महिला आन्दोलन, आमुलवादी महिला आन्दोलन, मार्क्सवादि महिला आन्दोलन र समाजवादी महिला आन्दोलन जस्ता आन्दोलनहरु पनि भैरहेका छन् । त्यस्तै महिला विकासका प्रयासमा विश्व घोषणा पत्रहरुको पनि छुट्टै सान्दर्भिकता र महत्व रहेको छ ।

सन् १९७५ मा सर्वप्रथम अन्तराष्ट्रिय नारी वर्षका रुपमा शुरु गरिएको अभियान तथा नारी विकास दशकले आत्मसात गरेको समानता, शान्ति र विकासको बहुआयामिक उद्देश्यलाई निरन्तरता दिन संयुक्त राष्ट्रसंघबाट मोक्सिकोमा पहिलो अन्तराष्ट्रिय महिला सम्मेलन गरिएको थियो । त्यस्तै कोपनहेगनमा १९८० मा दोस्रो, नौरोवीमा १९८५ तेस्रो र वेइजिङ्गमा १९९५ मा चौथो अन्तराष्ट्रिय महिला सम्मेलन भएका छन् यी सम्मेलनबाट महत्वपूर्ण प्रस्ताव पारित गरिएका छन् । बहुआयामिक सहभागिताका कारण वेइजिङ्ग कार्ययोजना विश्वमा लैङ्गिक समानता र सशक्तिकरणका लागि एक बलियो र भरपर्दो आधार बनेको छ । यसले सबै राष्ट्रहरुमा सकारात्मक परिवर्तनको महशुस गर्न सकिने आधारका रुपमा महिला मानवअधिकारको सम्बर्धन र संरक्षण गर्न महिला माथिको गरिबीको भार कम गर्न, सार्वजनिक वा निर्णायक तह वा नीति निर्माण तहमा महिलाको सहभागितामा देखिएका वाधक तत्व हटाउन, महिला विरुद्ध हुने सबै हिंसा र भेदभाव अर्न्तगत, शिक्षा स्वास्थ्यमा महिलाको पहुँचको सुनिश्चितता गर्न, आर्थिक र उत्पादनशिल श्रोतमा सहज पहुँच तुल्याउन र पारिवारिक उत्तरदायीत्वमा समन्यायीक साझेदारीलाई प्रोत्साहन गर्न आवाहान गरेको थियो । जसले महिलाको सम्पतिको संरक्षणलाई बढी जोड दिएको थियो ।

त्यस्तै वेइजिङ्ग कार्ययोजनामा महत्वपूर्ण १२ वटा रणनीतिक सरोकारका क्षेत्र निर्धारण गरेको थियो जसमा महिला र गरिबी, महिला र शिक्षा तथा तालिम, महिला र स्वास्थ्य, महिला विरुद्धको हिंसा, महिला र सशस्त्र संघर्ष, महिला र अर्थतन्त्र, शक्ति संरचना र निर्णय प्रक्रियामा महिला विकासका लागि संस्थागत संरचना, महिला र मानव अधिकार, महिला र संचार, महिला र वातावरण र वालिका थिए, यीनीहरुले पनि साम्पत्तिक अधिकारलाई विशेष जोड दिएको पाइन्छ । पछि सन् २००० को जुन ५-९ मा संयुक्त राष्ट्रसंघको महासभामा यी विषयहरु माथि छलफल हुँदा महिलाको पूर्ण मानवअधिकारको प्रत्याभूति गर्नुपर्ने र त्यसका लागि राज्यले कानून, रणनीति, नीति र कार्यक्रममा प्राथमिकताको पहिचान गर्नुपर्ने भनि प्रतिवद्धता व्यक्त गरिएको थियो ।

नेपालले छैटौं योजनामा महिला विकासका कार्यहरु र सातौ योजनामा महिला विकासका नीतिहरु छुट्टै उल्लेख गरी नीतिगत र कार्यगत प्रयासको थालनी गरेको छ । त्यस्तै १९१७ मा योगमाया कोइरालाको अध्यक्षतामा गठीत महिला समितिबाट शुरु भएको नेपालको महिला आन्दोलन विभिन्न संघर्ष गर्दै अहिलेको अवस्थासम्म आइपुगेको छ । यस संदर्भमा साम्पत्तिक अधिकारलाई मौलिक अधिकारका रुपमा संविधानमा नै उल्लेख पनि गरिदै आइएको छ । समानता, स्वतन्त्रता र सम्पतिको हकलाई मौलिक हकका रुपमा नेपाल वैधानिक कानून २००४, अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्को संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, र वर्तमान संविधान नेपालको अन्तरिम संविधान २०६३ मा पनि समावेश गरिएको छ। तर मौलिक हकका रुपमा व्यवस्था हुदाँहुदै पनि महिलाको साम्पत्तिको संरक्षण हुन सकिरहेको छैन । नागरिक अधिकार ऐन - २०१२ समेतमा यो व्यवस्था पाइन्छ ।

नेपालले संविधान र नेपाल सन्धी ऐन २०४७ ले संयुक्त राष्ट्रसंघको विधान मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ महिला विरुद्ध हुने सबै खाले विभेदको उन्मूलन सम्बन्धी महासन्धी १९७९ लगायतका सन्धी सम्झौता अनुमोदन गरेको छ तर त्यसमा भएका समानता र सम्पतिको अधिकार सम्बन्धी व्यवस्थाले नेपालमा व्यवहारिकता पाउन सकेको छैन । मुलत यो अध्ययनले महिलाको सम्पतिको श्रोतको खोजीगर्ने, साम्पतिक कानूनहरुमा गरिएका महिलाका सम्पति सम्बन्धी अधिकारहरुको खोजी गर्ने, राष्ट्रिय अन्तराष्ट्रिय कानूनको सैद्धान्तिक लेखाजोखा गर्ने, समग्रमा महिलाको साम्पत्तिक मानवअधिकारलाई हेर्ने र अध्ययन क्षेत्रका महिलाको साम्पत्तिक अवस्थालाई व्यवहारिकता हेर्ने उद्देश्यलाई पूरा गरेको छ। र अध्ययनको महत्वलाई पुष्टि गरेको छ। नेपालमा महिलाको सम्पत्ति सम्बन्धी असमान व्यवस्था हटाउनका लागि न्यायपालिकाले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपाल कानुन पत्रिका २०५२ अंक छ पृष्ठ ४६२ निवेदक मिरा खनाल विरुद्ध तत्कालिन श्री ५ को सरकार कानून न्याय तथा संसदइी व्यवस्था मन्त्रालय समेत भएको रिट निवेदन तथा नेपाल कानून पत्रिका २०५३ अंक ७ पृष्ठ ५३७ निर्णय नंबर ६२२३ निवेदक चन्दा बज्रचार्य विरुद्ध संसदइी सचिवालय सिहं दरवार समेत भएको रिटनिवेदनमा सर्वोच्च अदालतले न्यायीक सक्रियता जनाएको थियो, त्यसमा समाजशास्त्री, महिला, कानूनव्यवसायी संघ संस्थासँग आवश्यक परामर्श गरी २ वर्ष भित्र मुलुकी ऐन अंशवडाको महल लगायत अन्य महलमा भएका सम्पति सम्बन्धी असमान व्यवस्था हटाई कानून बनाउन उपर्युक्त विधयक प्रस्तुत गर्न आदेश जारी गरेको थियो त्यसैको फलस्वरुप ११ औ संसोधन भएको थियो । यति हुदाँहुदै पनि महिलाको साम्पत्तिक अधिकार सुरक्षित हुन सकेको छैन

सम्पति मानवइी जीवनको लागि नभइ नहुने अपरिहार्य तत्व हो यो जन्म पूर्व देखि मृत्यु पर्यन्त सम्म आवश्यक पर्दछ । नेपालमा सम्पति कानूनको संहिताकरण हुन सकिरहेको छैन तर आवश्यकताको महशुश भैरहेको छ । सम्पति भित्र ती संम्पूर्ण चिजहरु पर्दछन् जो मूर्त वा अमूर्त हुन्छन् र तिनीहरुको उपयोगिता र मुख्य हुन्छ । यस अन्तर्गत भौतिक अभौतिक दुवै प्रकारका सम्पति पर्दछन् नगदजिन्सी धनमाल तथा जग्गाजमिन जस्ता अचल सम्पति पनि यसै अन्तर्गत पर्दछन् तर यी सबै सम्पतिमा महिलाको पहुँच पुग्न सकिरहेको छैन ।

यस अध्ययनमा मुलुकी ऐन ११ औ संसोधन २०५८ र अन्य सम्पति सम्बन्धी कानूनी व्यवस्थाको विषय वस्तु विश्लेषण, वर्णनात्मक, व्याख्यात्मक तुलनात्मक तथा अन्वेषात्मक र ऐतिहासिक ढाँचाको प्रयोग गरि निस्कर्ष निकालिएको हो । यसमा अवलोकन, प्रश्नावली जस्ता प्राथमिक र लेख रचना पुस्तक पत्रपत्रिका दस्तावेजका आधारमा द्वितिय तथ्यांकको पनि प्रयोग गरिएको छ ।

सैद्धान्तिक कुरालाई व्यवहारिकतामा हेर्न तथा कार्यगत अध्ययनका लागि कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा नं. ३ र ९ मा पर्ने ठुलाचौर गाउँ र समाजलाई छनौट गरी त्यहाँका ५० घरपरिवारका महिलाहरुलाई समग्र मानी उनहिरुको साम्पतिक आर्थिक हक अधिकार र अवस्थाको अध्ययन गरी यो निस्कर्ष निकालिएको छ ।

ठूलाचौर ढिकुरपोखरी गा.वि.स का असुविधायुक्त गाउँ र समाज मध्य एक हो । यो पोखरा वाग्लुङ्ग राजमार्गको २३ किलोमिटर नागडाँडाबाट झण्डै ३ कि.मि. नागडाँडा सौरेनी कच्ची मोटर बाटो र त्यहाँबाट झण्डै ३ कि. पश्चिम दक्षिण श्रेणी बाटो हिडेपछि पुगिने ठाउँ हो अर्थात पोखरा ठूलाखेत ११ कि.मि. र ठूलाखेत ठूलाचौर ४ कि.मि. गरी १५ कि.मि. पश्चिम उत्तरमा पर्दछ । यहाँ ५० घरधुरी छन् जहाँ दाहाल अधिकारी, भण्डारी र तिमिल्सिनाहरुको वस्ती रहेको छ । यहाँ एक प्रा.वि. विद्यालय रहेको छ, १५ वटा जैविक ग्यास, भएका घरहरु रहेका छन् । यसको दक्षिण, पश्चिम र पूर्वमा घना जैगल रहेको छ यहाँ ढुङगा खानी, पानीका श्रोत धार्मिक स्थल समेत रहेका छन् पश्चिम पूर्वमा ठूलो अधेरी खोलो पर्दछ र नागडाँडा हुँदै जाँदा उक्त खोलाको पुल तर्न पर्दछ । यहाँबाट माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरी जस्ता हिमाल स्पष्ट देखिन्छन् । सूर्योदय र सूर्यास्त हुँदा देखिने रमणिय दृश्यले सबैलाई मोहित गर्दछ । त्यस्तै पूर्वपट्टी सराङकोट, कास्कीकोट र फेवाताल त्यसरी नै देखिन्छन् यहाँ रेडक्रस तथा ग्रामिण खानेपानी तथा ढल विकास समिति र ग्रामिण सहभागितामा खानेपानी योजना सम्पन्न भई १५ जति धारा जडान गरिएको छ यसले टाढा पुगी पानी ल्याउनुपर्ने महिला समस्यालाई समाधान गरेको छ । एक प्रा.वि. (सरस्वती प्रा.वि.) ले शुरु आधारभूत शिक्षा दिने गरेको छ ।

यहाँ सामाजिक अवस्था हेर्दा सबै समाज र हिन्दु धर्मालम्बी छन् सबै कृषि कार्य नै गर्दछन् । महिलाहरुमा राजनीतिक संलगन र सहभागिता निति निर्माणमा छैन । दशै तिहार तीज जस्ता हिन्दुहरुका चाडपर्व यहाँपनि मनाइन्छ । नजिक जंगल रहेकाले सबैले सहज रुपमा चौपाया पालेका छन् । यस ठाउँमा पहिला ठूलाठूला चउरहरु रहेकाले यस ठाउँको नाउँ ठूलाचौर रहेको हो । त्यस्तै त्यहाँ विजुली बत्तीको सुविधा पनि प्राप्त छ भने भर्खरै ठूलाखेत ठूलाचौर कच्ची मोटरबाटो खन्ने कार्य मै वडा नं. ३ र ९ सम्म पुगिसकेको छ र यहाँका आफ्नै संस्कृति पनि रहेका छन् ।

महिला सम्पतिका श्रोतहरु मुख्यत मुलुकी ऐनका सम्पतिसँग सम्बन्धित विभिन्न महलहरु नै हुन् जस्तो अंशवंडा, लेनदेन, स्त्री अंशधन, धर्मपुत्री, अपुताली, दानवकस, करणी, विहेबारी, लोग्ने स्वास्नी र जारी मुख्य रहेका छन् । यीनहिरुमा भएका व्यवस्था अझै पनि विभेदयुक्त नै रहेका छन् र तिनीहरुमा तुरुन्तै संसोधनको आवश्यकता महशुस भैरहेको छ । त्यस्तै अर्कोतर्फ जति व्यवस्था कानूनी रुपमा गरिएको छ त्यो अपर्याप्त त छदैछ त्यहि अप्रयाप्त र विभेदयुक्त व्यवस्था भित्रका व्यवस्थाले पनि व्यवहारिकता पाउन सकेको छैन ।

महिलाको साम्पत्तिक अधिकार मानवअधिकार हो । मानवअधिकार महिला वा पुरुष भइ जन्मेको आधारमा मात्र फरक हुन सक्दैन । तर महिलाहरुले पुरुष सरह समान रुपमा सम्पतिमा स्वामित्व राख्न पाएका छैनन् । नेपालमा महिला र पुरुष बीच विभेद हुने खालका सम्पति सम्बन्धी कानूनी व्यवस्था रहेका छन् जुन माथि उल्लेख गरिएको छ त्यसका साथ साथै विमा संवैधानिक अंक महान्याधिवक्ता, न्यायधिसको निवृतिभरण, वोनस, निवृतिभरण, अपुताली, भरणपोषण, स्वास्थ्य सेवा निवृतिभरण नागरिकता, शिक्षा, स्वास्थ्य, रोजगारमा पनि थुप्रै विभेदहरु रहेका छन् । त्यसैले आर्थिक न्याय महिलाहरुका लागि अत्यन्तै चुनौतीको विषय बनेको छ । यसको अभावमा साम्पत्तिक अवस्था मजवुत हुन सक्दैन । यीनीहरुको तुरुन्तै संसोधन वा खारेजी र समानता र पहुँचयुक्त व्यवस्था गर्नुपर्दछ । त्यस्तै सम्पत्तिमा एकल महिलाको अवस्था पनि चिन्ताकै विषय बनेको छ । उनीहरु अझबढी पिडित रहेका छन् । धर्म, संस्कृति संस्कार अन्धविश्वास अज्ञानता र अशिक्षाले मानिसहरुले उनीहरुलाई ठूलो सामाजिक पीडा दिइरहेका छन् । उनीहरु माथि खान पान, लत्ताकपडा, भेगाभूषा, मनोरन्जन, हाँसखेल आदिमा समेत हेलाहोचो भई उपेक्षित र तिरस्कृत भई बाँच्नुपर्ने वाध्यात्मक अवस्था रहेको छ जसको तुरुन्तै निर्मूल गर्ने तर्फ नलाग्ने हो भने एकल महिलाको सामाजिक, आर्थिक साम्पत्तिक सांस्कृतिक अवस्था कमजोर बन्दै जान्छ र सामाजिक न्याय अक्षरमा मात्रै सिमित बन्न पुग्दछ । एकल महिलाको साम्पत्तिक विभेद र जर्जरताको अवस्थाले उनीहरु मात्र होइन उनका छोराछोरीले समेत सामाजिक दमन सहन गर्नुपरिरहेको छ । एकल महिलाका लागि ६० वर्ष पुगेपछि मात्र असहाय तथा विधवा भत्ता भनि सरकारले नाममात्रको सहयोग गरेको छ । एक त यो अप्रर्याप्त

छ अर्को तर्फ कलिलो उमेरमै विधवा बनेकाहरुलाई नपाउने विभेदयुक्त व्यवस्था गरी उनीहरुको घाउमा नुनचुक लगाउने काम सरकारले गरेको छ । यसमा सुधार परिमार्जन गर्नुपर्दछ ।

साम्पत्तिक अधिकार महिलाको आधारभूत मानवअधिकार नै भएकाले यसलाई महिलाबाट अलग गर्न सकिदैन । यसलाई ऐतिहासिक सामाजिक परिवेशबाट छुट्टयाएर बुझ्न र मुल्यांकन गर्न पनि सकिदैन । मानवअधिकारको संम्बन्ध समाजमा मानिसको जीवन पद्धति सँगै जोडिएको हुन्छ । विश्वव्यापी रुपमा स्वतन्त्रताको महाअधिकार पत्र १२१५, अधिकार पत्र १६२८ विलअफ राइटस १६८९ जस्ता दस्तावेजहरु समेत समाजबाटै उत्पति भएका थिए । र सैद्धान्तिक रुपमा यीनीहरुबाटै महिलाको साम्पत्तिक अधिकारलाई आत्मसात गरिएको थियो । यो पूर्वीय र पश्चिमी दुवै अवधारणाबाट विकसित भएको हो । तर मुलत १९४५ पछिमात्रै मानवअधिकार सबै राष्ट्रहरुका लागि वैद्य विषय बनेको हो ।

ऐतिहासिक रुपमा हेर्दा साम्पत्तिक अधिकार र महिलाको साम्पत्तिक अधिकारलाई माथि उल्लेख गरेझै स्वतनत्रताको महानअधिकार पत्र १२१५ देखिनै आत्मसात गरिएको हो । त्यसपछि अधिकार पत्र १६२८, विल अफ राइटस (नागरिक अधिकार पत्र) १६८९, सहिष्णुता ऐन १६९५, अमेरिकी स्वतन्त्रताको घोषणापत्र १७७६, मानवअधिकारको फ्रान्सी घोषणा पत्र १७८९, संयुक्त राष्ट्रसंघको स्थापना र विधान १९४५, मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९५२, सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तरराष्ट्रिय महासन्धी १९७९, र अन्य क्षेत्रिय राष्ट्रिय तहमा महिलाको साम्पत्तिक अधिकार सम्बन्धी व्यवस्थाहरु भएका छन् । र यस्ता व्यवस्था नेपालमा पनि गरिएको छ नेपालले राष्ट्रिय कानून र अन्तराष्ट्रिय कानूनहरुलाई समेत अनुमोदन गरेको छ । साम्पत्तिक अधिकार मानवअधिकार र समानता मूलक लैङ्गिक अधिकार पनि हो तर त्यसको सैद्धान्तिक व्यवहारिक अवस्था भने अझ यथार्थता भन्दा धेरै टाढा नै रहेको छ ।

अध्ययन क्षेत्रका महिलाहरुको आर्थिक साम्पत्तिक अवस्था र यस प्रतिको उनीहरुको विचारको निस्कर्षमा ५४ प्रतिशत महिला छुट्टिभिन्न भएका र ४६ प्रतिशत अझै संगोल र संयुक्त परिवारमानै रहेका छन् यसमा पनि भिन्न हुनेहरु आफ्नो अंशलिएर हैन श्रीमान सँगै भिन्न भएकाले सम्पतिमा उनीहरुको कुनै पहुँच छैन । छुटिएपछि आफ्नो आर्थिक स्तर र अवस्थामा परिवर्तन भएको भनि भिन्न भएका सबै अर्थात सत प्रतिशतलाई अनुभव भएको छ । यसले महिलाहरु संयुक्त परिवारमा अझ बढि साम्पत्तिक दमन सहन वाध्य हुने कुराको उजागर गरेको छ ।

एकल परिवार तर्फको झुकाव बढिरहेको देखाएको छ । त्यस्तै मानव अधिकारका बारेमा २० प्रतिशतलाई मात्र जानकारी भएकाले मानवअधिकार शिक्षा दिनुपर्ने त्यो नभए सम्म लैगिक न्यायका

बारेमा र साम्पत्तिक अधिकारका बारेमा अनविज्ञनै रहने अवस्था देखिन्छ त्यस्तै ६२ प्रतिशतलाई त्यसका बारेमा कत्ति पनि जानकारी छैन भने १८ प्रतिशतले अलिअलि जानकारी राखेको छन् । यो पनि पूर्ण नभएकाले ८० प्रतिशतलाई मानवअधिकार शिक्षाको आवश्यकता देखिएको छ । सम्पति प्राप्तिका लागि मुद्धा गर्नेको संख्या न्यून छ मात्र २% यसो गरेका छन् तर हालको अवस्थामा कसैले पनि मुद्दा गरेका छैनन् । त्यस्तै सत प्रतिशतले पैत्रिक अचल सम्पति पाएका छैनन् । यसले महिलाको पैत्रिक सम्पति माथीको नियन्त्रण व्यवहारत रहन नसकेको कुरा देखाएको र कसरी पहुंच पुऱ्याउन सकिन्छ त्यसबारे मुल्याकंन गर्नुपर्ने देखिएको छ । २८ प्रतिशतले आफूखुशी व्यवहार गर्न पाउँछन् । नगद सम्पति नहुने र सुन चल सम्पति जुनसुकै बेला विक्रि नगरी राखिने चिज भएकाले चाहेको बेलामा आफूखुशी गर्न पाउने नपाउने एकिन भन्न सकिदैन । आफूसँग भएको चल सम्पति मध्य र८४ प्रतिशतले पारिवारिक १२ प्रतिशतले पठनपाठनमा खर्च गर्दछन् र व्यक्तिगत खर्च गर्ने र आफूखुशी गर्नेहरु १२ प्रतिशत मात्रै छन् । ८२ प्रतिशतसँग अचल सम्पति छैन १६ प्रतिशतले अचल सम्पति आफूखुश गर्न पाउने नपाउने बारे थाह नै छैन । यसले भूमि माथि महिलाको नियन्त्रण रहन नसकेको पुष्टि गर्दछ । त्यस्तै ९४ प्रतिशत महिलाले आफ्नो अंश सम्पति लिएका छैनन् । अचल सम्पति १६ प्रतिशतको नाउँमा भएपनि त्यसको नामसारी र किनेर आएको अवस्था देखिन्छ । श्रीमानको निधनपछि पतिको नाउँको सम्पति नामसारी भएकाले त्यसमा उनीहरुको एकलौटी अधिकार पाइदैन त्यसो त त्यो खाली नाममा मात्रै भएको सम्पति हो । दानवकस अपुताली, धर्मपुत्री, करणी आदिका माध्यामबाट कसैले पनि सम्पति पाएका छैनन् ।

दैनिकी हेर्दा २६ प्रतिशत विहान ५ बजे पहिलेनै उठ्छन् ६८ प्रतिशत ५ बजे उठ्छन् भने त्यसपछि जम्मा ६ प्रतिशत उठ्छन् त्यस्तै ४८ प्रतिशत ९ बजे र ५२ प्रतिशत १० बजे सुन्दछन् र सबै जनाले कृषि कार्य गर्दछन् भने गृहिणी तर्फ पनि उनीहरुलाई अनिवार्य नै देखिन्छ तर उनीहरुसँग चल अचल सम्पतिको अवस्थाले उनीहरुको कार्यको आर्थिक मुल्य नभएको स्पष्ट गर्दछ । अचल/चल सम्पतिको किक्री व्यवहारमा २८ प्रतिशतले मात्र सल्लाह दिन्छन् । महिलाको साम्पत्तिक पक्ष सुदृढ र सुरक्षित नहुनुमा २० प्रतिशतले पुरुषप्रधान समाज, ३४ प्रतिशतले महिलाले सम्पति लिइ अर्को विवाह गर्दछन् भन्ने डर १४ प्रतिशतले महिलालाई सम्पति दिनुहुन्न भन्ने मान्यता र १४ प्रतिशतले यी सबैलाई जिम्मेवार ठानेका छन् यसो त छुट्टाछुट्टै समग्रमा हेर्दा सुदृढ नहुनुमा सबै पक्ष नै जिम्मेवार छन् भन्ने पाइन्छ ।

महिलाले आफ्नो साम्पत्तिक अधिकारका बारेमा जानकारी कसरी पाउने भन्ने बारेमा वा जानकारी प्राप्त गर्ने पक्षमा २० प्रतिशतले आफै सचेत हुनुपर्ने, २० प्रतिशतले अनिवार्य कानुनी शिक्षा पाउनुपर्ने, ६ प्रतिशतले अधिकारका बारेमा प्रचारप्रसार हुनुपर्ने, १२ प्रतिशतले तालिमको

व्यवस्था हुनुपर्ने, २६ प्रतिशतले उल्लेखित सबै पक्षको जानकारीको व्यवस्था हुनुपर्ने विचार राख्दछन् भने १६ प्रतिशतलाई त्यस सम्बन्धी थाहा नै नभएको अवस्था रहेको छ त्यस्तै ४८ प्रतिशतले साम्पत्तिक अधिकारका बारेमा जानकारी पाउन विद्यालय शिक्षाको आवश्यकता देखेका छन् र ८ प्रतिशतले आवश्यकता देखेका छैनन् भने ४४ प्रतिशतलाई त्यसका बारेमा थाहा छैन । त्यस्तै ६६ प्रतिशतले श्रीमान र श्रीमती बिच बराबरी सम्पत्ति रहने व्यवस्था हुनुपर्दछ, यसले महिलाको सम्पत्तिमा पहुँच पुग्न सक्छ भन्ने ठानेका छन् तर ३४ प्रतिशतलाई सम्पत्ति बराबरी रहने व्यवस्था भएमा सम्पत्तिमा पहुँच पुग्न सक्दछ वा सक्दैन भन्नेबारे थाहा छैन ।

महिलाको आर्थिक अवस्था सुधार गर्न गर्नुपर्ने कार्य मध्य ४ प्रतिशतले विभेदकारी कानुन हटाउनु पर्ने, १६ प्रतिशतले चल अचल सम्पत्तिमा बराबरीको व्यवस्था गर्ने, ३४ प्रतिशतले गृहिणीकार्यको आर्थिक महत्व दिनुपर्ने कार्य गर्नु पर्ने गरी विशिष्टीकरणमा जोड दिएका छन् भने ३८ प्रतिशतले उल्लेखित सबै कार्य गर्नुपर्ने विचार व्यक्त गरेका छन् तर ८ प्रतिशतलाई के कार्य गर्नेबारे थाहा रहेको छैन । त्यस्तै १४ प्रतिशतले साम्पत्तिक अधिकारका बारेमा जानकारी राखेका छन्, ५२ प्रतिशतलाई जानकारी छैन, २८ प्रतिशतले आवश्यक पऱ्यो भने जानकारी राख्ने बुझ्ने गर्दछौं भन्छन् भने ६ प्रतिशतलाई कुनै थाहा छैन । त्यस्तै महिला पछाडी पर्नुमा सम्पत्तिमा पहुँच नहुन पनि जिम्मेवार हो भन्ने ६२ प्रतिशत होइन भन्ने ४ प्रतिशत हो वा होइन भन्ने बारे वा थाहा छैन भन्नेमा ३४ प्रतिशत रहेका छन् ।

महिला र पुरुष बिच हुने साम्पत्तिक विभेदमा प्रथा, परम्परा, धर्म संस्कृति जिम्मेवार ठानेका छन् । ५४ प्रतिशतले १६ प्रतिशतले ठानेका छैनन् भने ३० प्रतिशतलाई जिम्मेवार रहे नरहेको बारे थाहा छैन अनविज्ञ छन् । त्यस्तै एकल महिलाको अवस्था सुधार गर्न ६ प्रतिशतले कानुन परिवर्तन गर्नुपर्ने, १४ प्रतिशतले धर्मको प्रभाव कम गर्नुपर्ने ३८ प्रतिशतले पितृप्रधान सोच र समाजको अन्त गर्नुपर्ने, १० प्रतिशतले सम्पतिको प्रत्याभूति गर्नुपर्ने ३२ प्रतिशतले उल्लेखित सबै कुराको अन्त हुनुपर्ने ठानेका छन् । त्यस्तै भूमिमा हक बराबरी हुनुपर्ने आवश्यक छ भन्नेमा ९० प्रतिशत र थाहा छैन भन्ने १० प्रतिशत रहका छन् ।

घर व्यवहार चलाउने मूख्य व्यक्तिका सन्दर्भमा पनि महिला अत्यन्तै कम छन् जसमध्ये १४ प्रतिशत महिला मात्रै आफै मूख्य मानिन्छन् । ७६ प्रतिशतको लोग्ने मानिस मूख्य छन् ८ प्रतिशत महिलाका ससुरा/बाजेर  मूख्य मानिन्छन् ।

महिलाको सम्पत्ति सम्बन्धी व्यवस्थामा ३२ प्रतिशत महिलाले विभेदकारी कानुनको प्रभाव रहेको उल्लेख गरेका छन्, ४ प्रतिशतले विभेदकारी कानुनको प्रभाव नरहेको र बाँकी ६४ प्रतिशतलाई विभेदकारी कानुनको प्रभाव छैन भन्ने बारे कुनै जानकारी छैन वा थाहा नै छैन ।

समग्रमा ६८ प्रतिशत महिला महिलाको साम्पत्तिक अधिकार सम्बन्धी कानुनका बारे कुनै जानकारी राख्दैन । यसले कानुनी शिक्षाको आवश्यकतालाई देखाएको छ । त्यसैले ४४ प्रतिशत महिलाले विभेदकारी कानुन हटाउनु पर्दछ भन्ने ठान्दछन् त्यस्तै ५६ प्रतिशत महिला र पुरुष बीच सम्पत्तिका बराबरी हकको व्यवहारीक व्यवस्था हुनुपर्ने भन्छन् । ४ प्रतिशतले पर्दैन भनेका छन् भने २० प्रतिशतलाई त्यसबारे थाहा छैन ।

महिला र पुरुष हुने साम्पत्तिक विभेदमा प्रथा, परम्परा, धर्म संस्कृति जिम्मेवार छ भन्ने ५४ प्रतिशतले ठानेका छन्, भने १६ प्रतिशतले जिम्मेवार ठानेका छैनन् त्यस्तै ३० प्रतिशतलाई जिम्मेवार रहे नरहेको बारे थाहा छैन अनविज्ञ छन् । त्यस्तै एकल महिलाको अवस्था सुधार गर्न ६ प्रतिबतले कानुन परिवर्तन गर्नुपर्ने, १४ प्रतिशतले धर्मको प्रभाव कम गर्नुपर्ने ३८ प्रतिशतले पितृप्रधान सोच र समाजको अन्त गर्नुपर्ने, १० प्रतिशतले सम्पतिको प्रत्याभूति गर्नुपर्ने ३२ प्रतिशतले उल्लेखित सबै कुराको अन्त हुनुपर्ने ठानेका छन् । त्यस्तै भूमिमा हक बराबरी हुनुपर्ने आवश्यक छ भन्नेमा ९० प्रतिशत र थाहा छैन भन्ने १० प्रतिशत रहका छन् ।

अचल सम्पत्ति महिलाको नाममा किनि रहे भएको अवस्थामा पनि ३० प्रतिशतलाई त्यो खाली महिलालाई सम्पति दिइएको छ भन्ने देखाउन मात्र किनिन्छ र राखिन्छ भन्ने लागेको छ राजस्व कम तिर्न किनिन्छ र राखिन्छ भन्नेहरु १६ प्रतिशत छन् । अन्य अंशियारलाइ भाग वण्डा नलाग्ने गर्न वा ठग्न र आफूमा सिमित र सुरक्षित गर्न वा मूलत सम्पतिको भाग वडा नगर्नका लागि महिला नाममा किनिन्छ र राखिन्छ भन्नेहरु ४४ प्रतिशत छन् । १० प्रतिशतलाई भने यसबारे थाहा छैन यसबाट महिलाका नाममा सम्पति किने रहे भएको अवस्था भएपनि त्यो वास्तवमा नै सम्पति मालिक बनाउने उद्देश्यले नभएको स्पष्ट हुन्छ ।

वर्तमान र परिवर्तित हुने कानून अनुसार महिलाको साम्पतिक अधिकारलाई व्यवहारिक प्रत्याभूति गर्न र महिलाका सम्पति सम्बन्धी छिटो, छरितो, सुलभ र न्यायमा पहुंच पुग्ने गरी पारिवारिक अदालतहरुको गठन गर्नुपर्ने आवश्यकता ३६ प्रतिशतलाई लागेको छ ६ प्रतिशतलाई यस्तो लागेको छैन भने ५८ प्रतिशतलाई यसबारे थाहा छैन । त्यसैगरी महिलाको सम्पतिको संरषण नहुनु वा त्यसमा समस्या र चुनौती रहनुमा विभिन्न कारणहरु रहेका छन् त्यसमध्य मूख्यत राजनतिक कार्यगत प्रतिबद्धको कमिका कारण सम्पतिको संरक्षण नभइ यसमा समस्या र चुनौती रहेका हुन भन्ने ४ प्रतिशत प्रथा परम्परा र संस्कृति भन्ने ८ प्रतिशत, परम्परागत भूमिकाको निरन्तरता भन्ने १० प्रतिशत, शिक्षा स्वास्थ्य, रोजगार नीति निर्माणमा महिलाको सहभागिता नहुनु भन्ने ३८ प्रतिशत र यी सबै हुन् भन्नेहरु ४० प्रतिशत रहेका छन् ।

## सुझावहरु

१) महिलाको सम्पत्तिमा पहुंच पुग्ने गरी विद्यमान कानूनमा संसोधन गर्नुपर्ने ।

२) महिलाको साम्पत्तिक अधिकारलाई व्यवहारिक प्रत्याभूति हुनेगरी संविधानमा मौलिक हकका रुपमा उललेख गर्नुपर्ने ।

३) मानवअधिकार तथा लैङ्गिक अधिकार सम्बन्धी जानकारी हुनेगरी शिक्षा, तालिम र कार्यक्रमहरु महिला समक्ष पुऱ्याउने संयन्त्र बनाउनु पर्ने ।

४) साम्पत्तिक अधिकारका बारेमा कानूनी साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने ।

५) महिलाको साम्पत्तिक अवस्था सुदृढ बनाउन पुरुषप्रधान समाजको र सोचको अन्त गर्ने महिलाले सम्पत्ति लिइ अर्को विवाह गर्दछन्, महिलालाई सम्पति दिनुहुन्न र उनीहरुले सम्पतिको सुरक्षा गर्न सक्दैनन भन्ने परम्परागत मान्यताको अन्त गर्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

६) महिला पुरुष बिच सम्पतिमा बराबरी हक (भूमिमा बराबरीहक) रहने गरी अनिवार्य कानुनी व्यवस्था गर्ने र त्यसको व्यवहारिक कार्यान्वयनको लागि संयन्त्र निर्माण गरी आर्थिक उत्थान गर्ने ।

७) साम्पत्तिक अधिकार समेतका बारेमा जानकारी हुन सक्ने गरी हाल अनौपचारिक कानूनी साक्षात्कार कार्यक्रम र तुरुन्तै विद्यालय तहमा कानूनी शिक्षालाई समावेश गरी अनिवार्य रुपमा पठन पाठन गराउने कार्यको थालनी गर्नुपर्ने ।

८) गृहिणी कायृको आर्थिक महत्व दिने गरी चेतना अभिवृद्धि गराउनुपर्ने ।

९) एकल महिलाको अवस्था सुधार गर्न छुट्टै संयन्त्रको गठन (एकल महिला आयोग) गर्नुपर्ने र विभेदकारी कानुन हटाउनु पर्ने ।

१०) एकल महिला प्रतिको धार्मिक सामाजिक सांस्कृतिक अस्वभाविक दृष्टिकोणको अन्त गर्न जनचेतना मुलक कार्यक्रम संचालन गर्ने र यसका लागि दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने ।

११) महिलाको सम्पति सम्बन्धी विवाद हेर्न छुट्टै पारिवारिक अदालतको गठन छिट्टै गर्नुपर्ने ।

१२) शिक्षा, स्वास्थ्य, रोजगार र नीति निर्माण तहमा महिलाको सहभागिता वृद्धि गर्ने ।

१३) राजनीतिक सहभागिताका लागि प्रोत्साहित गर्ने व्यवस्था गर्नुपर्ने ।

१४) सबै एकल महिलालाई रोजगारी प्रयाप्त भत्ताको व्यवस्था गर्नुपर्ने साथै बालबच्चालाई शिक्षा स्वास्थ्यको व्यवस्था गरिनुपर्ने ।

१५)	ग्रामिण महिलालाई शिक्षा स्वास्थ्य, रोजगार, सुचना, तालिमको विशेष व्यवस्था गर्नुपर्ने ।

१६)	घरेलु हिंसा रोक्नेगरी कानून बनाउनुपर्ने ।

१७)	समूदायमा सामाजिक जागरण कार्यक्रम संचालन गर्नुपर्ने ।

१८)	महिलाको क्षमता अभिवृद्धिका लागि केन्द्र र स्थानइी तहमा लैङ्गिक वजेट छुट्याउनुपर्ने ।

१९)	महिला शसक्तिकरणका कार्यक्रम ल्याउनुपर्ने ।

२०)	अति पिछडिएका र विपन्न महिलाको लागि लक्षित कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

२१)	सहुलियत दरमा बैकिङ्ग कर्जा सेवा उपलब्ध गराउनुपर्ने ।

२२)	व्यवसायीक तथा प्राविधिक तालिमको व्यवस्था गर्नुपर्ने ।

# <u>सन्दर्भग्रन्थ सूची</u>


***ओमेन अफ द वर्ल्ड सउथ एसिया २००४ सेनटर फर रिप्रोडक्टिभ राइटस न्युयोर्क अमेरिका***

***आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र***

***अन्तरिम शासन विधान (२००७),*** नेपाल सरकार कानून किताब व्यवस्था समिति काठमाडौं

***इन्टरनेशनल कनफरेन्स अन क्यापसिटि बुल्डिङ्ग अफ सिङ्गल ओमन (बिडोज)*** अर्गनाइज वाइ ओमन फर हयूमन राइटस सिङ्गल ओमन ग्रुप नक्साल काठमाडौं

इन्सेक अभियान (२०५५), वर्ष ४, अङक ५ पूर्णाङ्क २८, इन्सेक काठमाडौं

ऐर. भोजराज (२०५७), ***नेपालमा मानवअधिकार कानून,*** ने.वा.ए.काठमाडौं

उप्रेती, भरतराज थापा कनक विक्रम (२०४९), ***नेपालको संवैधानिक कानून फ्रिडल,*** काठमाडौं

काफ्ले, इन्द्रप्रसाद (२०२२), ***पञ्चायती प्रजातान्त्रिक व्यवस्थाका मौलिक आधार,*** रत्न पुस्तक भण्डार काठमाडौं

के.सी. डा.सुरेन्द्र (२०५४), ***वेलायतको संवैधानिक तथा राजनीतिक इतिहास,*** पैरवी प्रकाशन, काठमाडौं

कृष्ण, भि.आर, (१९८६), ***हयूमन राइटस एण्ड ल, वेदपाल ल हाउस,*** देल्ही काठमाडौं

***जनस्तरका महिला तथा अन्य सरोकारवालाहरूलाई सहस्राब्दी विकासको लक्ष्यहरू तथा महिला विरूद्धको हिंसा र विद्यमान कानून सम्बन्धमा, सूचनामूलक पुस्तिका*** ल्याक, काठमाडौं

दाहाल, कपिलमणि (२०६४), ***संविधान सभामा एकल महिलाको राजनीतिक सहभागिता*** मानवअधिकारका लागि महिला एकल महिला समूहद्वारा पो.न.पा.मा २०६४ ज्येष्ठ ३ मा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

दशौं योजना, राष्ट्रिय योजना आयोग काठमाडौं

नन्द, टि.आर. (१९९३), ***डिस्नरी अफ पोटिकल साइन्स,*** न्यू देल्ही

नागरिक अधिकार ऐन (२०१२), ***कानून किताब व्यवस्था समिति,*** काठमाडौं

***नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२***

***नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय प्रतीज्ञापत्रको स्वेच्छिक प्रोटोकल, १९६६*** (मानवअधिकार वर्ष पुस्तक १९९८ राष्ट्रिय समिति नेपालको अन्तिम प्रतिवेदनमा उद्धृत )

***नेपाल वैधानिक कानून (२००४),*** नेपाल सरकार कानून किताब व्यवस्था समिति, काठमाडौं ।

**नेपाल अधिराज्यको संविधान (२०१५**), नेपाल सरकार कानून किताब व्यवस्था समिति, काठमाडौं ।

*नेपालको संविधान (२०१९),* नेपाल सरकार कानून किताब व्यवस्था समिति, काठमाडौं ।

*नेपाल अधिराज्यको संविधान (२०४७),* नेपाल सरकार कानून किताब व्यवस्था समिति, काठमाडौं ।

*नेपालको अन्तरिम संविधान (२०६३),* नेपाल सरकार कानून किताब व्यवस्था समिति, काठमाडौं ।

*नेपाल स्वास्थ्य सेवा ऐन* (२०५३), नेपाल सरकार कानून किताब व्यवस्था समिति, काठमाडौं ।

*नेपाल कानुन पत्रिका* (२०५२) अङ्क ६ निर्णय नम्बर ६०१३, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानुन पत्रिका* (२०५३) अङ्क ७ निर्णय नम्बर ६२२३ सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०४०, पृष्ठ १००, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०४२, पृष्ठ १०४४, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०४९, पृष्ठ ६३४, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०५०, पृष्ठ ७३०, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०२७, पृष्ठ ८४, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०२९, पृष्ठ ३४८, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०५६, पृष्ठ २३६, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०४८, पृष्ठ ७४५, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०२०, पृष्ठ १, सर्वोच्च अदालत, काठमाडौं ।

*नेपाल कानून पत्रिका* २०२०, पृष्ठ २३४, सर्वोच्च अदालत, काठमाडौं ।

*नागरिक अधिकार ऐन* २०१२, कानून किताब व्यवस्था समिति, काठमाडौ ।

प्याकुरेल, सुवोधराज (१९९८), ***मानवअधिकार र मानवअधिकारको घोषणापत्र,*** काठमाडौं ।

पुन, जे.वी (२०६२), ***रातो सारीका लहर र विधवा पीडा*** (५६-५८ हिमाल खबर पत्रिका अङक १०), हिमाल मिडिया प्रा.लि. कनकमणि दीक्षित काठमाडौं ।

प्रधानाङ्ग, रजितभक्त, सिलवाल, किशोर ( २०६४) **विधिशास्त्रको सामान्य रूपरेखा,**भृकुटी एकेडेमिक पब्लिकेशन, काठमाडौं ।

फुँयाल, विमलकुमार (२०६२), ***नेपाली भद्रलोक र एकल महिला हिमाल खबर पत्रिका,*** हिमाल मिडिया प्रा.लि कनकमणि दीक्षित, काठमाडौं ।

लम्साल, नारायणप्रसाद (२०५४), ***विधिशास्त्र को सामान्य परिचय, रत्नपुस्तक भण्डार,काठमाडौ***

***लैङ्गिक समानता तथा महिला सशक्तिकरण, राष्ट्रिय कार्ययोजना (२०६१),*** महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

***वृहत नेपाली शब्दकोष*** (२०४०), काठमाडौं ।

*बेसिक फ्याक्टस एभाउट द यूनाइटेड नेशन (१९९८),* यूनाइटेड नेशन डिपार्टमेन्ट अफ पब्लिक इर्नर्फमेशन न्यूयोर्क

व्यासिक प्थाक्टस एवाउट युनाइटेड नेसन्स, (१९९८), ***युनाइटेट नेसन, डिपार्टमेन्ट अफ पब्लिक इन्फरमेसन,*** न्यूयोर्क

***बोसलाइन स्टडी अन इनहेरिटेन्स राइटस अफ ओमन*** (२०००), फोरमफर ओमन ल एण्ड डेभ्लोफेन्ट, काठमाण्डौं

***बोनस ऐन,*** (२०३०), नेपाल सरकार कानून किताब व्यवस्था किताब व्यवस्था समिति, काठमाण्डौं

***बैदेशिक रोजगार ऐन*** (२०४२), कानून किताब व्यवस्था समिति, काठमाण्डौं

***बेटेइन एण्डर*** (२००२), सोसोलोजि एसेज अन एप्रोज एण्ड मेथड

बेइजिङ्ग सम्मेलनमा प्रस्तुत प्रारम्भिक प्रतिवेदन (१९९९), नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

भासिन, कमला(२००३), ***अन्डरटेन्डिङ्ग जेन्डर,*** न्यू डिल्ली : ब्रु मेन अनलिमिटेड

***भूमि सम्बन्धी ऐन*** (२०२१), कानून किताब व्यवस्था समिति, काठमाण्डौं

भण्डारी, राजेन्द्रकुमार (२०६२), ***कानून र समाजका कसिमा विधवाको पिडा र साम्पत्तिक हक*** (३३-३५) कानून, अंक ५२, कानून व्यवसायी क्लव काठमाण्डौं

मानवअधिकार आयोग ऐन (२०५३), ***कानून किताब व्यवस्था समिति,*** काठमाण्डौं

***महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी १९७९,*** सेड काठमाण्डौं

***महिला विरुद्धका भेदभाव पूर्ण कानून र यसबाट महिलालाई परेको असर*** (वकालत पत्र) महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, लैङ्गिक समताको मुलप्रवाहिकरण कार्यक्रम संयुक्त राष्ट्रसंघइी विकास कार्यक्रम काठमाण्डौं

***महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी सम्बन्धी सुचनाको संगालो,*** लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रम नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय काठमाण्डौ

**मु.ऐन ११ औं शंसोधन (२०५८)** नेपाल सरकार कानून किताव व्यवस्था समिति, काठमाडौं

***महिलाका विरुद्ध हुने सबै भेदभावको उन्मुलन सम्बन्धि महासन्धि (१९६९)*** संयुक्त राष्ट्रसंघ, न्यूयोर्क

***मानव अधिकारको विश्वव्यापी घोषणा पत्र (१९४८),*** सयुक्त राष्ट्र सङ्घ न्यूयोर्क ।

***मेघाडर्न भ्यालेन्टाइन (२००५),*** मोडर्ननाइजिङ्ग ओपन जेन्डर एण्ड सोसिएल चेन्ज, यू.एस.ए. लाइन राइनट पब्लिसर्स ।

***युनिभर्सल डिक्लारेसन अफ ह्यूमन राइटस,*** (१९४८), यु.एन.ओ.न्यूयोर्क ।

**यु.एन.ओ. चार्टर** (१९४५), ***संयुक्त राष्ट्रसङ्घको वडापत्र (१९४५) यु.एन.ओ.,संयुक्त राष्ट्रसङ्घ,*** न्यूयोर्क ।

***राष्ट्रिय समितिको अन्तिम प्रतिवेदन,*** मानवअधिकार वर्ष १९९८ मानवअधिकार वर्ष १९९८ राष्ट्रिय समितिको सचिवालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय काठमाडौं ।

रेग्मी, डिल्लीराम (१९६९), ***एनीसेन्ट नेपाल,*** काठमाडौं ।

राष्ट्रिय कार्य योजना (२०६१), महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरबार काठमाडौं ।

राण्डर कोलिन्स (१९९७), **थेरीटिकल सोसोलोजि**, जयपुर भारत ।

***सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तरराष्ट्रिय महासन्धि १९६५*** (राष्ट्रिय समिति नेपालको अन्तिम प्रतिवेदनमा १९९८) ।

सिंह,इन्द्रजित (१९८४) **विधिशास्त्र** ल एजेन्सी प्रकाशन भारत (हिन्दी) ।

***सैनिक ऐन*** (२०१६), कानून किताब व्यवस्था समिति, काठमाडौं ।

संयुक्त राष्ट्रसङ्घका आधारभूत तथ्यहरू १९९८, ***सार्वजनिक सूचना विभाग,*** पुलचोक काठमाडौं ।

सन्धी ऐन २०४७, ***कानून किताब व्यवस्था समिति,*** काठमाडौं ।

***संयुक्त राष्ट्र संघको वडापत्र (१९४५),*** सयुक्त राष्ट्र सङ्घ न्यूयोर्क ।

***सर्वोच्च अदालत बुलेटिन,*** पृष्ठ २२९ अङ्क ७, सर्वोच्च अदालत काठमाडौं ।

शाह ऋषिकेश (१९९२), ***प्राचीन र मध्यकालीन नेपाल,*** दिल्ली भारत ।

शाह, ऋषिकेश (१९९२), ***ऐन्सेन्ट एण्ड मेडिएभल नेपाल,*** न्यू डिल्ली इन्डिया ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०५४), ***हिन्दूविधिशास्त्र र नेपालको कानूनी इतिहास,*** पैरवी प्रकाशन काठमाडौं ।

***श्रम ऐन*** (२०४८), कानून किताब व्यवस्था समिति, काठमाडौं ।

त्रिपाठी, दिनेश (२०४६),***अन्तरराष्ट्रिय कानूनको सन्दर्भमा मानवअधिकार,*** पाठ्यसामाग्री, काठमाडौं ।

# परिशिष्ट - १

## <u>अनुसूची</u>

## कास्की जिल्ला ढिकुर पोखरी गा.वि.स., ठूलाचौरका ब्राह्मण महिलाहरूको सामाजिक तथा साम्पत्तिक अवस्था ।

**अध्ययनकर्ता : कपिलमणि दाहाल**
**समाजशास्त्र/मानवशास्त्र विभाग, पृ.ना. क्याम्पस, पोखरा**

उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक विवरण

| नाम थर | उमेर | वडा | पारिवारिक सङ्ख्या | | | घरमुलीको नाम | धर्म | शिक्षा | पेशा | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छोरा | छोरी | जम्मा | | | | | | | | | | |
| | | | | | | | | | कृषि | व्यापार | शिक्षण | गृहिणी | राजनीति | अध्ययन | |

प्र.१) तपाइँ परिवारबाट छुट्टिभिन्न हुनुभएको छ ?
क) छु ( ) ख) छैन ( )

प्र.२) छुट्टिनु भएको हो भने कहिले ?
क) वि.सं...............................................................................

प्र.३) भिन्न बस्दा र सगोल बस्दाको अनुभव तथा स्तरमा फरक पाउनुभयो ? भएन ?
क) पाएँ ( ) ख) पाइनँ ( )

प्र.४) तपाईले आफ्नो नाममा कुनै बैंक खाता खोल्नु भएको छ ?
क) छु ( ) ख) छैनँ ( )

प्र.५) लैङ्गिक समानताको बारेमा जानकारी छ ?
क) छ ( ) ख) छैनँ ( ) ग) थाहा छैन ( )

प्र.६) सम्पत्ति प्राप्तिका लागि कुनै मुद्दा गर्नु भएको छ ?
क) छु ( ) ख) छैनँ ( )

प्र.७) तपाईंले कुनै पैतृक अचल सम्पत्ति पाउनु भएको छ ?
क) छु ( ) ख) छैनँ ( )

प्र.८) तपाईले आफ्नो नाउँको चल सम्पत्ति आफू खुशी व्यवहार गर्नु पाउनुहुन्छ ?
क) पाउँछु ( ) ख) पाउँदिन ( )
ग) आफ्ना नाउँमा चल सम्पत्ति छैन ( ) घ) थाहा छैन ( )

प्र.९) तपाईंको नाउँमा कति अचल सम्पत्ति छ ? भए खेतबारी, पाखो, खरबारी कति होला ?
.................. रोपनी

प्र.१०) तपाइँसँग दान बकशबाट प्राप्त कुनै अचल सम्पत्ति छ ?
क) छ ( ) ख) छैन ( )

प्र.११) तपाइँसँग अपुतालीबाट प्राप्त सम्पत्ति छ ?
क) छ ( ) ख) छैन ( )

प्र.१२) तपाइँसँग धर्मपुत्रीका माध्यमबाट प्राप्त सम्पत्ति छ ?
क) छ ( ) ख) छैन ( )

प्र.१३) तपाइँ सामान्यतया बिहान कति बजे उठ्नुहुन्छ ?
क) ५ बजे भन्दा पहिले ( ) ख) ५ बजे ( )
ग) ६ बजे ( ) घ) ६ बजेपछि ( )

प्र.१४) तपाइँ कति बजे सुत्नुहुन्छ ?
क) आठबजे ( ) ख) नौबजे ( )
ग) दश बजे ( ) घ) दशबजेपछाडि ( )

प्र.१५) तपाइँ काम गर्नुहुन्छ ?
क) कृषिकार्य ( ) ख) व्यापार ( ) ग) स्वरोजगारी ( )
घ) गृहणी ( ) ङ) गृहिणी /घरेलु ( ) च) राजनीति ( )
छ) सरकारी जागीर ( )

प्र.१६) चल/अचल सम्पत्तिको भोगचलन बिक्रीव्यहारमा घरमुलीले तपाइँसँग कुनै सल्लाह लिनुहुन्छ ?
क) लिनुहुन्छ ( ) ख) लिनुहुन्न ( )
ग) अलिअलि लिनुहुन्छ ( ) घ) थाहा छैन ( )

प्र.१७) बिक्री व्यवहार गर्दा सल्लाह लिनुपर्छ वा पर्दैन ? के ठान्नुहुन्छ ?
क) लिनुपर्दछ ( ) ख) लिनुपर्दैन ( )

प्र.१८) तपाइँको विचारमा महिलाको साम्पत्तिक अधिकार र पहुँचमा विभेदकारी कानूनको प्रभाव छ ?
क) छ ( ) ख) छैन ( ) ग) थाहा छैन ( )

प्र.१९) महिलाको साम्पत्तिक पक्ष मजबूत बनाउन विभेदकारी कानून हटाउन पर्दछ भन्ने ठान्नुहुन्छ ?
क) ठान्दछु ( ) ख) ठान्दिन ( ) ग) थाहा छैन ( )

प्र.२०) साम्पत्तिक अधिकारका बारेमा जानकारी पाउने गरी विद्यालय शिक्षा हुन आवश्यक छ ?
क) आवश्यक देख्छु ( ) ख) आवश्यक देख्दिनँ ( ) ग) थाहा छैन ( )

प्र.२१) तपाइँको आफ्नो आर्थिक साम्पतिक हक/अधिकारका बारेमा कानूनी जानकारी राख्नुभएको छ ?
क) राखेकी छु ( ) ख) राखेकी छैन ( )
ग) आवश्यक पर्दा राख्ने/बुझ्ने गर्दछु ( ) घ) थाहा छैन ( )

प्र.२२) एकल महिला (विधवा) को अवस्था कसरी सुधार गर्न सकिने देख्नुहुन्छ ?
क) विद्यमान कानूनमा परिवर्तन गरेर ( ) ख) पितृप्रधान सोचको अन्त गरेर ( )
ग) धर्मको प्रभाव कम पारेर( ) घ) सम्पत्तिको प्रत्याभूति पारेर ( )
ङ) माथिका सबै गरेर( )

प्र.२३) भूमि अधिकारबाट वञ्चित महिलाको अधिकार स्थापित गर्न जमीनमा हक बराबरी गर्नु आवश्यक छ ?
क) छ ( ) ख) छैन ( ) ग) थाहा छैन ( )

प्र.२४) तपाइँको विचारमा पारिवारिक अचल सम्पत्ति विवाहिता महिलाको नाममा किन किनिन्छ र राखिन्छ होला ?

क) महिलालाई सम्पत्ति दिइएको छ भन्ने देखाउन( ) ग) राजस्व कम तिर्न ( )

ख) यथार्थमा नै सम्पत्ति दिने र मालिक बनाउन ( ) घ) थाहा छैन ( )

प्र.२५) महिलाका साम्पत्तिक विवाद हेर्न पारिवारिक अदालतको आवश्यक छ ?

क) छ ( ) ख छैन ( ) ग) थाहा छैन ( )

प्र.२६) तपाइँ बसेको घरको स्वामित्व कसको नाउमा छ ?

क) तपाइँको आफ्नै नाउँमा ख) लोग्ने (पति को नाउँमा

ग) अन्यको नाउँमा

प्र.२७) गाई, भैंसी, बाख्रा, कुखुरा र परेवा आदि घरपालुवा पशुधनमाथिको स्वामित्व कसको रहेको छ ।

क) तपाइँको आफ्नै ख) पारिवारिक

# समाजशास्त्रिय अध्ययन

**अध्ययनकर्ता : कपिलमणी दाहाल**

**समाजशास्त्र/मानवशास्त्र विभाग, पृ.ना. क्याम्पस पोखरा**

कृपया तलका प्रश्नहरुको उत्तर खाली ठाउँमा स्पष्टसँग भरि (रेजा चिन्ह (√) लगाइ) दिनुहोला

उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक विवरण

| नाम थर | उमेर | वडा | पारिवारिक संख्या | | | घरमुलीको नाम | धर्म | शिक्षा | पेशा | | | | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छोरा | छोरी | जम्मा | | | | कृषि | व्यापार | शिक्षण | गृहिणी | राजनीति | अध्ययन | |

प्र.१) सम्पत्ति मानविय जिवनको अपरिहार्य तत्व हो भन्ने कुरामा तपाई सहमत हुनुहुन्छ ?

क) सहमत छु  ख) सहमत छैन  ग) थाहा छैन

प्र.२) तपाई परिवारबाट छुट्टिभिन्न हुनुभएको छ ?

क) छु  ख) छैन

प्र.३) छुट्टिनु भएको हो भने कहिले ?

क)

प्र.४) भिन्न बस्दा र संगोल बस्दाको अनुभव तथा स्तरमा फरक पाउनुभयो ? भएन ?

क) पाए  ख) पाइन

प्र.५) तपाईले आफ्नो नाममा कुनै बैंक खाता खोल्नु भएको छ ?

क) छु  ख) छैन

प्र.६) तपाईको नाउँमा तल उल्लेखित कुनै चल सम्पत्ति छ ?

क) सुन  ख) चाँदी

ग) नगद  घ) अन्य

प्र.७) तपाईसँग के कति चल सुन सम्पत्ति छ ?

क) १ तोला भन्दा कम  ख) एक तोला

ग) दुई तोला  घ) तीन तोला

ङ) तीन तोला भन्दा बढि

प्र.८) तपाईको चल सम्पत्तिको श्रोत के हुन् ?

क) दाईजो ख) पेवा

ग) स्वआर्जन घ) पारिवारीक आय

प्र.९) तपाईलाई महिला मानवअधिकारको बारेमा जानकारी छ ?

क) छ ख) छैन

ग) अलि-अलि छ घ) आवश्यक परेमा जानकारी राख्दछु

प्र.१०) लैङ्गिक समानताको बारेमा जानकारी छ ?

क) छ ख) छैन

प्र.११) सम्पत्ति प्राप्तिका लागि कुनै मुद्धा गर्नु भएको छ ?

क) छु ख) छैन

प्र.१२) तपाईले कुनै पैतृक अचल सम्पत्ति पाउनु भएको छ ?

क) छु ख) छैन

प्र.१३) तपाईले आफ्नो नाउँको चल सम्पत्ति आफु खुशि व्यवहार गर्नु पाउनुहुन्छ ?

क) पाउछु ख) पाउदिन

ग) आफ्ना नाउँमा चल सम्पत्ति छैन घ) थाहा छैन

प्र.१४) त्यसरी प्राप्त सम्पत्ति केका लागि खर्च गर्नुहुन्छ ?

क) पारिवारीक खर्च ख) व्यक्तिगत खर्च

ग) पठनपाठन खर्च घ) अन्य

प्र.१५) तपाईले आफ्नो स्वामित्वमा रहेको अचल सम्पत्ति आफुखुशि व्यवहार गर्नु पाउनुहुन्छ ?

क) पाउछु ख) पाउदिन

ग) आफ्ना नाउँमा अचल सम्पत्ति छैन घ) थाहा छैन

प्र.१६) तपाईले आफ्नो अंश लिनुभएको छ ?

क) लिएकी छु ख) लिएकी छैन

प्र.१७) तपाईको नाउँमा कति अचल सम्पत्ति छ ? खेतबारी, पाखो, खरबारी

क)

प्र.१८) तपाईसँग दान बकशबाट प्राप्त कुनै सम्पत्ति छ ?

क) छ ख) छैन

प्र.१९) तपाईसँग अपुतालीबाट प्राप्त सम्पत्ति छ ?

क) छ ख) छैन

प्र.२०) तपाईसँग धर्मपुत्रीका माध्यमबाट प्राप्त सम्पत्ति छ ?

क) छ ख) छैन

प्र.२१) तपाई सामान्यतया बिहान कतिबजे उठ्नुहुन्छ ?

क) ५ बजे भन्दा पहिले ख) ५ बजे

ग) ६ बजे घ) ६ बजेपछि

प्र.२२) तपाई कतिबजे सुत्नुहुन्छ ?

क) आठबजे ख) नौबजे

ग) दश बजे घ) दशबजे पछाडि

प्र.२३) तपाई के काम गर्नुहुन्छ ?

क) कृषिकार्य ख) व्यापार ग) स्वरोजगारी

घ) गृहणी ङ) गृहिणी /घरेलु च) राजनीति

छ) सरकारी जागिर

प्र.२४) चल/अचल सम्पत्तिको भोगचलन बिक्री व्यहारमा घरमुलीले तपाईसँग कुनै सल्लाह लिनुहुन्छ ?

क) लिनुहुन्छ ख) लिनुहुन्न

ग) अलिअलि लिनुहुन्छ घ) थाहा छैन

प्र.२५) निर्णय लिनुपर्दा कस्ता कुराहरुमा निर्णय लिनुपर्दछ ?

क) घरव्यवहार ख) लेनदेन

ग) स्वास्थ्य घ) सामाजिक कार्य

प्र.२६) बिक्री व्यवहार गर्दा सल्लाह लिनुपर्छ वा पर्दैन ? के ठान्नुहुन्छ ?

क) लिनुपर्दछ ख) लिनुपर्दैन

प्र.२७) तपाईको विचारमा महिलाको सम्पत्ति सम्बन्धि अधिकार सुदृढ र सुरक्षित नहुनाको कारण के हुन् ?

क) पुरुषप्रधान समाज ख) महिलालाई सम्पत्ति दिनुहुन्न भन्ने मान्यता

ग) सम्पत्ति लिइ अर्को विवाह गर्ने भन्ने डर

घ) सम्पत्तिको सुरक्षा गर्न सक्दैनन् भन्ने मान्यता

ङ) माथिका सबै कारण

प्र.२८) महिलाको साम्पत्तिक अवस्था कमजोर हुनाका पछाडि के के पक्ष जिम्मेवारी छन् ?

क) कानुनी व्यवधान/ असमान कानुन ख) व्यवहारिक व्यवधान

ग) पितृसत्तात्मक समाज घ) सबै

प्र.२९) तपाईको घर व्यवहार चलाउने मूख्य मानिस को हुनुहुन्छ ?

क) तपाई आफैं ख) श्रीमान/लोग्ने

ग) ससुरा/बाजे घ) सासु/बज्यै

ङ) छोरा छ) बाबुआमा

प्र.३०) चल सम्पत्तिको दैनिक व्यवहार कसले गर्नुहुन्छ ?

क) तपाई आफैं ख) श्रीमान/लोग्ने

ग) दुवैजना घ) ससुरा

ङ) छोरा च) बुबा

प्र.३१) तपाईको विचारमा महिलाको साम्पत्तिक अधिकार र पहुँचुमा विभेदकारी कानूनको प्रभाव छ ?

क) छ ख) छैन ग) थाहा छैन

प्र.३२) महिलाको साम्पत्तिम पक्ष मजबुद बनाउन विभेदकारी कानून हटाउन पर्दछ भन्ने ठान्नुहुन्छ ?

क) ठान्दछु ख) ठान्दिन ग) थाहा छैन

प्र.३३) सम्पत्तिमा महिला पुरुष बिच बराबरी हक रहने कानुनी र व्यवहारिक दुवै व्यवस्था हुनुपर्दछ भन्ने ठान्नुहुनछ ? तपाईको विचार ?

क) पर्दछ ख) पर्दैन ग) थाहा छैन

प्र.३४) तपाईको बिचारमा महिलाको साम्पत्तिक अधिकारको बारेमा जानकारी पाउनु भएको छ ? छैन भने कुन पक्षमा ध्यान पुऱ्याउनुपर्ने देख्नुहुन्छ ?

क) आफै सचेत रहनुपर्दछ ख) अनिवार्य कानूनी शिक्षा पाउनुपर्दछ

ग) प्रसार प्रचार हुनुपर्दछ घ) तालिमको व्यवस्था हुनुपर्दछ

ङ) थाहा छैन

प्र.३५) साम्पत्तिम अधिकारका बारेमा जानकारी पाउने गरी विद्यालय शिक्षा हुन आवश्यक छ ?

क) आवश्यक देख्छु ख) आवश्यक देख्दिन

ग) थाहा छैन

प्र.३६) श्रीमान/श्रीमती दुवैका नाउँमा बराबरी सम्पत्ति रहने कानूनी तथा व्यवहारिक व्यवस्था भएमा सम्पत्तिमा पहुँच पुग्न सक्छ ।

क) सक्छ ख) सक्दैन ग) थाहा छैन

प्र.३७) महिलाको आर्थिक अवस्थालाई सुधार्न के गर्नुपर्दछ ?

क) विभेदकारी कानून हटाउने

ख) चल/अचल सम्पत्तिमा महिला/पुरुष बिच बराबरी व्यवस्था गर्ने

ग) गृहणी कार्यको आर्थिक महत्व दिने

घ) माथिका सबै गर्ने

ङ) थाहा छैन

प्र.३८) तपाईको आफ्नो आर्थिक साम्पतिक हक/अधिकारका बारेमा कानुनी जानकारी राख्नु भएको छ ?

क) राखेकी छु ख) राखेकी छैन

ग) आवश्यक पर्दा राख्नु बुझ्ने गर्दछु घ) थाहा छैन

प्र.३९) महिलाको साम्पत्तिक हक/अधिकारका बारेमा भएका विद्यमान असमान नेपाली कानूनप्रति तपाई सन्तुष्टी हुनुहुन्छ ?

क) पूर्ण सन्तुष्टी छु ख) अलिअलि सन्टुष्टी छु

ग) असन्तुष्ट छु घ) पूर्ण असन्तुष्ट छु

प्र.४०) तपाइको बिचारमा महिला पछाडी पर्नुका कारण मध्ये सम्पत्ति पहुँच नहुनु जिम्मेवारको कारण मूल रुपमा हो ?

क) हो ख) होइन ग) थाहा छैन

प्र.४१) साम्पत्तिक विभेद हुनुमा विद्यमान प्रथा, परम्परा, धर्म, संस्कृति पनि जिम्मेवार ठान्नुहुन्छ ?

क) ठान्छु ख) ठान्दिन ग) थाहा छैन

प्र.४२) एकल महिला (विधवा) को अवस्था कस्तो देख्नुहुन्छ ?

क) विद्यमान कानुन परिवर्तन गरेर ख) पितृप्रधान सोचको अन्त गरेर

ग) धर्मको प्रभाव कम पारेर घ) माथिका सबै गरेर

प्र.४३) भूमि अधिकारबाट बञ्चित महिलाको अधिकार स्थापित गर्न जमिनमा हक बराबरी गर्नु आवश्यक छ ?

क) छ ख) छैन ग) थाहा छैन

प्र.४३) तपाईको विचारमा पारिवारीक अचल सम्पत्ति विवाहित महिलाको नाममा किन किनिन्छ र राखिन्छ होला ?

क) महिलालाई सम्पत्ति दिइएको छ भन्ने देखाउन

ख) यथार्थमानै सम्पत्ति दिने र मालिक बनाउने

ग)	राजस्व कम तिर्न

घ)	थाहा छैन

प्र४४) महिलाका साम्पत्तिक विवाद हेर्न पारिवारीक अदालतको आवश्यक छ ?

क)	छ	ख	छैन	ग)	थाहा छैन

प्र.४५) महिलाको साम्पत्तिक संरक्षण नहुनुमा के समस्या र चुनौती रहेका छन् ?

क)	राजनीतिक कार्यगत प्रतिवद्धताको कमि

ख)	लैङ्गिक विभेदयुक्त प्रथा प्रचलन संस्कृति

ग)	महिलाको परम्परागत भूमिकाको निरन्तरता

घ)	शिक्षा, स्वास्थ्य, राजेगार नीति निर्माणमा महिलाको सहभागिता नहुनु

ङ)	महिला अधिकारका बारेमा आर्थिक श्रोतको अपरिचालन

च)	लैङ्गिक सचेतताको अभाव हुनु

छ)	महिला मानव अधिकारको असंवेदनशिलता रहनु

ज)	सबै

प्र.४५) साम्पत्तिक अवस्था मजबुत बनाउनु कुनै सरकारी सहयोग र कार्यक्रम पाउनु भएको छ ?

क)	छु	ख)	छैन	ग)	थाहा छैन

प्र.४६) तपाईले कुनै सुपत ब्याजमा सरकारी बैंक कर्जा पाउनु भएको छ ?

क)	छु	ख)	छैन

प्र.४७) महिलाको अवस्था सुधार गर्न तपाईले के सुझाव दिनुहुन्छ ?

..........................................................................................................................

..........................................................................................................................

........................................................................................................................ ।

मिति : २०६५।